# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण प्रभावकारिता अध्ययन

नेपाल सरकार
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**
सिंहदबार, काठमाडौं नेपाल
२०८१

# भूमिका

मानव बेचबिखन तथा ओसारपसार बहुआयामिक, बहुक्षेत्रगत एवं विश्वव्यापी समस्याको रुपमा रहेको छ। अशिक्षित, आर्थिक तथा सामाजिक रुपमा विपन्न वर्ग विशेष गरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार बढी हुने गरेको छ। मानव बेचबिखन तथा ओसारपसार मानवता विरुद्धको जघन्य अपराध हो। प्रविधिको विकाससँगै मानव बेचबिखनका स्वरुप र आयामहरुमा परिवर्तन भइरहेको छ। खुला सिमानाका कारण यस्ता प्रकृतिका अपराधमा संलग्नहरुले गरिबी र पछौटेपनको फाइदा उठाईरहेका छन्। यस किसिमका जघन्य अपराधमा संलग्न व्यक्तिहरलाइ कानूनको दायरामा ल्याई पीडितलाई न्याय दिने कार्य झनझन चुनौतिपूर्ण हुँदैछ। विगतमा छिमेकी देशमा यौन शोषणका लागि मानव बेचबिखन गर्ने प्रवृति रहेको थियो भने वर्तमानमा आन्तरिकका अतिरिक्त वैदेशिक रोजगारीसँगै मुख्यतया खाडी राष्ट्रहरुमा विभिन्न स्वरुप र प्रक्रियाबाट मानव बेचबिखनका घटनाहरु भइरहेका छन्। यौन शोषण, दासता, मानव अंग प्रत्यारोपण, जोखिमपूर्ण कार्य, मनोरञ्जन, वैदेशिक रोजगारी, तथा घरेलु कामदार लगायतका कार्यहरुको लागि महिला तथा बालबालिकाहरुको बेचबिखन हुने गरेको पाइन्छ। द्वन्द्व, प्राकृतिक प्रकोप तथा विपत्ति लगायतका असहज परिस्थितिले आफ्नो बासस्थानबाट बिस्थापित हुन पुगेका महिला तथा बालबालिकाहरु बेचबिखनमा पर्न सक्ने हुँदा यस्तो असहज परिस्थितिमा थप सजग हुनुपर्ने देखिन्छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विभिन्न सरकारी एवम् गैरसरकारी संस्था र निकायहरुसँग समन्वय र सहकार्य गरिरहेको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आ. व. २०८१।८२ को वार्षिक कार्यक्रममा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण प्रभावकारिता अध्ययन गर्ने कार्यक्रम रहेकोमा आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय कीर्तिपुरले स्थलगत अध्ययनका आधारमा यो प्रतिवेदन तयार गरेको छ। यस अध्ययन प्रतिवेदनमा मुख्यतः मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसँग सम्बद्ध विभिन्न सरकारी निकाय, गैरसरकारी संस्थाका साथै अधिकतम रुपमा प्रभावित स्थानीय तहका पीडित/प्रभावित एवम् जोखिमउन्मुख समूहसँग प्रश्नोत्तरका माध्यमबाट प्राथमिक तथ्यांक संकलन गरी तयार गरिएको छ।

यो अध्ययन प्रतिवेदन नीति निर्माताका अतिरिक्त यस क्षेत्रका सरोकारवाला सबैलाई नीति निर्माण गर्न, कार्यक्रम कार्यान्वन गर्न सहयोगी हुनेछ। साथै विद्यार्थी, सोधकर्ता लगायत सरोकावालाका लागि प्रस्तुत प्रतिवेदन उपयोगी हुने विश्वास मन्त्रालयले लिएको छ। प्रतिवेदन तयारीका क्रममा विभिन्न माध्यमबाट सहयोग पुर्‍याउने सबैमा हार्दिक धन्यवाद।

**नेपाल सरकार**
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**
**सिंहदरबार, काठमाडौं, नेपाल**

# विषयसूची

| | |
|---|---|
| प्रतिवेदन सारांश | १ |
| **परिच्छेद एक** | |
| प्रतिवेदन सारांश | ५ |
| **परिच्छेद दुई** | |
| पूर्व कार्यको समीक्षा | १५ |
| **परिच्छेद तीन** | |
| सामाजिक–आर्थिक विशेषता | २५ |
| **परिच्छेद चार** | |
| मानव बेचबिखन तथा ओसारपसारको वर्तमान अवस्था, कारण, स्वरुप र माध्यमहरु | ३३ |
| **परिच्छेद पाँच** | ६२ |
| व्यक्ति/वर्ग/समुदाय पहिचान, उद्धार, पुनःस्थापना र सहायता कार्यक्रम | |
| **परिच्छेद छ** | |
| न्यायमा पहुँच | ७९ |
| **परिच्छेद सात** | |
| योजना, कार्यक्रमको पहिचान, नियन्त्रणका उपाय र सरोकारवालाहरुको भूमिका | ८६ |
| **परिच्छेद आठ** | |
| निष्कर्ष, चुनौती र सुझाव | ९४ |

# प्रतिवेदन सारांश

मानव बेचबिखन तथा ओसारपसार एक गम्भीर तथा विश्वव्यापी समस्या हो, जसले विशेष गरि महिला, बालबालिका र कमजोर वर्गलाई असर पार्दछ। मानव बेचबिखन कार्यमा संलग्न व्यक्तिहरूले प्रलोभन, डर, त्रास वा दवावमार्फत पीडितहरूलाई बेच्ने गरेको पाइन्छ र कहिलेकाही आफन्त नै यस्तो कार्यमा संलग्न हुने गरेको पाइन्छ। नेपाल सरकारले मानव बेचबिखन नियन्त्रण गर्न विभिन्न कानूनी र संस्थागत प्रयासहरू गर्दै आएको छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ लागू गरी पीडितको उद्धार, पुनःस्थापना, क्षतिपूर्ति र न्याय सुनिश्चित गर्ने प्रयास भइरहेको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँगै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, गृह मन्त्रालय, नेपाल प्रहरी र विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूले निरोध, संरक्षण, कानूनी कारवाही, पुनःस्थापना, समन्वय र सहकार्यका कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। यद्यपि घटनाहरूमा उल्लेख्य मात्रामा कमी आएको देखिंदैन। त्यसैले, मानव बेचबिखन रोकथामका लागि नीतिगत सुधार, कानूनी सुदृढीकरण, अध्ययन/अनुसन्धान, र लक्षित वर्गसम्म प्रभाव पर्ने कार्यक्रमहरू सञ्चालन गर्नु अत्यावश्यक छ।

यस अध्ययनको मुख्य उद्देश्यहरूमा मानव बेचबिखन तथा ओसारपसार हुनुका वास्तविक कारण, स्वरूप र माध्यमहरूको पहिचान गर्ने, मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्ति/वर्ग/समुदायको हालको अवस्थाको विश्लेषण तथा समीक्षा गर्ने, मानव बेचबिखनमा संलग्न विभिन्न पक्षहरूको भूमिका अध्ययन र समीक्षा गर्ने, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि ठोस नीति, योजना र कार्यक्रमको पहिचान तथा सिफारिस गर्ने रहेको छ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण अध्ययनका लागि विवरणात्मक र विश्लेषणात्मक अध्ययन विधि प्रयोग गरिएको छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण प्रभावकारिता अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरू प्राथमिक र द्वितीय स्रोतहरूबाट सङ्कलन गरिएको छ। मुलतः प्राथमिक स्रोतबाट सङ्कलन गरिएका तथ्याङ्कहरूको आधारमा अध्ययनको विश्लेषण गरिएको छ ।

प्राथमिक तथ्याङ्क सङ्कलनका लागि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण प्रभावकारिता अध्ययनको उद्देश्यहरू समेट्ने गरि सबै प्रदेशको प्रतिनिधित्व हुने गरि मानव बेचबिखन तथा ओसारपसार प्रभावित जिल्लाहरूबाट बढी प्रभावित ४२ स्थानीय तहहरू छनोट गरिएको छ। छनोट भएका प्रदेश, जिल्ला र स्थानीय तहका मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावित र जोखिमसम्मुख व्यक्तिहरूको लागि Snowball Sampling छनोट विधिको प्रयोग गरि जम्मा ७२५ नमूना संकलन गरिएको छ। गुणात्मक तथ्याङ्क संकलनको लागि स्थानीय तहका जनप्रतिनिधिहरू, संघीय सरकार तथा प्रदेश मन्त्रालयका महाशाखा/शाखा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति, जिल्ला सरकारी वकिलको कार्यालय, जिल्ला प्रहरी कार्यालय र गैर सरकारी संस्थाहरूबाट सङ्कलन गरिएको छ। साथै, अन्य जानकारीहरू समूह केन्द्रित छलफल,

पत्रकार, नीतिगत तहका कर्मचारी तथा अन्य सरोकारवालासँगको अन्तरक्रियाबाट गुणात्मक विधिबाट जम्मा ११६ जनासँग सूचना सङ्कलन गरिएको छ।

यस अध्ययनले नेपालमा मानव बेचबिखन गहिरो सामाजिक तथा आर्थिक जटिलता र असमानताको परिणाम स्वरूप उत्पन्न भएको गम्भीर समस्या देखाएको छ। वैदेशिक रोजगारीको सपना देखाउँदै मानव बेचबिखनमा संलग्न व्यक्तिहरूले झूटा आश्वासन दिई मानिसहरूलाई फसाउने गरेको पाइन्छ। पीडितहरूलाई आन्तरिक र बाह्य रूपमा वर्गीकृत गरिएको छ, जहाँ देशभित्र मानव बेचबिखनमा परेका आन्तरिक पीडितहरू प्रायः मनोरञ्जन क्षेत्रमा जबर्जस्ती श्रम र यौन शोषणमा परेको देखिन्छ भने विदेशमा मानव बेचबिखनमा परेका बाह्य पीडितहरूलाई विभिन्न क्षेत्रमा फरक फरक कार्यमा लगाउने गरेको पाइन्छ। मानव बेचबिखनको दृष्टिकोणमा विशेषतः किशोरीहरू तथा सम्बन्ध विच्छेद भएका महिलाहरू बढी जोखिममा रहेको पाइन्छ।

गरिबी, बेरोजगारी, शिक्षाको कमी, लैङ्गिक भेदभाव र सामाजिक असमानता जस्ता कारणले विशेष गरि ग्रामीण तथा पीछडिएका क्षेत्रका महिला, बालबालिकाहरू बढी प्रभावित भएको पाइएको छ। नेपालमा मानव बेचबिखनको समस्या बहुआयामिक छ, जसमा खुला सीमाना, मानव बेचबिखनका दलालहरूको सक्रीयता र वैदेशिक रोजगारीप्रतिको मोह प्रमुख कारक रहेको पाइन्छ। प्रदेशगत रूपमा बागमती प्रदेश र जिल्लागत रूपमा विशेषतः मकवानपुर र सिन्धुपाल्चोक जिल्ला बढी प्रभावित छन्। मानव बेचबिखनको जोखिम बढाउने मुख्य कारकका रूपमा घरायसी झगडा, पारिवारिक मेलमिलापको कमी लगायत रहेको पाइन्छ ।

परम्परागत रूपमा मुख्यतः महिलाहरू र बालबालिकाहरू भारतमा यौन शोषणका लागि बेचबिखनमा पर्ने गरेकोमा पछिल्लो समय खाडी मुलुक, मलेसिया, अफ्रिका, युरोप, चीनसम्म फैलिएको पाइन्छ साथै पुरुषहरू पनि श्रम शोषण, मानव अंग बेचबिखन जस्ता कार्यका लागि बेचबिखनमा पर्ने गरेको पाइन्छ। मानव बेचबिखनका नयाँ स्वरूपहरूमा अनलाइन ट्राफिकिङ, झुटो विवाह, बाल यौनशोषण, र मानव अंग बेचबिखन प्रमुख छन्, जसको मूल कारण प्रविधिको दुरुपयोग, जनचेतनाको अभाव र राज्य संयन्त्रको कमजोरी हो। बाह्य बेचबिखनका लागि सीमापार गराउने मुख्य नाकाका रूपमा हवाई मार्ग तथा सडक नाकाहरू सुनौली, रक्सौल, गड्डाचौकी लगायत प्रयोग हुने गरेको पाईएकोछ।

नेपालमा गरिबी, बेरोजगारी, अशिक्षा, लैङ्गिक विभेद र सामाजिक पूर्वाग्रह जस्ता संरचनात्मक समस्याहरूका कारण विशेष गरि सीमावर्ती, ग्रामीण र सीमान्तकृत समुदायका व्यक्तिहरू मानव बेचबिखनको उच्च जोखिममा परिरहेका छन्। यस्ता समस्याले महिला, किशोरी, बालबालिका साथै दलित जनजाति समुदायका सदस्यहरू बेचबिखनको जोखिममा पार्ने गरेको देखिन्छ। स्थलगत सर्वेक्षणका आधारमा हेर्दा अधिकांश पीडितहरू किशोरावस्था वा युवा अवस्थामै बेचबिखनमा परेका छन्, जसले पीडितहरूमा दीर्घकालीन मनोसामाजिक असर पार्नुका साथै उनीहरूको सामाजिक पुनःस्थापना मुख्य चुनौतीको रूपमा रहेको पाइन्छ।

उद्धार प्रक्रियामा प्रहरी, गैर सरकारी संस्था, आफैं उम्किने पीडितहरू र कुटनीतिक नियोगहरूको उल्लेखनीय भूमिका देखिए तापनि प्रक्रियागत जटिलता, स्रोतको अभाव र कमजोर समन्वयका कारण उद्धार तथा पुनःस्थापनाको प्रयासहरू अपेक्षित रूपमा प्रभावकारी बन्न सकेका छैनन्। उद्धार गरिएका महिलाहरूले उजुरी गर्न हिच्किचाउने र उजुरी दिएपछि पनि पुनः सम्पर्कमा नआउने प्रवृत्तिले कानून कार्यान्वयनको प्रक्रियालाई कमजोर बनाएको छ। केही घटनाहरूमा व्यक्तिगत रिसिइबीका आधारमा गरिएका फेक उजुरीका कारण अनुसन्धानमा थप कठिनाइ देखिएको छ।

पुनःस्थापनाको मूल उद्देश्य पीडितलाई आत्मनिर्भर बनाउनु हो। यस सन्दर्भमा गोपनीयता तथा सीप तालिमका पक्षहरू सन्तोषजनक देखिए पनि बीऊ पूँजी, औपचारिक शिक्षा र कानूनी सेवाप्रति असन्तुष्टि रहेको पाइन्छ। सरकारी पुनःस्थापनाका प्रयासहरू स्रोत, दक्ष जनशक्ति र समन्वयको अभावका कारण सीमित बनेका छन् भने अन्तर्राष्ट्रिय उद्धार प्रक्रियामा बहुस्तरीय प्रशासनिक प्रक्रियाहरूले चुनौती थपेको छ ।

गुणात्मक विश्लेषणबाट प्रहरी र गैरसरकारी संस्थाबीच समन्वय र सहकार्यमा वृद्धि, स्थानीय तहमा (सेफ हाउसको) आवश्यकता, बजेटको सुनिश्चितता, प्रभावकारी नीति निर्माण र सामाजिक पुनःस्थापनामा स्वीकार्यताको अभाव स्पष्ट देखिएको छ। त्यस्तै, सीमा क्षेत्रमा प्रविधिको अभावले निगरानी प्रणाली कमजोर बनाएको छ, जसले मानव बेचबिखन नियन्त्रणमा थप चुनौती देखाएको छ। समग्रमा, मानव बेचबिखन नियन्त्रणका लागि बहुआयामिक रणनीति, अन्तरसंस्थागत समन्वय, कानूनी तथा सामाजिक संरचनाको सुदृढीकरण, शीघ्र उद्धार, पुनःस्थापना, कानूनी सहायता र सार्वजनिक सचेतनाको सशक्त अभियान अपरिहार्य देखिन्छ ।

नेपालमा मानव बेचबिखनको समस्या समाधानका लागि प्रभावकारी न्याय प्रणाली र न्यायमा पहुँचको सुनिश्चितता आवश्यक छ। यद्यपि संविधान, ऐन/नियम र अन्तर्राष्ट्रिय सन्धीहरूले कानूनी आधार प्रदान गरे पनि व्यवहारमा पीडितहरू सामाजिक, आर्थिक र प्रक्रियागत अवरोधका कारण न्यायसम्म पुग्न सकिरहेका छैनन्। केवल २७ प्रतिशत पीडितले मात्र उजुरी दिएका छन् र थोरै मात्रले अदालतबाट न्याय  पाएका छन्। पीडितहरूले उजुरी गर्न हिच्किचाउने कारणहरूमा कानूनी अज्ञानता, सामाजिक डर र झन्झटिलो कानूनी प्रक्रिया प्रमुख रहेको पाइन्छ। साथै, मुद्दा दर्ता, अनुसन्धान र सजायमा ढिलाइ, राजनीतिक प्रभाव र अपराधीको माथिल्लो तहसम्मको पहुँचले कारवाहीमा बाधा पुर्‍याएको छ। यस्तो अवस्थामा, कानूनी सुधार, सामाजिक चेतना अभिवृद्धि र पीडितमैत्री संरचनाको विकास अपरिहार्य देखिन्छ।

मानव बेचबिखन न्यूनीकरणका लागि नेपालमा योजनाबद्ध, सहभागितामूलक र प्रमाणमा आधारित कार्यक्रम आवश्यक देखिन्छ। मानव बेचबिखनको रोकथाम, पीडितको संरक्षण तथा पुनःस्थापना र पीडकलाई कानूनी कारवाही समेतलाई समेटेर नीति निर्माण गर्नुपर्छ। यसका लागि शिक्षा, जनचेतना, आर्थिक सशक्तिकरण, सीमा निगरानी, पुनःस्थापना केन्द्र बिस्तार तथा कानून संशोधनमा प्राथमिकता दिनुपर्ने देखिन्छ। मानव बेचबिखन नियन्त्रणलाई प्रभावकारी कार्यान्वयनका लागि SIMS प्रणालीद्वारा निगरानी, स्थानीय तहसम्म समन्वय संयन्त्र र समुदायको सक्रीय सहभागिता अनिवार्य मानिन्छ ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्रममा अनेकौं कार्यगत चुनौतीहरू पनि देखा परेका छन्, जसले अनुसन्धान, प्रमाण संकलन, अभियोजन र उद्धार प्रक्रियालाई जटिल बनाइरहेको देखिन्छ । डिजिटल प्रविधिको दुरुपयोग, पीडितको सहयोगमा हिचकिचाहट, अपर्याप्त प्रमाण र आर्थिक कारोबारको अपारदर्शिता प्रमुख समस्याहरू हुन्। साथै, अनुसन्धानका लागि आवश्यक भौतिक पूर्वाधारको अभाव, कानूनी अस्पष्टता, सुपुर्दगी सन्धीको अभाव र विदेशी अभियुक्तको पहिचानको कठिनाइले प्रक्रिया थप जटिल बनाएको छ । विदेशी मुलुकहरूमा नेपाली दूतावासको कमजोर उपस्थिति र पीडितहरूको भाषागत तथा भौगोलिक जानकारीको कमीले उद्धार प्रक्रियामा ढिलाइ हुँदै आएको पाईएकोछ।

मानव बेचबिखन र ओसारपसार नियन्त्रणका लागि नीति निर्माण र कार्यान्वयन पक्षको भूमिका अत्यन्तै महत्त्वपूर्ण छ। यसका लागि नीति निर्माताहरू र कार्यान्वयन निकायलाई यस समस्याप्रति गहिरो संवेदनशीलता राखी दृढ संकल्पका साथ कार्य गर्नु आवश्यक देखिन्छ। साथै, उच्चस्तरीय समिति तथा सम्बन्धित निकायले केवल

औपचारिकताको सीमामा सीमित नभई ठोस कार्ययोजना बनाउँदै इमान्दारिताका साथ लागू गर्न जरुरी छ। मानव बेचबिखन नियन्त्रणका लागि गैरसरकारी संस्थासँग सहकार्य गर्दै स्पष्ट कार्यविधिमा आधारित कार्यक्रम सञ्चालन गर्नु अत्यावश्यक छ। पछिल्लो समय भारततर्फ घट्दै गएको मानव बेचबिखनको प्रवृत्ति खाडी मुलुकतर्फ बढिरहेको हुँदा विमानस्थल र सम्भावित गन्तव्य मुलुकहरूमा निगरानी तथा विशेष कार्यक्रमहरू सञ्चालन गर्न जरुरी देखिन्छ। कूटनीतिक नियोगहरूसँग प्रभावकारी समन्वय, श्रम सम्झौतामा पीडितको सुरक्षा सुनिश्चितताको व्यवस्था गर्ने र अन्तर्राष्ट्रियस्तरमा सूचना आदानप्रदानको संयन्त्र विकास गर्नु आवश्यक देखिन्छ।

कानूनी रूपमा मानव बेचबिखनसम्बन्धी ऐन संशोधन, अनुसन्धानको समयसीमा बिस्तार, पीडकविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा चलाउने व्यवस्था र अनुसन्धान व्युरोको विस्तारले अनुसन्धान र कारवाहीलाई बलियो बनाउँछ। साथै, पीडित केन्द्रित सेवा, सुरक्षित पुनःस्थापना, क्षतिपूर्ति, तालिम तथा रोजगारीका अवसरले पुनःस्थापनालाई प्रभावकारी बनाउँछ। यस्तै, प्रदेश तथा स्थानीय तहको भूमिका सुदृढ गर्दै उनीहरूलाई आवश्यक अधिकार, नीति र बजेटको व्यवस्था गर्नुपर्छ र डिजिटल प्रविधि, गुप्तचर संयन्त्र, सचेतना अभिवृद्धि, फेक कागजात नियन्त्रण, विदेशी अभियुक्तको प्रत्यावर्तन र सामाजिक सञ्जालमा भइरहेको आपराधिक क्रियाकलाप नियन्त्रणका लागि कानूनी तथा प्राविधिक संयन्त्र विकास गर्नुपर्छ। यसरी सबै पक्षको समन्वय, प्रतिबद्धता र प्रभावकारी कार्यान्वयनबाट मात्र मानव बेचबिखन नियन्त्रणमा सार्थक परिवर्तन सम्भव हुन्छ ।

## परिच्छेद एक

# परिचय

### १.१ पृष्ठभूमि

मानव बेचबिखन तथा ओसारपसार संगठित वा असंगठित किसिमले विश्वव्यापी रूपमा फैलिरहेको एक गम्भीर अपराध हो। देशभित्र वा देशबाहिर व्यवसायिक यौन शोषणा, श्रम शोषण, अङ्ग प्रत्यारोपण लगायत अन्य विभिन्न किसिमका शोषण गर्ने उद्देश्यले गरिने मानव बेचबिखन तथा ओसारपसारका कारण सबै लिङ्ग, उमेर र जातजातिका मानिसहरू पीडित/प्रभावित भइरहेका छन्। यसलाई आधुनिक युगको दासता पनि भन्ने गरिन्छ। यसका विभिन्न आवरण/आयामहरू छन्। कल्याण, हेरचाह, वैकल्पिक स्याहार वा धर्मपुत्र-धर्मपुत्रीका नाममा धेरै बालबालिकाहरू व्यावसायिक यौन शोषण र श्रम शोषणको शिकार हुने गरेका छन्। अतिथि सत्कार, ग्राहकको मनोरञ्जन, यौन पर्यटन आदिका नाममा महिला तथा किशोरीहरूलाई व्यावसायिक यौन शोषणमा बाँच्न बाध्य तुल्याइएको छ। यसका साथै पुरुष तथा महिलाहरू वैदेशिक रोजगार, भिजिट भिषा वा श्रम आप्रवासनका नाममा श्रम शोषणमा पर्ने गरेका छन्। धर्म, परम्परा र कानूनले निषेध गरेता पनि यौनधन्दाका लागि विभिन्न मुलुकहरूमा विभिन्न आवरणमा कोठीहरू सञ्चालनमा छन्। यसरी नै कतै विवाहको नाममा, कतै मानव अङ्ग प्रत्यारोपणको बहानामा, कतै सर्कस र मनोरञ्जन त कतै उद्योग, कृषि, घरेलु, मानवीय उद्धार वा सहायताको काममा यौन तथा श्रम शोषण गर्ने उद्देश्यले मानव बेचबिखन तथा ओसारपसारको समस्या नयाँ आयामहरू सहित दिन दिनै पेचिलो बन्दै गईरहेको अवस्था छ।

राणाकालीन नेपालमा मानव बेचबिखनका दलालहरूले भारतका विभिन्न शहरका कोठीहरूमा यौन शोषणका लागि महिला तथा किशोरीहरू र खानी, निर्माण व्यवसाय तथा कुल्लीको काममा संलग्न गराई श्रम शोषण गर्न पुरुष तथा बालकहरूको ओसारपसार गर्ने गरिएकोमा गणतान्त्रिक लोकतन्त्रको वहाली भइसक्दा पनि मानव बेचबिखन तथा मानव तस्करीका पेसेवर दलालहरूको चलखेलका कारण धेरै नेपाली नागरिकहरू देशभित्र र देशबाहिर बेचबिखनका पीडा भोग्न परेको अवस्था छ। राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन, २०७९ मा नेपालमा ४०,३०० जना मानिस बेचबिखनमा परेका र १९,१४,००० मानिसहरू बेचबिखनको जोखिममा रहेका भनी उल्लेख गरिएको छ ।[१] वर्तमानमा भारतल गायत खाडी मुलुक, पूर्व र दक्षिण पूर्व एसिया, युरोप, अफ्रिका र अमेरिकी महादेशका मुलुकहरूमा समेत वैदेशिक रोजगारी तथा भिजिट भिषामा पठाउने बहानामा धेरै नेपाली महिला तथा पुरुषहरू बेचबिखनको जोखिममा परेको अवस्था छ। अन्तरदेशीय बेचबिखन तथा ओसारपसार मात्र होइन नेपालभित्रै अनौपचारिक भनी चिनिने वयस्क मनोरञ्जन र अतिथि सत्कार लगायतका क्षेत्र जस्तै मसाज पार्लर, डान्स बार, दोहोरी साँझ, रेस्टुरेन्ट र क्याबिन लगायतका स्थानहरूमा रोजगारीका नाममा विशेष गरी महिला तथा बालिकाहरू बेचबिखनमा परेको अवस्था छ।

पुरुषको तुलनामा महिला तथा बालिकाहरू अझ धेरै यौन शोषण गर्ने उद्देश्यले गरिने बेचबिखनको जोखिममा पर्ने गरेका छन्। यसरी महिला तथा बालिकाहरू बेचबिखनमा पर्नुका पछाडि धेरै कारणहरू छन्; जस्तै शिक्षा तथा सचेतनाको कमी, बेरोजगारी, आर्थिक गरीबी, पारिवारिक बेमेल, घरेलु हिंसा, द्वन्द्व तथा पारिवारिक

१ राष्ट्रिय मानव अधिकार आयोग हरिहरभवन, ललितपुर, नेपाल, मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०७९

विखण्डन, बालविवाह, समाजमा व्याप्त लैङ्गिक तथा सामाजिक भेदभाव, सामाजिक लाञ्छना तथा बहिष्करण आदि। यसमाथि नेपाल-भारत बीचको १७५१ कि.मि. लामो खुला सीमानाले पनि बेचबिखनका दलालहरूका निम्ति महिला तथा बालबालिकालाई विभिन्न प्रलोभन पारी वा झुक्याई, डर, त्रास वा दबाबमा पारेर बेचबिखन तथा ओसारपसार गर्न सहज भइरहेको स्थिति छ। यसरी महिला तथा बालबालिकालाई बेचबिखन गर्ने मध्येका कतिपय दलालहरू गाउँघरकै छिमेकी, चिनजानका मानिस, आफन्त वा परिवारकै सदस्य रहेको र कुनै कुनै अवस्थामा अन्जान व्यक्तिसमेत रहेको पाइन्छ।

नेपालको संविधान तथा मलुकी अपराध संहिताले मानव बेचबिखनलाई फौजदारी संगीन अपराधको रूपमा स्थापित गरेको छ। यसका अतिरिक्त विशेष कानूनका रूपमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ जारी भई समय समयमा संसोधन गरिँदै आइरहेको छ। मानव बेचबिखन नियन्त्रणसम्बन्धी कानून तर्जुमा गर्नुको मुख्य उद्देश्य मुलुकमा मानव बेचबिखनको रोकथाम गर्ने; पीडितको उद्धार, न्यायमा पहुँच, क्षतिपूर्ति, पुनर्स्थापना तथा पारिवारिक/ सामाजिक पुनःएकीकरणमा सहयोग पुर्‍याउने र अपराधमा संलग्न अभियुक्तमाथि प्रभावकारी अनुसन्धान गरी मुद्दाको अभियोजनमा प्रभावकारिता ल्याउने भन्ने नै हो।

नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको छ। विशेष गरि निरोध वा रोकथाम, पीडित तथा प्रभावितहरूको संरक्षण, कानूनी कारवाही र न्यायमा पहुँच, क्षमता अभिवृद्धि र समन्वय, सहयोग तथा सहकार्यको क्षेत्रमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय निरन्तर कार्यरत छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सो मन्त्रालयसँगै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, गृह मन्त्रालय, नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान व्युरोलगायतका सरकारी निकायहरू प्रत्यक्ष रूपमा क्रियाशील छन् भने अप्रत्यक्ष रूपमा अन्य मन्त्रालय तथा निकायहरू पनि संलग्न हुँदै आएका छन्। नेपाल सरकारका विभिन्न निकायका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरू पनि मानव बेचबिखनका लागि सक्रीय रूपमा कार्यरत रहेका छन्। यद्यपि, मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूमा भने अपेक्षाकृत कमी आएको देखिंदैन। यीनै विषयहरूलाई मध्यनजर गरि मानव बेचबिखन तथा ओसारपसारका उच्च जोखिममा रहेका व्यक्ति/वर्ग/समुदायको पहिचान गरि यो अपराध हुनबाट रोक्न, पीडित/ प्रभावितहरूको संरक्षण र पुनःस्थापनामा प्रभावकारिता अभिवृद्धि गर्न, पीडकहरूलाई कानूनी दायरामा ल्याउन र पीडितलाई द्रूत न्याय दिलाउनुको साथै सरोकारवालाहरूबीच समन्वय, सहयोग र सहकार्य अभिवृद्धि गरि यस अपराधको नियन्त्रणमा नतिजामूलक कार्य गर्न मानव बेचबिखन तथा ओसापसार नियन्त्रणका उपायहरू बारे अध्ययन/अनुसन्धान गर्न आवश्यक देखिएको छ।

## १.२ अध्ययनका उद्देश्यहरू

यस अध्ययनको प्रमुख उद्देश्य मानव बेचबिखन तथा ओसारपसार विरूद्धमा बनेका नेपाल सरकारका नीति तथा कार्यक्रमहरूको आधारमा संघ, प्रदेश तथा स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अभियानलाई थप प्रभावकारी बनाई लक्षित समूहसम्म पुर्‍याई यो समस्याको निर्मूल/नियन्त्रण गर्ने उपायहरूबारे अध्ययन गरी सुझाव पेश गर्ने हो । यस सन्दर्भमा यस अध्ययनमा समेटिने विषयवस्तुहरूलाई ध्यानमा राख्दै निम्न उद्देश्यहरू तय गरिएको छ।

१. मानव बेचबिखन तथा ओसारपसार हुनुका वास्तविक कारण, स्वरूप र माध्यमहरूको हालको

अवस्थाको विश्लेषण तथा समीक्षा गर्ने,

२. मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्ति/वर्ग/समुदायको पहिचान गरि हालको अवस्थाको विश्लेषण तथा समीक्षा गर्ने,

३. मानव बेचबिखनको वर्तमान अवस्था विश्लेषण गरि संलग्न विभिन्न पक्षहरूको भूमिका अध्ययन र समीक्षा गर्ने र,

४. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि ठोस नीति, योजना र कार्यक्रमको पहिचान तथा सिफारिस गर्ने ।

## १.३ अध्ययनको आवश्यकता र औचित्य

नेपालमा विगत लामो समयदेखि सरकारी निकाय र गैर सरकारी संस्थाहरूले मानव बेचबिखन तथा ओसारपसारविरुद्ध विभिन्न कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्दै आइरहेका छन्। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५ जारी भएपश्चात राष्ट्रिय समिति, जिल्ला समिति र स्थानीय समितिहरूको गठन तथा सञ्चालन, पुनःस्थापना कोष स्थापना, पुनःस्थापना केन्द्रहरूको सञ्चालन र मानव बेचबिखन तथा ओसारपसारको रोकथाम, संरक्षण, कानूनी कारवाही, क्षमता अभिवृद्धि तथा समन्वय, सहयोग र सहकार्यको क्षेत्रमा विस्तारित रूपमा कार्यहरू भइरहेका छन्। साथै, मानव बेचबिखन विशेष गरि महिला तथा बालबालिकाको बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८-२०७८ कार्यान्वयनमा ल्याई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको कार्यलाई व्यापकता दिनुका साथै सो कार्ययोजनाको मध्यावधी मूल्याङ्कन समेत गरि कार्ययोजनाको प्रभावकारिता परीक्षण गरिएको थियो। यसका साथै मुलुकी अपराध संहिता, २०७४; बालबालिका सम्बन्धी ऐन, २०७५; बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६; वैदेशिक रोजगार सम्बन्धी ऐन, २०६४; कमैया श्रम (निषेध गर्ने सम्बन्धी) ऐन, २०५८ लगायतका कानूनले समेत मानव बेचबिखन नियन्त्रणका लागि आधार निर्माण गरेको छ। यस सन्दर्भमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका उपायहरूको अध्ययन गरि मानव बेचबिखन नियन्त्रणका थप विकल्पहरूको निर्माणमा सहयोग पुर्‍याउनसमेत यस अध्ययनले सहयोग गर्दछ। त्यसैले, मानव बेचबिखनको अवस्था विश्लेषण र नियन्त्रणमा नतिजामूलक हुने गरि अध्ययन अनुसन्धान गर्नु अत्यन्त आवश्यक छ।

उल्लेखित सन्दर्भमा मानव बेचबिखन तथा ओसारपसारविरुद्धको अभियानलाई प्रभावकारी रूपमा लक्षित समूहसम्म पुऱ्याई यसको निर्मूल/नियन्त्रण गर्ने उद्देश्यले विद्यमान अवस्थामा मानव बेचबिखन तथा ओसारपसार हुनुका वास्तविक कारण र सोको समस्या तथा चुनौती साथै ती समस्याहरूको समाधानका उपायहरूको पहिचान गर्नको लागि यस अध्ययनले महत्त्वपूर्ण योगदान पुऱ्याउने छ।

## १.४ अध्ययनमा समेटिएका विषयहरू

उपर्युक्त उद्देश्यहरू पूरा गर्न र अध्ययनका धेरै विषयवस्तुहरूलाई समेट्न सजिलो होस् भन्ने उद्देश्यले यस अध्ययनमा समेटिएका विषयवस्तुहरू विस्तृत रूपमा निम्नअनुसार उल्लेख गरिएको छः

- मानव बेचबिखन तथा ओसारपसार हुनुका कारण, स्वरूप र माध्यमहरू एवम् पीडित/प्रभावित हुन सक्ने अवस्थाको समीक्षा,
- पीडित/प्रभावितहरू समाजमा खुल्न नसक्नुको मनोवैज्ञानिक कारणहरूको अध्ययन,

- मानव बेचबिखन तथा ओसारपसार हुनबाट रोक्न विद्यमान प्रयासहरू, हाल अपनाइएका निरोध/रोकथामका उपायहरूको प्रयाप्तता तथा यसमा देखिएका कमी कमजोरीहरू र थप गर्नुपर्ने कार्यक्रमहरूको समीक्षासहित सुझाव,
- मानव बेचबिखन तथा ओसारपसार निरोधका लागि नेपाल सरकार र गैर सरकारी संस्थाहरूले खेल्नुपर्ने भूमिकाको विश्लेषण,
- निरोध सम्बन्धी कार्यक्रम कार्यान्वयनमा सामना गर्नुपरेका समस्या तथा चुनौतिहरू र समाधानका उपायहरूको अध्ययन,
- मानव बेचबिखन प्रभावितहरूको संरक्षणका लागि सञ्चालित कार्यक्रमहरूको प्रयाप्तता, नेपाल सरकार र गैर सरकारी संस्थाहरूको भूमिकाको समीक्षा,
- कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतिहरू र समाधानका उपायहरूको पहिचान,
- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी विद्यमान नीति, योजना तथा कानूनहरूको सान्दर्भिकताको विश्लेषण,
- प्रभावितहरूका लागि न्याय पहुँचमा देखिएको समस्या र पीडकहरूलाई कानूनी दायरामा ल्याउन सामना गर्नुपरेका समस्या र चुनौति तथा समाधानका उपायहरूको अध्ययन,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्यक्रमहरू नतिजामूलक बनाउन सरकारी निकाय तथा गैर सरकारी संस्थाहरूले सम्बन्धित निकाय तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि निभाउनु पर्ने भूमिकाको विश्लेषण,
- प्रभावकारी समन्वय र सहकार्यका लागि आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था तथा प्रभावकारी समन्वयका लागि देखिएका समस्या तथा चुनौति र समाधानका उपाय समीक्षासहितको सुझाव,
- विद्यमान संस्थागत संरचना र तिनको भूमिकाको अध्ययन साथै संस्थागत संरचना र तिनको भूमिकालाई थप प्रभावकारी बनाउन आवश्यक कार्यक्रमहरूको पहिचान तथा कार्यक्षेत्र थप विस्तारको आवश्यकताको अध्ययन।

## १.५ अध्ययनका सीमाहरू

यस अध्ययनलाई यथार्थपरक र परिणाममुखी बनाउन उपयुक्त विधि र उपायहरू अवलम्बन गरिएको छ। यस अध्ययनका सीमाहरू निम्नानुसार रहेका छन्:

१. प्राथमिक तथ्याङ्क सङ्कलनमा (field survey) उत्तरदाताहरूबाट भरपर्दो र सही तथ्याङ्क र जानकारी प्राप्त गर्ने प्रयासस्वरूप विभिन्न विधिहरूको प्रयोग गरिएको छ। यद्यपि, तथ्याङ्कको विश्वसनीयता अन्तर्वार्ता दिने व्यक्तिको बुझ्न सक्ने र जानकारी दिन सक्ने क्षमतामा निर्भर हुन्छ ।

२. यस अध्ययनको निष्कर्ष सातवटै प्रदेशअन्तर्गतका ११ वटा जिल्लाका ४२ वटा स्थानीय तहमा गरिएको नमूना छनोटमा आधारित रहेको छ।

३. यस अध्ययनमा संघ, प्रदेश र स्थानीय तहका साथै मानव बेचबिखनसँग सरोकार राख्ने विभिन्न संस्थाहरूबाट प्राप्त सुझाव र सहभागिताले महत्त्वपूर्ण भूमिका खेलेको छ। यद्यपि, सबै सरोकारवालाहरूलाई यस अध्ययनमा सहभागी गराउन सकिएको छैन।

४. मानव बेचबिखन तथा ओसारपसारका विविध स्वरूपहरूमध्ये यस अध्ययनले बिशेषतः पुनःस्थापना केन्द्र र समुदायमा फेला परेका केही पीडित/प्रभावितहरू, जोखिमयुक्त क्षेत्रमा रहेका जोखिमउन्मुख व्यक्तिहरू, काठमाण्डौ लगायत देशका प्रमुख शहरहरूमा केन्द्रित मनोरञ्जन क्षेत्रमा कार्यरत पीडित/प्रभावितहरूले भोगेका बेचबिखनका स्वरूपहरूलाई मात्र समेटेको छ।

५. समय र बजेटको सीमितताले गर्दा देशका प्रमुख नाकाहरूमध्ये सुनौली, रक्सौल, पानीट्यांकी, गड्डा चौकि, तातोपानी र रसुवागढी-केरुङ नाकामात्र समेट्न सकिएको छ।

६. मानव बेचबिखन र ओसारपसारको आयाम व्यापक रहेको अवस्थामा यस अध्ययनको समयावधि र विनियोजित बजेटको सीमितताले सबै विषयवस्तु समेट्न सकिएको छैन ।

## १.६ अध्ययन विधि

यस मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण प्रभावकारिता अध्ययनका लागि विवरणात्मक र विश्लेषणात्मक अध्ययन विधि प्रयोग गरिएको छ। साथै, यस अध्ययन अनुसन्धानलाई वस्तुनिष्ठ तुल्याउने प्रयास गरिएको छ। यसबाट प्राप्त निष्कर्षहरू वास्तविक तथ्याङ्कमा आधारित छन्। तथ्याङ्कको विश्लेषणका लागि तथ्याङ्कीय विधिहरू प्रयोग गरिएका छन् जसले गर्दा तथ्याङ्कको उचित प्रतिनिधित्वलाई सुनिश्चित गर्दछ। विभिन्न विधिबाट सङ्कलन गरिएको तथ्याङ्कलाई प्रशोधन गर्नुका साथै व्यवस्थित तवरबाट विश्लेषण गरि अनुसन्धान प्रतिवेदन तयार गरिएको छ ।

### १.६.१ अध्ययनको प्रारूप

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण प्रभावकारिता अध्ययनको प्रारूप चित्र न.१ मा देखाइएको छ जसमा संघीय र प्रदेश मन्त्रालयदेखि स्थानीय तहसम्मको सम्बन्ध, कार्यक्रम तर्जुमा र कार्यान्वयन, तथ्याङ्क सङ्कलन र प्रभाव मूल्याङ्कनबारेको स्वरूप प्रस्तुत गरिएको छ।

**रेखाचित्र १.१:**

अध्ययनको अवधारणात्मक प्रारूप




*स्रोतः अनुसन्धानकर्ता द्वारा विकसित*

### १.६.२ तथ्याङ्क सङ्कलन

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण प्रभावकारिता अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरू प्राथमिक र द्वितीय स्रोतहरूबाट सङ्कलन गरिएका छन्। मूलतः प्राथमिक स्रोतबाट सङ्कलन गरिएका तथ्याङ्कहरूको आधारमा अध्ययनको विश्लेषण गरिएको छ।

### १.६.२.१ प्राथमिक तथ्याङ्क सङ्कलन

प्राथमिक तथ्याङ्क सङ्कलनका लागि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण प्रभावकारिता अध्ययनका उद्देश्यहरू समेट्ने गरि सबै प्रदेशको प्रतिनिधित्व हुने गरि मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले जोखिम वा प्रभावित ४२ स्थानीय तहहरू छनोट गरिएका छन्। छनोट भएका प्रदेश, जिल्ला र स्थानीय तहका मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित र जोखिमसम्मुख व्यक्तिहरूको लागि Snowball Sampling छनोट विधिको प्रयोग गरि नमूना संकलन गरिएको छ। गुणात्मक तथ्याङ्क संकलनको लागि जनप्रतिनिधिहरू, प्रदेश मन्त्रालयका महाशाखा/शाखा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति, जिल्ला सरकारी वकिलको कार्यालय, जिल्ला प्रहरी कार्यालय र गैर सरकारी संस्थाहरूबाट सङ्कलन गरिएको छ। साथै, अन्य जानकारीहरू समूह केन्द्रित छलफल, पत्रकार, नीतिगत तहका कर्मचारी तथा अन्य सरोकारवालासँगको अन्तर्क्रियाबाट, गुणात्मक विधिबाट समेत तथ्याङ्क सङ्कलन गरिएको छ।

**तथ्याङ्क सङ्कलनका लागि नमूना छनोटः**

फरक-फरक उद्देश्यहरूको आधारहरूलाई समेट्दै नमूना छनोटमा उद्देश्यमूलक वर्गीकरण र नमूना छनोट गरि तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको छ। नमूना छनोट प्रक्रिया एवं विधिबारे देहाय अनुसार तालिका १.१ र तालिका १.२ मा प्रस्तुत गरिएको छः

**तालिका १.१:**

नमूना छनोटसम्बन्धी प्रक्रिया एवं विधि

| प्रदेश | जिल्ला | स्थानीय तह | प्रभावित | |
|---|---|---|---|---|
| | | | कूल प्रभावित | नमूना संख्या |
| कोशी प्रदेश | ईलाम | सूर्योदय नगरपालिका, ईलाम नगरपालिका, सन्दकपुर गाउँपालिका, रोङ गाउँपालिका | नमूना छनोट गरिएको सम्बन्धित पालिकासँग समन्वय गरि यकीन गरिएको । | नमूना छनोट गरिएको सम्बन्धित पालिकाहरूको कुल प्रभावित संख्यालाई आधार मानी उपयुक्त नमूना संख्या तय गरिएको । |
| | झापा | मेची नगरपालिका, भद्रपुर नगरपालिका, कन्काई नगरपालिका, कचनाकल गाउँपालिका | | |
| मधेश प्रदेश | पर्सा | विरगंज महानगरपालिका, पर्सागढी नगरपालिका, ठोरी गाउँपालिका, धोबिनी गाउँपालिका | | |
| बागमती प्रदेश | रसुवा | कालिका गाउँपालिका र उत्तरगङ्गा गाउँपालिका | | |
| | सिन्धुपाल्चोक | चौतारा साँगाचोकगढी नगरपालिका, मेलम्ची नगरपालिका, पाँचपोखीथाङ्गपाल नगरपालिका, बाह्रबिसे नगरपालिका | | |
| | मकवानपुर | हेटौडा उपमहानगरपालिका, बकैया गाउँपालिका, मनहरी गाउँपालिका, भिमफेदी गाउँपालिका | | |
| गण्डकी प्रदेश | लमजुङ्ग | बेशीशहर नगरपालिका, राईनास गाउँपालिका, मर्स्याङ्गदी गाउँपालिका, दूधपोखरी गाउँपालिका | | |
| | कास्की | पोखरा महानगरपालिका, अन्नपूर्ण गाउँपालिका, रुपा गाउँपालिका, माछापुछ्रे गाउँपालिका | | |
| लुम्बिनी प्रदेश | रूपन्देही | सिद्धार्थ नगरपालिका, देवदह नगरपालिका, मायादेवी गाउँपालिका, रोहिणी गाउँपालिका | | |
| कर्णाली प्रदेश | सुर्खेत | वीरेन्द्रनगर नगरपालिका, भेरीगङ्गा नगरपालिका, गुर्भाकोट गाउँपालिका, सिम्ता गाउँपालिका | | |
| सुदूरपश्चिम प्रदेश | कञ्चनपुर | भीमदत्त नगरपालिका, पुनर्वास नगरपालिका, दोधाराचाँदनी नगरपालिका, सुक्लाफाँटा नगरपालिका | | |
| **जम्मा** | **११** | **४२** | | |

टिपोटः ११ जिल्लाअन्तर्गतका ४२ वटा स्थानीय तहहरूमा गरिएको अध्ययनअनुरूप प्रतिवेदन तयार गरिएको छ ।

**तालिका १.२:**
नमूना आकार

| उत्तरदाताहरू | नमूना आकार |
|---|---|
| क) पीडित/प्रभावित | |
| पुनःस्थापना केन्द्र/संरक्षण गृहमा आश्रित पीडित/प्रभावित व्यक्तिहरू | ८८ |
| समुदायमा रहेका जोखिम समूहका व्यक्तिहरू | ९८ |
| मनोरञ्जन क्षेत्रका पीडित/प्रभावित व्यक्तिहरू | ११२ |
| जम्मा | २९८ |
| ख) समुदायमा रहेका जोखिमसम्मुख समूह | ४२७ |
| **जम्मा (क+ख)** | **७२५** |
| ग) प्रमुख सूचनादाताहरू | |
| संघीय मन्त्रालय/विभागअन्तर्गतका सूचनादाताहरू | १५ |
| प्रदेश सरकारअन्तर्गतका सूचनादाताहरू | १४ |
| जिल्ला स्तरका सरकारी निकायका सूचनादाताहरू | ३३ |
| स्थानीय तहका सूचनादाताहरू | ८४ |
| पुनःस्थापना केन्द्रका सूचनादाताहरू | १५ |
| **जम्मा** | **१६१** |
| **जम्मा (क+ख+ग)** | **८८६** |

### प्रमुख सूचनादातासँग अन्तर्वार्ता:

संस्थागत रूपमा जानिफकारहरूसँग (सूचनादाताहरू) सूचना सङ्कलन गर्न चेकलिष्ट तयार पारी सोको आधारमा विभिन्न संस्था जस्तैः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय, मानव बेचबिखन अनुसन्धान व्युरो, प्रदेश सरकारका सम्बन्धित विषय हेर्ने मन्त्रालय, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति, पुनःस्थापना केन्द्र, स्थानीय तहका जनप्रतिनिधि तथा सम्बन्धित कर्मचारीहरू र यस क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाका प्रतिनिधिहरूसँग सम्पर्क गरी सूचना सङ्कलन गरिएको थियो।

### सामुहिक छलफल:

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यान्वयन भइरहेका कार्यक्रमहरूको प्रयाप्तता, प्रभावकारिता र त्यसमा विद्यमान अन्तराल (Gap) सम्बन्धमा अध्ययन गर्नका लागि सम्भावित जोखिमसम्मुख

व्यक्तिहरूको समूह, उद्योग व्यवसाय तथा मनोरञ्जन क्षेत्रका उद्यमी तथा सञ्चालनहरूको समूह, विपन्न तथा ग्रामीण महिलाको समूह, किशोर तथा किशोरीहरूको समूह र पीडित प्रभावितहरूको समूह भेला गराइ सामुहिक छलफल गरिएको थियो। उक्त छलफलमा विषयसँग सम्बन्धित सचेतनाकोस्तर, बेचबिखन तथा ओसारपसार हुनुका खास कारण, पीडित/प्रभावितहरूमाथि समाजले गर्ने व्यवहार र हेर्ने दृष्टिकोण, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा स्थानीय तहको प्राथमिकता तथा सम्बोधनका प्रयासहरू, आन्तरिक तथा वैदेशिक रोजगारीका वहानामा हुने बेचबिखनको जोखिम, कानूनी कारवाहीमा देखिएका समस्या र मानव बेचबिखन नियन्त्रणका लागि कार्यान्वयन भइरहेका कार्यक्रमहरूको प्रभावकारिता र दिगोपनजस्ता विषयमा छलफल गरि गुणात्मक सूचना सङ्कलन गरिएको थियो।

**प्रश्नावलीको सान्दर्भिकता पुष्टि:**

यस अध्ययनको उद्देश्यलाई स्पष्ट रूपमा सम्बोधन गर्न तयार पारिएका प्रश्नहरू अनुसन्धानका मूल विषयवस्तुहरूसँग प्रत्यक्ष रूपमा सम्बन्धित छन्। यी प्रश्नहरू विभिन्न सरोकारवाला निकायहरू, समुदाय तथा सम्बन्धित संस्थाहरूका दृष्टिकोण र अनुभवलाई समेटेर बहुपक्षीय धारणा प्रस्तुत गर्ने हिसाबले वैज्ञानिक रूपमा संरचित गरिएका हुन्। मानव बेचबिखनका विभिन्न आयामहरूका यथार्थ र बहुआयामिक जानकारी संकलन गर्नका लागि पीडित/प्रभावित व्यक्तिहरूको समुदाय र क्षेत्र, स्थानीय तहका जनप्रतिनिधिहरू, सरकारी निकाय तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरू, सुरक्षा निकाय, कानून व्यवसायी, मानव अधिकारकर्मी, नीति निर्माता तथा अनुसन्धानकर्ता लगायतका सरोकारवालाहरूको अनुभव र धारणालाई विशेष प्राथमिकताका साथ समेटिने गरि तयार पारिएका थिए। यसरी तयार गरिएका प्रश्नहरूले समस्याहरूको गहिरो विश्लेषण गर्न, तथ्यपरक प्रमाणहरू संकलन गर्न र दीर्घकालीन तथा व्यवहारिक नीतिगत सिफारिसहरू प्राप्त गर्न सशक्त माध्यम हुने विश्वास गरिएको छ। त्यसैले, प्रश्नहरूको छनोट र संरचना गर्दा अध्ययनको उद्देश्य, सन्दर्भ र आवश्यकतासँग पूर्णतः मेल खाने गरी पूर्ण रूपमा ध्यान दिइएको थियो।

**प्रश्नावलीको पूर्व परीक्षण:**

अध्ययन टोलीले सम्बन्धित निकायमा तथ्याङ्क सङ्कलन गर्न जानु अगाडि प्रश्नावलीको पूर्व परीक्षणको लागि मानव बेचबिखन तथा ओसारपसारको समस्या रहेको तर नमूना छनोटमा नपरेको नुवाकोट जिल्लाअन्तर्गत ककनी गाउँपालिकामा गई व्यवस्थित प्रश्नावलीको प्रयोग गर्नुका साथै प्रश्नावलीमा देखिएका समस्याहरूलाई सम्बोधन गरि सम्बन्धित निकाय तथा व्यक्तिहरूबाट तथ्याङ्क सङ्कलन गरिएको थियो।

### १.६.२.२ द्वितीय तथ्याङ्क सङ्कलन

यस अध्ययनसँग सम्बन्धित सन्दर्भसामग्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले प्रकाशन गरेका प्रतिवेदनहरू, प्रदेश तथा स्थानीय सरकारको बजेट, प्रदेशका आवधिक योजना, आर्थिक स्थलगत सर्वेक्षण, राष्ट्रिय तथा प्रादेशिक वार्षिक प्रगति प्रतिवेदन, मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूबाट प्रकाशित प्रतिवेदनहरू, दिगो विकास लक्ष्य, पन्ध्रौं योजनाको मध्यावधि मूल्यांकन, सोह्रौं योजनाले आत्मसाथ गरेका विषयहरू, टेलिभिजन, पत्रपत्रिकामा प्रकाशित सूचना, खोजमूलक कार्यक्रमबाट प्राप्त तथ्याङ्कको अध्ययन तथा समीक्षा गरिएको छ। साथै, बंगलादेश, भुटान, म्यानमारजस्ता देशहरूमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा भएका अनुकरणीय प्रयास र विषयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवेदनहरूका साथै अन्य प्रकाशनहरू अध्ययन गरि प्रतिवेदन तयार पारिएको छ।

## ६.३ तथ्याङ्कहरूको विश्लेषण

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरू प्राथमिक र द्वितीय स्रोतहरूबाट सङ्कलन गरिएको छ । मूलतः संघीय सरकार, सातवटै प्रदेशसहित छनोट भएका प्रदेश, जिल्ला र स्थानीय तहहरूबाट सङ्कलन गरिएका तथ्याङ्कहरूको आधारमा अध्ययनको विश्लेषण गरिएको छ।

विश्लेषणका क्रममा कार्यक्रमको बारेमा समग्रमा जानकारी सङ्कलन गर्न आवश्यक सबै प्रकारमा दस्तावेजहरूको अध्ययन तथा समीक्षा गरिएको छ। जसअन्तर्गत कार्यक्रमको दस्तावेज, वार्षिक कार्यक्रमहरू, वार्षिक कार्ययोजना, वार्षिक प्रगति प्रतिवेदनहरू, मूल्याङ्कन प्रतिवेदनहरू, आधाररेखा अध्ययन प्रतिवेदनहरू, सम्बन्धित दिगो विकास लक्ष्य, पन्ध्रौं योजनाको समीक्षा सम्बन्धी दस्तावेज, सोह्रौं योजनाले आत्मसाथ गरेका विषयहरू तथा कार्यक्रम सम्बन्धी दस्तावेजहरूको यस अध्ययनको सिलसिलामा विश्लेषण गरिएको छ।

कार्यारम्भदेखि स्थलगत सर्वेक्षणमा जानु अघिसम्म प्रश्नावलीहरूमा परिवर्तन भइरहन सक्ने भएकाले स्थलगत सर्वेक्षणमा जानु अघि अध्ययनमा प्रयोग गरिने सबै प्रश्नावलीहरूलाई सङ्केत (coding) गरिएको थियो। तथ्याङ्कको प्रकृतिअनुसार गुणात्मक वा मात्रात्मक विधि प्रयोग गरी प्राथमिक स्रोतबाट सङ्कलित तथ्याङ्कहरूको विश्लेषण गरिएको छ। कार्यक्रमबाट प्राप्त उपलब्धिबारे प्रमाणको रूपमा प्रस्तुत गर्न सकिने सफलताका कथाहरूको खोजी र सङ्कलन गरिएको छ। यस अध्ययनमा प्राप्त तथ्याङ्कहरूलाई Excel Sheet को सहयोगमा तथ्याङ्कको व्यवस्थापन गरि मूल्याङ्कन र विश्लेषणका लागि Excel, STATA र R जस्ता कम्प्युटर Software को प्रयोग गरिएको छ।

### ६.३.१ मोडेल डिजाइन

अध्ययनले Standard Binary Logistic Regression Model प्रयोग गरि कार्यगत सर्तनामा (TOR) मा उल्लेख गरिएको नेपालको प्रमुख प्रभावित जिल्लाहरू इलाम, झापा, पर्सा, रसुवा, सिन्धुपाल्चोक, मकवानपुर, लमजुङ, कास्की, रूपन्देही, सुर्खेत र कञ्चनपुर जिल्लाहरूबाट सङ्कलन गरिएको स्थलगत सर्वेक्षण तथ्याङ्कको आधारमा मानव बेचबिखनका निर्धारकहरूको विश्लेषण गरिएको छ। मोडेलको प्रारूप यस प्रकार छ।

$Y = \alpha + \beta_i X_i + \beta_j H_i + \varepsilon$ .......... (१)

जहाँ,

Y= मानब बेचबिखन पीडित/प्रभावित

$\alpha$ = Intercept (इन्टरसेप्ट)

$\beta_i$ = Coefficients of independent variables (स्वतन्त्र चरहरूको गुणांक)

$i = 1, 2, 3, \ldots, n$

$\beta_j$ = Coefficients of controlled variables (नियन्त्रित चरहरूको गुणांक)

$j = 1, 2, 3, \ldots, n$

$X_i$ = Variables of interest (कृषि उत्पादन उपभोग, परिवारसँगको सम्बन्ध, पारिवारिक स्वास्थ्य, प्राकृतिक प्रकोप, मोबाइल तथा इन्टरनेटको प्रयोग)

$H_i$ = Control variables (वैवाहिक अवस्था, उमेर, शिक्षा, जातियता, भैगालिक स्थिति)

$\varepsilon_i$ = मानक त्रुटि (Standard error)

# परिच्छेद दुई
# पूर्व कार्यको समीक्षा

## २.१ पृष्ठभूमि

समाजमा विद्यमान घरेलु हिंसा, पारिवारिक विचलन र आर्थिक असुरक्षाजस्ता कारणहरू मुख्य रूपमा रहेका छन् भने गरिबी, बेरोजगारी, अशिक्षा, विभेद, सुशासनको अभाव, असुरक्षित सामाजिक सञ्जालको प्रयोगका कारण पनि ठूलो समुदाय बेचबिखनको जोखिममा रहेको छ। जोखिम समूहको बाध्यतालाई उपयोग गर्दै आपराधिक गिरोहले मानव बेचविखन गर्दै आएको पाइन्छ। सन् १९८० र ९० को दशकमा यौन पेशामा संलग्न गराउन भारतका कोठीमा नेपाली महिला तथा बालिकाहरूको बेचबिखन सङ्गठित अपराधको रूपमा स्थापित भयो। आर्थिक विकास, आधुनिकीकरण, शहरीकरण र विश्वव्यापीकरणको गति सँगसँगै यो अपराध झन्झन् मौलाउदै गएको पाइन्छ।

विश्वव्यापी रूपमा हुने मानव बेचबिखनले करोडौं व्यक्तिहरूको जीवन प्रभावित पार्दै आएको छ। अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार विश्वभरी ४ करोड ९६ लाख मानिसहरू बेचबिखनका पीडामा छन्। ती मध्ये २ करोड ७६ लाख बाध्यकारी श्रममा लगाइएका छन्। अर्कोतर्फ २ करोड २० लाख मानिसहरू बलपूर्वकको विवाहका कारण दासतापूर्ण जीवन बिताउन बाध्य छन्। यसमा अधिकांश महिला र बालिका छन्। बेचबिखनमा परेका मध्ये ७१ प्रतिशत महिला र बालिका छन् र एकचौथाई १८ बर्ष मुनिका बालबालिका छन्।[1]

लागू औषध तथा अपराध नियन्त्रण सम्बन्धी संयुक्त राष्ट्र संघको कार्यालय (United Nations Office on Drug and Crime-UNODC) द्वारा सन् २०२४ मा प्रकाशित प्रतिवेदन अनुसार विश्वभरी नै मानव बेचबिखनबाट पीडित/प्रभावित भनी पहिचान गरिएका व्यक्तिहरू मध्ये महिला ३९ प्रतिशत, पुरुष २३ प्रतिशत, बालिका २२ प्रतिशत र बालक १६ प्रतिशत रहेको अनुमान गरिएको छ। अधिकांश महिला तथा बालिकाहरूको बेचबिखन यौन शोषण, बाध्यकारी श्रम (विशेष गरी घरेलु काम), बलपूर्वकको विवाह, अन्य अपराधिक कार्यमा संलग्न गराउनका लागि हुने गरेको, पीडित/प्रभावित महिला मध्ये ६६ प्रतिशत यौन शोषणका लागि, २४ प्रतिशत बाध्यकारी श्रमका लागि र १० प्रतिशत अन्य प्रकारका शोषणका लागि बेचबिखन गरिएको हुन्छ भने पीडित/प्रभावित बालिका मध्ये ६० प्रतिशत यौन शोषणका लागि, २१ प्रतिशत बाध्यकारी श्रमको लागि र १९ प्रतिशत अन्य प्रकारको शोषणका लागि बेचबिखन हुने गरेको देखिन्छ।[2] यसप्रकार विशेषतः कमजोर अवस्था, अशिक्षा, गरिबी वा अन्य सामाजिक कारणहरूले गर्दा महिला तथा बालिकाहरू बेचबिखनको चपेटामा पर्ने सम्भावना अधिक देखिन्छ।

## २.२ मानव बेचबिखन

मानव बेचबिखन सम्बन्धी अन्तरदेशीय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको पुरक दस्तावेजको रूपमा रहेको "मानव बेचबिखन विशेष गरि महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम गर्ने, दबाउने

1 Forced labour, modern slavery and trafficking in persons available at https://www.ilo.org/topics-and-sectors/forced-labour-modern-slavery-and-trafficking-persons
2 UNODC: Global Report on Trafficking in Person 2024, https://www.unodc.org/documents/data-and-analysis/glotip/2024/GLOTIP2024_BOOK.pdf

र सजाय गर्ने इच्छाधिन आलेख, २०००" (यसलाई पालेर्मो प्रोटोकल पनि भन्ने गरिन्छ) ले गरेको परिभाषालाई विश्वव्यापी रूपमा स्वीकार गर्ने गरिएको छ। सो आलेखका अनुसार मानव बेचबिखन भन्नाले "शोषण गर्ने उद्देश्यले धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरि, कब्जा गरि जालसाजी गरि, छलछाम गरि, पदको वा जोखिमी अवस्थाको दुरूपयोग गरि वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ दिनेलिने गरि व्यक्तिहरूलाई भर्ती गर्ने, ओसारपसार गर्ने, स्थानान्तरण गर्ने, आश्रय दिने वा प्राप्त गर्ने कार्यहरू हुन्। शोषण भन्नाले कमसेकम अरूलाई यौन व्यवसायमा लगाएर वा अन्य प्रकारको यौन शोषण, बाध्यकारी श्रम वा सेवाहरू, दासत्व वा दासतापूर्ण अभ्यास, कमाराकमारी बनाउनु वा मानव अङ्ग झिक्नु" हो।[३] पालेर्मो प्रोटोकलले राज्यहरूलाई मानव बेचबिखनको रोकथाम (prevention), अपराधीहरूलाई कडा कानूनी दण्ड सजाय (prosecution) र पीडित/प्रभावितहरूको संरक्षण (protection) का साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग र साझेदारिता (partnership) अभिवृद्धिमा जोड दिएको छ। साथै, यसले राज्यहरूलाई कानूनी सुधार, अन्तरदेशीय सहकार्य र पीडित केन्द्रित नीति कानूनहरूको निर्माण र सुधार गर्नमा निर्देशन दिन्छ। यसरी नै वेश्यावृतिको लागि महिला र बालबालिका बेचबिखन विरूद्धको सार्क महासन्धि, २००२ ले गरेको परिभाषा अनुसार "बेचबिखन भन्नाले व्यक्तिको इच्छा वा इच्छाबिना देशभित्र वा बाहिर पैसा कमाउने उद्देश्य वा अन्य कुनै पनि उद्देश्यले वेश्यावृत्तिका लागि गरिने महिला तथा बालबालिकाको ओसारपसार वा किनबेचलाई बुझाउँछ।"[४]

नेपालमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को व्यवस्थाअनुसार कुनै पनि उद्देश्यले मानिसलाई बेचबिखन गर्नु वा किन्नु, लाभ लिएर वा नलिई वेश्यावृत्तिमा लगाउनु, कानूनी व्यवस्था बाहेक मानव अंग झिक्नु वा वेश्यागमन गर्ने ग्राहकलाई सेवा दिनुजस्ता सबै कार्यहरू मानव बेचबिखनको अपराधका रूपमा मानिन्छ। उक्त ऐनले मानव बेचबिखनको उद्देश्य र स्वरूपहरूलाई व्यापक रूपमा समेट्दै मानव अधिकारको संरक्षण गर्नेतर्फ जोड दिएको छ। नेपालले पालेर्मो प्रोटोकललाई सन् २०२० मा अनुमोदन गरि सो प्रोटोकलको भावनाअनुरूप पीडित केन्द्रित दृष्टिकोण राख्दै मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा व्यापक सुधार गर्ने हेतुले संशोधन विधेयक व्यवस्थापिका संसदमा दर्ता गरेको छ। सो ऐनले मानव बेचबिखन तथा ओसारपसारमा संलग्न दोषीलाई कडा सजायको व्यवस्था गरेको छ भने पीडितको संरक्षण, राहत तथा पुनःस्थापनाका प्रावधानहरू पनि समावेश गरेको छ।

## २.३ मानव ओसारपसार

मानव ओसारपसार भन्नाले विभिन्न तरिकाबाट व्यक्तिलाई जबर्जस्ती, झुक्याई, वा प्रलोभनमा पारेर एक स्थानबाट अर्को स्थानमा लैजाने, राख्ने वा सुम्पने कार्यहरू समावेश हुन्छन्। कसैलाई किन्ने वा बेच्ने उद्देश्यले विदेशमा लैजानु वा वेश्यावृत्तिमा लगाउने, शोषण गर्ने वा दासत्वमा पार्ने नियतले गरिने सबै कार्यहरू मानव ओसारपसारको श्रेणीमा पर्छन्।

यदि कुनै व्यक्तिलाई ललाई-फकाई, प्रलोभन देखाई, झुक्याई, जालसाजी गरि, योजनाबद्ध रूपमा योजना मिलाई, जबर्जस्ती गरि, करकापमा पारी, अपहरण गरि, शरीर बन्धक बनाई, नाजुक अवस्थामा फसेको व्यक्तिको कमजोरीको फाइदा उठाई, बेहोस/बिरामीको बहाना पारी, आफ्नो पद, अधिकार वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, अथवा डर, त्रास, धाक, धम्की वा करकाप प्रयोग गरी कुनै व्यक्तिलाई आफ्नो नियन्त्रणमा लिई प्रचलित कानून विपरीत हुने कार्यमा लगाउने हेतुले कतै लैजाने वा बेचबिखन गरिन्छ

3 UNODC, Protocol to Prevent, Supress and Punish Trafficking in Persons (Trafficking in Persons Protocol), 2000

4 SAARC Convention on Preventing and Combating Trafficking in Women and Children for Prostitution, 2002

भने त्यो पनि मानव ओसारपसार अन्तर्गत पर्दछ। त्यसै गरि कसैलाई बसिरहेको स्थान वा व्यक्तिबाट छुट्याई लैजाने, आफूसँग राख्ने, कुनै स्थानमा थुनिराख्ने, नेपालभित्रै एक ठाउँबाट अर्को ठाउँमा लैजाने वा विदेशमा लैजाने वा ती व्यक्तिलाई अरू कसैलाई सुम्पनेजस्ता कार्यहरू पनि कानूनअनुसार मानव ओसारपसार मानिन्छ। यसरी हेर्दा, मानव ओसारपसारको परिभाषा केवल शारीरिक स्थानान्तरणमा मात्र सीमित छैन, बरु त्यससँग सम्बन्धित नियत, प्रविधि, दबाब र व्यक्ति प्रयोगका तरिकाहरूले समेत यसलाई परिभाषित गर्दछ। यस्तो अपराधले मानव अधिकारको उल्लंघन गर्ने भएकाले यसको नियन्त्रण, अनुसन्धान, र पीडितको संरक्षणमा राज्य र सरोकारवाला निकायहरूले विशेष ध्यान दिनुपर्ने आवश्यकता रहन्छ।

## २.४ मानव तस्करी

मानव तस्करी सम्बन्धी अन्तरदेशीय संगठित अपराध बिरूद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको पुरक दस्तावेजको रूपमा रहेको “स्थल, समुद्री तथा हवाईमार्गबाट गरिने मानव तस्करी विरूद्धको इच्छाधीन आलेख, २०००” ले गरेको परिभाषा अनुसार (क) आप्रवासीहरूको तस्करी भन्नाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै पक्ष राज्यको नागरिक वा स्थायी बासिन्दा नभएको व्यक्तिलाई वित्तीय वा अन्य वस्तुको लाभ लिई गैरकानूनी प्रवेश गराउनका निम्ति खरीद गर्ने कार्यलाई जनाउँछ। (ख) गैरकानूनी प्रवेश भन्नाले प्राप्त गर्ने मुलुकमा कानूनी प्रवेशका निम्ति आवश्यक शर्तहरू पूरा नगरी सीमापार गर्ने कार्यलाई बुझाउँछ।[५]

सामान्यतया मानव बेचबिखन र मानव तस्करीबीच देहाय अनुसार भिन्नता रहेको पाइन्छः (क) मानव तस्करीमा आप्रवासीहरू जुनसुकै खतरा र जस्तो सुकै खराब अवस्थामा पनि विदेश जान तत्पर हुन्छन्। त्यसैले अवैध तरिकाले यात्रा गर्नमा उनीहरूको सहमती हुन्छ। तर मानव बेचबिखनका घटनाहरूमा पीडितले त्यस्तो सहमती स्वेच्छाले दिएको हुँदैन। (ख) आप्रवासीहरूको तस्करी गन्तव्य मुलुकमा पुगेपछि स्वतः टुँगिन्छ, तर बेचबिखनमा परेकाहरू निरन्तर शोषणको पीडा भोगी रहेका हुन्छन्। (ग) मानव तस्करी सधैं अन्तर्राष्ट्रिय सीमा वारपार गर्नका लागि हुने गर्दछ। तर मानव बेचबिखन आफ्नै मुलुकभित्र एक स्थानबाट अर्को स्थानमा पनि हुन सक्दछ। (घ) मानव तस्करीको घटनाहरूमा अर्को मुलुकमा गैरकानूनी प्रवेश वा बसाईका निम्ति ओसारपसारमा सहयोग वा सहजीकरण गरिदिए वापत कमिशन वा नाफा आर्जन हुने गर्दछ। मानव बेचबिखनको हकमा भने पीडित माथि शोषण गरेको आधारमा नाफा हुने गर्दछ।

## २.५ नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय कानूनहरू

मानव बेचबिखन तथा ओसारपसार रोक्न नेपालले विभिन्न अन्तर्राष्ट्रिय सन्धि र राष्ट्रिय कानूनहरू बनाएको छ। अन्तर्राष्ट्रिय तहमा नेपालले संयुक्त राष्ट्रसंघको संगठित अपराधविरुद्धको सन्धि (UNTOC) तथा त्यस अन्तर्गतको मानव बेचबिखन विरुद्धको प्रोटोकल (Palermo Protocol) लाई वि.स. २०७६ फागुन २९ मा अनुमोदन गरेको छ । यसका साथै मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित सन्धि सम्झौताको विस्तृत विवरण तालिकामा देखाइएको छ ।

5 Protocol against the Smuggling of Migrants by Land, Sea and Air, Supplementing the United Nations Convention against Transnational Organized Crime

**तालिका २.१:**

मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित सन्धि सम्झौताको विवरण

| क्र.स. | सन्धि सम्झौता | नेपालले अनुमोदन गरेको मिति |
|---|---|---|
| १ | रोजगारी तथा व्यवसायमा हुने भेदभावसम्बन्धी महासन्धि, १९५८ (नं.१११) | ३ आश्विन २०३१ |
| २ | समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्नेसम्बन्धी महासन्धि, १९५१ (नं. १००) | २० आश्विन २०३३ |
| ३ | बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ | २९ भाद्र २०४७ |
| ४ | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९ | ९ वैशाख २०४८ |
| ५ | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ | ३१ वैशाख २०४८ |
| ६ | सङ्गठन गर्ने र सामुहिक सौदाबाजीसम्बन्धी सिद्धान्त प्रयोगसम्बन्धी महासन्धि, १९४९ (नं. ९८) | १८ आश्विन २०५३ |
| ७ | रोजगारी प्राप्तिका लागि न्यूनतम उमेरसम्बन्धी महासन्धि, १९७३ (नं. १३८) | १८ आश्विन २०५३ |
| ८ | बाल श्रमका निकृष्ट रूपहरूको उन्मुलनसम्बन्धी महासन्धि, १९९९ (नं. १८२) | २८ भाद्र २०५८ |
| ९ | बलपूर्वकको श्रम उन्मूलनसम्बन्धी महासन्धि, १९३० (नं. २९) | २८ भाद्र २०५८ |
| १० | वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध सङ्घर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि, २००२ | १४ कार्तिक २०६२ |
| ११ | बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० | ७ माघ २०६२ |
| १२ | मानव बेचबिखन विशेष गरि महिला तथा बालबालिकामा हुने बेचबिखन नियन्त्रण र सजाय गर्ने प्रलेख, २०००; पालेर्मो प्रलेख | २०७६ फागुण २९ |

*स्रोतः* कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## २.६ नेपालको संविधानमा भएको मानव बेचबिखन तथा ओसारपसार विरुद्धको व्यवस्था

मानव बेचबिखनको गम्भीर अवस्थालाई ध्यानमा राख्दै नेपालको संविधानले मानव बेचबिखन तथा ओसारपसारविरुद्ध स्पष्ट र कडा कानूनी व्यवस्था गरेको पाइन्छ। नेपालको संविधानमा मानव बेचबिखन, ओसारपसार, जबर्जस्ती श्रममा लगाउने लगायतका कार्यलाई प्रतिबन्ध गरिएको छ। साथै, पीडितको संरक्षण र क्षतिपूर्ति सुनिश्चित गर्ने प्रावधान पनि संविधानमा समावेश गरिएको छ। यस संवैधानिक प्रावधानले मानव बेचबिखन विरुद्धको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संकल्पलाई बलियो बनाएको छ र नेपालको कानूनी ढाँचालाई मानव अधिकारमैत्री बनाएको छ।

**तालिका २.२:**

२०७२ सालको संविधानमा भएको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसँग सम्बन्धित व्यवस्था

| विषयहरू समावेश गरिएको क्षेत्र | भएका व्यवस्था |
|---|---|
| प्रस्तावना | • लैङ्गिक विभेदको अन्त्य, समतामूलक समाजको निर्माण, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, कानूनी राज्य, सुशासन हासिल गर्ने संकल्प |
| मौलिक हक | • सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६)<br>• स्वतन्त्रताको हक (धारा १७)<br>• समानताको हक (धारा १८)<br>• न्यायसम्बन्धी हक (धारा २०) |
| | • अपराध पीडितको हक (धारा २१)<br>• शोषण विरुद्धको हक (धारा २९)<br>• रोजगारीको हक (धारा ३३)<br>• श्रमको हक (धारा ३४)<br>• महिलाको हक (धारा ३८)<br>• बालबालिकाको हक (धारा ३९)<br>• सामाजिक न्यायको हक (धारा ४२)<br>• सामाजिक सुरक्षाको हक (धारा ४३) |

| | |
|---|---|
| राज्यका निर्देशक सिद्धान्त तथा नीति | राज्यका निर्देशक सिद्धान्त (धारा ५०)<br>• समानता र स्वतन्त्रताको संरक्षण,<br>• लैङ्गिक समानता,<br>• सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य,<br>• राज्यका प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण,<br>• आर्थिक असमानताको अन्त्य,<br>• शोषणरहित समाजको निर्माण,<br>• विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि,<br>राज्यका नीतिहरू (धारा ५१)<br>• मानव अधिकारको संरक्षण र सम्बद्धन गर्दै विधिको शासन कायम गर्ने,<br>• नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने,<br>• राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने,<br>• आर्थिक समृद्धि हासिल गर्ने,<br>• विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने,<br>• वैज्ञानिक भूमि सुधार गर्ने,<br>• सबैले काम पाउने अवस्था सुनिश्चित गर्ने,<br>• श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्ने,<br>• बालश्रमलगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,<br>• श्रमिक र उद्यमी व्यवसायीबीच सुसम्बन्ध कायम गर्ने,<br>• वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,<br>• जोखिममा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना र संरक्षण गर्ने,<br>• सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,<br>• न्याय प्रशासनलाई निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने। |

*स्रोतः* नेपालको संविधान, २०७२

## २.७ बङ्गलादेश, भुटान, म्यानमारजस्ता देशहरूमा मानव बेचबिखन तथा ओसारपसारका कारण र नियन्त्रणमा भएका प्रयास

### बङ्गलादेश

बङ्गलादेशमा मानव बेचबिखन एक गम्भीर र जटिल सामाजिक समस्या बनेको छ, जसले हरेक वर्ष हजारौं व्यक्तिहरूलाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित पारिरहेको छ। बङ्गलादेश मुख्यतः मानव बेचबिखनको स्रोत देशको रूपमा चिनिन्छ, यद्यपि कतिपय अवस्थामा मार्गस्थ (ट्रान्जिट) देशको रूपमा पनि प्रयोग हुन्छ। विशेष गरि आर्थिक रूपमा पछाडि पारिएका समुदायका पुरुष, महिला र बालबालिकाहरू देशभित्र र देश बाहिर बेचबिखनमा पर्ने गरेका छन्। पीडितहरूलाई जबर्जस्ती श्रम, यौन शोषण, बालविवाह, घरेलु दासत्व र यहाँसम्म

कि मानव अंग बेचबिखनमा समेत प्रयोग गरेको पाइन्छ। बङ्गलादेशका सन्दर्भमा मानव बेचबिखन दलालहरूले मुख्यतः थाइल्याण्ड (१७%), मलेसिया (१५%), भारत (१०%), बहराइन (२७%), र युरोप (२०%) लाई गन्तव्यका रूपमा प्रयोग गरेको पाइन्छ।[६]

देशभित्रै पनि बालबालिका र युवतीहरूलाई ग्रामीण क्षेत्रबाट शहरतर्फ मानव बेचबिखनका लागि ओसारपसार गरिएको पाइन्छ, जहाँ उनीहरूलाई घरेलु काम, बालश्रम वा बेश्यालयमा जबर्जस्ती कार्यमा लगाउने गरेको पाइन्छ। विशेष गरि म्यानमारबाट निष्कासित रोहिङ्ग्या शरणार्थीहरू, विशेषतः कोक्स बजार क्षेत्रका समुदायहरू, मानव बेचबिखनको उच्च जोखिममा छन्। सन् २०२० को अन्त्यसम्ममा ८,६६,४५७ रोहिङ्ग्या शरणार्थीहरू दर्ता भएको पाइएको छ, हाल यो संख्या करीब १० लाख पुगेको तथ्यांक भेटिन्छ। कुटुपालोंग बालुखाली शरणार्थी बस्ती हाल विश्वकै सबैभन्दा ठूलो शरणार्थी शिविर बनेको छ।[७]

विशेषतः जीविकोपार्जनमा समस्या भएका, सामाजिक रूपमा पछाडि पारिएका, विशेष गरि महिला तथा सीमान्तकृत समुदायहरूमाथि भइरहेको विभेदसँग प्रत्यक्ष रूपमा जोडिएका व्यक्ति वा समुदाय मानव बेचबिखनमा परेको पाइन्छ। महिलामाथि सार्वजनिक स्थानमा हुने दुर्व्यवहार, घरेलु हिंसा, बालविवाह, दाइजो प्रथा, तथा अन्य लैङ्गिक विभेदले महिला र बालबालिकाहरू बेचबिखनको उच्च जोखिममा पर्दछन्। मानव बेचबिखनमा पर्ने प्रमुख कारणहरू बहुआयामिक र पारिवारिक, सामाजिक तथा संरचनात्मक कमजोरीसँग जोडिएका छन्। तथ्याङ्कअनुसार, मानव बेचबिखनको सबैभन्दा प्रमुख कारण आर्थिक अभाव हो, जसले ५१% व्यक्तिहरूलाई मानव बेचबिखनको जोखिममा पार्दछ। गरिबीले रोजगारी, शिक्षा र सुरक्षित बसोबासका अवसरहरू सीमित पार्दछ, जसका कारण व्यक्तिहरू सजिलै दलालहरूको झूटो प्रलोभनमा फस्छन्। त्यसपछि पारिवारिक विखण्डनमा रहेका बालबालिका दोस्रो उच्च जोखिम समूहमा पर्दछन् जसको हिस्सा २०% रहेको छ। यस्तो पारिवारिक अस्थिरताले उनीलाई कमजोर, असुरक्षित र अरूमाथि सजिलै विश्वास गर्ने बनाउँछ। त्यस्तै १३% घटनाहरूमा नजिकका साथी वा जीवनसाथीका माध्यमबाट मानव बेचबिखनमा पर्ने गरेका छन्, जसले विश्वासको दुरुपयोग र पारिवारिक हिंसालाई उजागर गर्छ। मानसिक समस्या (१०%) आप्रवासन सम्बन्धी समस्या (१०%) र आमाबुबाको संरक्षणबाट बञ्चित बालबालिका (९%) पनि बेचबिखनको महत्त्वपूर्ण कारकहरू हुन्। साथै, विदेशी भाषा वा शिक्षाको सीमितता भएका व्यक्तिहरू (३%) र शारीरिक अपाङ्गता भएका व्यक्तिहरू (६%) बेचबिखनको चक्रमा फस्ने उच्च सम्भावनामा रहन्छन्। यी कारकहरू एक अर्कासँग अन्तरसम्भावित छन् र तिनीहरूको समाधानका लागि सम्बन्धित, समावेशी र बहुक्षेत्रीय नीति र कार्ययोजना आवश्यक पर्दछ। मानव बेचबिखनका कूल घटनाहरू मध्ये ५९% जबर्जस्ती श्रमका लागि र ४१% यौन शोषणका लागि हुने गरेको तथ्याङ्कले देखाउँछ (UNODC, २०२२)। विदेश जानुअघि श्रमिकहरूले लिने ऋण, गैरकानूनी रूपमा असुल गरिने शूल्क र दलालहरूको संलग्नताले पनि उनीहरूलाई शोषणको चक्रमा पार्ने गरेको देखिन्छ।

बङ्गलादेश सरकारले मानव बेचबिखन नियन्त्रणका लागि विभिन्न कानूनी प्रावधानहरू निर्माण गरेको छ। सन् १९७२ को संविधानले नागरिकलाई मानव अधिकार र शोषणबाट संरक्षणको ग्यारेन्टी दिएको छ। मानव

6 UNODC. (2022). First National Study on Trafficking in Persions in Bangladesh

7 Ahmad, M. M., & Nusrat, R. (2022). Human Trafficking and Crimes in the Rohingya Refugee Camps in Bangladesh. In Handbook of Research on Present and Future Paradigms in Human Trafficking (pp. 26–42). IGI Global. https://doi.org/10.4018/978-1-7998-9282-3.ch003

बेचबिखन नियन्त्रण ऐन, २०१२ ले मानव बेचबिखनलाई आपराधिक क्रियाकलापका रूपमा परिभाषित गर्दै पीडितको संरक्षण सुनिश्चित गरेको छ। यस ऐनले उद्धार, पुनर्स्थापना र कानूनी सहायताको अनिवार्य व्यवस्था गरेको छ। बालबालिका ऐन, २०१३; वैदेशिक रोजगार तथा आप्रवासी ऐन, २०१३; श्रम ऐन, २००६ (संशोधन २०१८); दण्ड संहिता र प्रत्यर्पण ऐन, १९७४ ले कानूनी रूपमा मानव बेचबिखन विरुद्धको अभियानलाई थप मजबूत बनाएका छन्।[८]

मानव बेचबिखन नियन्त्रणका लागि बङ्गलादेशमा मन्त्रालय, प्रहरी, नागरिक समाज र विभिन्न सरकारी तथा गैरसरकारी निकायहरू सक्रीय छन्। गृह मन्त्रालयले समन्वयकारी भूमिका खेल्छ भने प्रहरीको मानव बेचबिखन नियन्त्रण एकाई तथा अपराध अनुसन्धान विभागले बेचबिखन सञ्जालको पहिचान, पीडितको उद्धार र मानव बेचबिखनमा संलग्न व्यक्तिहरूलाई कानूनी दायरामा ल्याउने काम गरेको छ। जिल्ला तथा स्थानीयस्तरमा राष्ट्रिय मानव बेचबिखन विरोधी समिति लगायतका निकायहरूले निगरानी र नीतिको कार्यान्वयनमा समन्वय गर्छन्। सरकारका विभिन्न सचेतनामूलक कार्यक्रमहरू टेलिभिजन, रेडियो, एस.एम.एस. र समुदायस्तरका छलफलमार्फत आमजनसमुदायमा सम्प्रेषण गरिरहेका छन्।[९] वैदेशिक रोजगारमा जान चाहने श्रमिकहरूका लागि प्रस्थानपूर्व अभिमूखीकरण कार्यक्रम अनिवार्य बनाइएको छ। महिला र घरेलु श्रमिकहरूका लागि ३० दिने तालिम कार्यक्रम पनि सञ्चालनमा छ। Bangladesh Overseas Employment and Services Limited ले जिल्लास्तरीय रोजगारी मेला आयोजना गर्दै सुरक्षित आप्रवासनकोबारेमा जानकारी दिने गरेको छ।[१०]

सन् २०२० मा मानव बेचबिखनका मुद्दाको शीघ्र समाधानका लागि सरकारले देशका प्रमुख सहरहरूमा मानव बेचबिखन विरोधी सातवटा विशेष अदालतहरू स्थापना गर्‍यो। साथै, कार्यकारी निकाय अन्तर्गत घुम्ती (मोबाइल) अदालतहरू पनि सञ्चालनमा ल्याइएका छन्। आप्रवासन तथा राहदानी विभागले नक्कली कागजात र अनियमित आप्रवासन रोक्न सुधारात्मक उपायहरू अगाडि सारेको छ। बङ्गलादेशले १५ भन्दा बढी देशहरूसँग द्विपक्षीय श्रम सम्झौता गर्दै विदेशमा कार्यरत श्रमिकहरूको सुरक्षा सुनिश्चित गर्ने प्रयास गरिरहेको छ। पछिल्ला वर्षहरूमा सामाजिक सञ्जाल र साइबर अपराधमार्फत महिला तथा किशोरीहरूलाई फसाउने, यौन शोषणमा पार्ने र श्रम बेचबिखन गर्ने घटनाहरू उल्लेख्य रूपमा बढेका छन्।[११]

## म्यानमार

म्यानमारमा मानव बेचबिखनले अत्यन्तै भयावह रूप लिएको छ, जसको प्रमुख कारणहरूमा राजनीतिक अस्थिरता, सशस्त्र द्वन्द्व, गरिबी र व्यापक रूपमा भएका आन्तरिक विस्थापन रहेका छन्। म्यानमार मानव बेचबिखनको स्रोत, ट्रान्जिट र गन्तव्य तीनवटै भूमिकामा देखिएको छ, जहाँ पीडितहरूलाई जबर्जस्ती श्रम, यौन शोषण, जबर्जस्ती विवाह र घरेलु दासका रूपमा प्रयोग गरिन्छ। रखाइन, काचिन, शानजस्ता द्वन्द्वग्रस्त क्षेत्रका महिला तथा बालिकाहरू, रोहिङ्ग्या समुदायका सदस्यहरू र आन्तरिक रूपमा विस्थापित सर्वसाधारणहरू मानव बेचबिखनका दृष्टिले विशेष जोखिममा रहेका छन्।[१२] अधिकांश पीडितहरूलाई रोजगारी वा विवाहको झूटो

8 Hassan, C. A., Billah, M., & Mahbub, F. (2024). The Implementation of Human Trafficking Laws in Bangladesh : Comparison with Malaysia. 8(2), 103–120.

9 U.S. Department of State. (2023). 2023 trafficking in persons report: Bangladesh.

10 Ahmed, A. (2016). Combating Sea-route Human Trafficking in Bangladesh: A Critical Analysis on Legal and Institutional Framework. Asian Journal of Research in Social Sciences and Humanities, 6(7), 969. https://doi.org/10.5958/2249-7315.2016.00481.0

11 U.S. Department of State. (2023). 2023 trafficking in persons report: Bangladesh.

12 Han, S. (2016). Human trafficking and ethnic minority problems in Myanmar.

आश्वासन दिँदै थाइल्याण्ड, चीन, मलेसिया, भारत र बंगलादेशजस्ता देशहरूमा बेचबिखन गरिन्छ। थाइल्याण्ड र मलेसियाजस्ता देशहरूमा जबर्जस्ती श्रमका लागि समेत बेचबिखन गर्ने गरिएको पाइन्छ भने चीनमा विशेष गरि युवतीहरूलाई जबर्जस्ती विवाहका लागि लाने गरिएको पाइन्छ।

सन् २०२१ को सैन्य 'कू' का कारण कमजोर भएको कानून कार्यान्वयन प्रणालीले जातीय अल्पसंख्यक र आप्रवासी समुदायलाई अझ जोखिममा पारेको छ।[१३] सन् २०१४ को जनगणनामा म्यानमारका एक-चौथाइभन्दा बढी जनसंख्याको नागरिकतामा पहुँच नभएको देखिएको छ, जसले गर्दा उनीहरू बेचबिखनको उच्च जोखिममा रहेका छन्। म्यानमारको मानव बेचबिखन विरुद्धको ऐन २००५ ले सबै प्रकारका बेचबिखनलाई आपराधिक कार्यको रूपमा परिभाषित गर्दै १० वर्षदेखि आजीवन कैदसम्मको सजायको व्यवस्था गरेको छ। उक्त ऐनले पीडितको संरक्षण र पुनःस्थापनाको व्यवस्था पनि गरेको छ। त्यस्तै, बालबालिका ऐन १९९३ ले बालश्रम र बालशोषणलाई निषेध गरेको छ भने म्यानमार दण्ड संहिता १८६१ मा अपहरण र दासत्वसम्बन्धी प्रावधान समावेश गरिएको छ।[१४]

मानव बेचबिखन न्यूनीकरणका लागि म्यानमार सरकारले उच्च जोखिम भएका सीमा क्षेत्र तथा समुदायमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, जापान तथा थाइल्याण्डजस्ता देशसँग औपचारिक श्रम सम्झौता गर्ने, तथा UNODC, IOM, UNICEF जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य गर्दै कानून कार्यान्वयन अधिकारीहरूलाई तालिम दिने कार्य गरिरहेको छ। जोखिममा रहेका समुदायमा चेतना फैलाउने र युवाहरूलाई लक्षित गर्दै सीपमूलक तालिम प्रदान गर्ने लगायतका प्रयास गरिएको छ। तर द्वन्द्वग्रस्त क्षेत्र तथा सरकारी नियन्त्रण बाहिरका स्थानहरूमा यी कार्यक्रमहरू पुग्न सकेका छैनन्।[१५]

### भुटान

भुटानमा भौगोलिक अवस्थिति, खुला सीमाना र बढ्दो अन्तर्राष्ट्रिय सम्पर्कका कारण मानव बेचबिखन एक बढ्दो समस्याको रूपमा देखा परेको छ। यद्यपि भुटान ठूलो मात्रामा मानव बेचबिखन हुने देशको रूपमा चिनिँदैन। यदाकदा भारतमा भुटानी महिलाहरू र किशोरीहरूलाई जबर्जस्ती श्रम र यौन शोषणका लागि बेचबिखन गर्ने गरेको पाइन्छ। भुटानभित्रै पनि मानव बेचबिखनका केही घटना हुने गरेका छन्, जसको प्रमुख कारणहरू गरिबी, बेरोजगारी, चेतनाको अभाव र सीमित आर्थिक अवसरहरू हुन्, जसले गर्दा मानिसहरू रोजगारीको प्रलोभनमा परि बेचबिखनमा पर्ने गरेका छन्। पछिल्ला वर्षहरूमा मानव बेचबिखनमा संलग्न व्यक्तिहरूले भुटानी महिलाहरूलाई घरेलु कामदारको रूपमा जबर्जस्ती श्रमका लागि इराक र ओमानसम्म पुर्‍याएका छन्।

भुटानले मानव बेचबिखन विरुद्ध कडा कानूनहरू बनाएको छ। मुख्य कानूनी दस्तावेज भुटान दण्डसंहिता (२००४) हो, जसको धारा १५४ ले मानव बेचबिखनलाई अपराधको रूपमा व्याख्या गर्दै जबर्जस्ती श्रम, बालश्रम र यौन दासत्व सम्बन्धी प्रावधानहरू समावेश गरेको छ। बाल स्याहार तथा संरक्षण ऐन (२०११) र श्रम तथा रोजगार ऐन (२००७) ले पनि बालश्रम र शोषणविरुद्ध कानूनी संरक्षण प्रदान गर्छन्।[१६] भुटानमा मानव बेचबिखन विरुद्धका कार्य भुटान प्रहरीले गर्दछ भने महिला तथा बालबालिका संरक्षण विभागले बेचबिखनसम्बन्धी

13 U.S. Department of State. (2024). 2024 trafficking in persons report: Burma.

14 Azalia, V., Fahrazi, M., & Hariyana, T. D. (2024). Legal Protection of Indonesian Citizens Who are Victims of Human Trafficking in Myanmar. Prophetic Law Review, 6(2), 219–240.

15 U.S. Department of State. (2024). *2024 traff*icking in persons report: Burma.

16 Fariha, T. A., & Fahim, H. K. (2024). Women Trafficking Legislation in SAARC : A Cross-Country Comparative Study. Lex Publica, 11(1), 72–95.

घटनाको अनुसन्धान गर्दछ र राष्ट्रिय महिला तथा बाल आयोगसँग समन्वय गर्दछ। श्रम तथा मानव संसाधन मन्त्रालयले वैदेशिक रोजगार नियमन र सुरक्षित श्रम आप्रवासन सुनिश्चित गर्ने काम गर्दछ।[१७]

भुटान सरकारले मानव बेचबिखन रोक्न विभिन्न प्रयासहरू गरिरहेको छ। विद्यालय र समुदायमा सचेतना अभिवृद्धि कार्यक्रम, भारतीय अधिकारीहरूसँगको सहकार्यमा सीमा निगरानी र रोजगारीको खोजीमा रहेका युवाहरूबीच बेचबिखनको जोखिमबारे जानकारी प्रवाह गर्ने कार्यक्रम सञ्चालनमा छन्। सुरक्षित आप्रवासनलाई प्रबर्द्धन गर्न बसाइँसराइँ पूर्व अभिमूखीकरण कार्यक्रमहरू पनि सञ्चालन गरिन्छ। भुटानको समग्र राष्ट्रिय खुशी (Gross National Happiness) नीतिले मानवको आत्मसम्मान र सामाजिक समावेशितालाई महत्त्व दिन्छ, जसले प्रत्यक्ष वा परोक्ष रूपमा मानव बेचबिखन विरुद्ध सहयोग पुर्‍याउँछ।

भुटान सरकारले पीडित पहिचान सम्बन्धी मानक कार्यविधि र सेवा तथा संरक्षण निर्देशिका तयार पारेको छ। राष्ट्रिय महिला तथा बालबालिका आयोगसँग मानव बेचबिखन र लैङ्गिक हिंसाका पीडितहरूका लागि संरक्षण सेवा र मुद्दा व्यवस्थापन गर्ने कार्यविधि छ। सन् २०२३ को अगस्टमा, सरकारले वैदेशिक रोजगारीबाट फर्किएका आप्रवासी श्रमिकहरूका लागि (जसमा बेचबिखन पीडितहरू पनि समावेश थिए) देशव्यापी कार्यक्रम सञ्चालन गरि पीडित साक्षी सहायता प्रदान गर्‍यो, जसमा आर्थिक तथा कानूनी सहायता समावेश थियो। देशभित्र हुने बेचबिखन नियन्त्रण गर्न सरकारले वैदेशिक आप्रवासी श्रमिकहरूको दर्ता तथा कार्यस्थल अनुगमन गरी श्रमिकको अधिकार र सुरक्षाको प्रत्याभूति गरेको छ। भुटान सरकारको उद्योग, वाणिज्य तथा रोजगार मन्त्रालयले वैदेशिक रोजगारीमा जान चाहने श्रमिकहरूलाई मानव बेचबिखन र वैदेशिक रोजगारीका जोखिमबारे अभिमुखीकरण कार्यक्रममा अनिवार्य सहभागिता गराउने व्यवस्था समेत गरेको छ।

17 U.S. Department of State. (2023). 2023 trafficking in persons report: Bhutan.

## परिच्छेद तीन

# सामाजिक-आर्थिक विशेषता

### ३.१. पृष्ठभूमि

मानव बेचबिखनको सामाजिक-आर्थिक पक्षसँग जोडिएका आयामहरू अत्यन्त जटिल र एकआपसमा अन्तर सम्बन्धित भएको पाइन्छ। गरिबी, बेरोजगारी, शिक्षा र चेतनाको अभाव, लैङ्गिक विभेद, सामाजिक असमानता र अवसरहरूको कमी मुख्य कारण हुन् जसले व्यक्तिहरूलाई मानव बेचबिखनको जोखिममा पार्छ। विशेष गरि नेपालको ग्रामीण तथा पिछडिएको क्षेत्रका महिला, बालबालिका र अशिक्षित व्यक्तिहरू बढी प्रभावित हुन्छन्। वैदेशिक रोजगारीको सपना देखाउँदै दलालहरूले झूटो प्रलोभनमा पारी शोषण गर्ने गरेका छन्। यी कारणहरूले मानव बेचबिखन सामाजिक र आर्थिक दुवै दृष्टिकोणबाट गम्भीर समस्या बन्न पुगेको छ।

### ३.२ उत्तरदाताको व्यक्तिगत विवरण

यस अध्ययनमा मानव बेचबिखन सम्बन्धी वास्तविक अवस्था र जोखिमको मूल्याङ्कन गर्न, उत्तरदाताहरूलाई दुई समूहमा वर्गीकरण गरि अध्ययन गरिएको छ। पहिलोमा प्रत्यक्ष रूपमा पीडित वा प्रभावित भएका व्यक्ति र दोस्रोमा समुदायमा रहेका सम्भावित पीडितहरू। तलको रेखाचित्रमा सोही वर्गीकरणको विवरण प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ३.१:**

मानव बेचबिखन पीडित/प्रभावित र समुदायमा रहेका सम्भावित जोखिम वर्गको वर्गीकरण




*स्रोत: स्थलगत सर्वेक्षण, २०८१*

माथिको रेखाचित्रमा ७२५ उत्तरदाताहरूमध्ये ५८.८७ प्रतिशत सम्भावित जोखिम वर्गमा रहेका छन् भने ४१.१६ प्रतिशत पीडित/प्रभावित उत्तरदाताहरू रहेका छन्।

## ३.३ मानव बेचबिखनका पीडित/प्रभावितको वर्गीकरण

मानव बेचबिखनको समस्या केवल अन्तर्राष्ट्रिय सीमा वारपार हुने बेचबिखन तथा ओसारपसारमा मात्र सीमित छैन, देशभित्रकै शहरहरूमा समेत जबर्जस्ती श्रम, यौन शोषण र अन्य प्रकारका शोषणका घटनाहरू हुने गरेको पाइन्छ। मानव बेचबिखनका पीडित व्यक्तिहरूको वर्गीकरणलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ३.१:**

मानव बेचबिखनका पीडित/प्रभावितको वर्गीकरण

| मानव बेचबिखनका पीडित/प्रभावितको वर्गीकरण | | | |
|---|---|---|---|
| **आन्तरिक र बाह्य** | **संख्या** | **कूल पीडित/प्रभावितहरूको वर्तमान स्थिति** | **संख्या** |
| आन्तरिक | १२८ | मनोरञ्जन क्षेत्रमा संलग्न | ११२ |
| बाह्य | १७० | पुनःस्थापना केन्द्रमा आश्रित | ८८ |
| | | समुदायमा पुनःएकीकरण भई जीवनयापन गरिरहेका | ९८ |
| **कूल** | **२९८** | | **२९८** |

*स्रोतः* स्थलगत सर्वेक्षण, २०८१

माथिको तालिकामा मानव बेचबिखनबाट प्रभावित व्यक्तिहरूलाई मुख्यतः दुई प्रकारले वर्गीकरण गरिएको छः आन्तरिक र बाह्य बेचबिखनबाट पीडित/प्रभावित। कूल २९८ जना पीडितमध्ये आन्तरिक रूपमा पीडित/प्रभावित भएका १२८ जना, जसमा ११२ जना व्यक्ति विशेष गरि मनोरञ्जन क्षेत्रमा रहेका छन्। यी व्यक्तिहरू दोहोरी साँझ, मसाज पार्लर, डान्स बारजस्ता स्थानहरूमा जबर्जस्ती श्रम वा यौन शोषणमा परेका छन्। यसै गरि १७० जना बाह्य रूपमा प्रभावित भएका छन्, ती व्यक्तिहरू नेपाल बाहिर विभिन्न मुलुकहरूमा मानव बेचबिखनमा परेका छन्। उनीहरूमध्ये ८८ जना अहिले पुनःस्थापना केन्द्र/संरक्षण गृहमा संस्थागत हेरचाहमा रहेका छन् भने बाँकी ९८ जना आफ्नो समुदायमा फर्केर जीवनयापन गरिरहेका छन्। यसरी हेर्दा मानव बेचबिखनको समस्या केवल विदेशमा मात्र होइन, देशभित्र पनि गम्भीर रूपमा फैलिएको देखिन्छ।

## ३.४ उत्तरदाताको, लिङ्ग, जात/जाति, शिक्षा र उमेरको अवस्था

### ३.४.१ उत्तरदाताको लिङ्ग

नेपालजस्तो विकासोन्मुख देशमा मानव बेचबिखन अझै पनि एक गम्भीर सामाजिक, आर्थिक तथा लैङ्गिक समस्या बनेको छ। यस्ता जोखिमयुक्त अवस्था र तिनको परिणामस्वरूप पीडित/प्रभावित र सम्भावित जोखिममा रहेका व्यक्तिहरूको पहिचान गर्न गरिएका अध्ययनहरूबाट विभिन्न लैङ्गिक समूहहरू कसरी प्रभावित भएका छन् भन्ने तथ्यलाई बुझ्न सकिन्छ। यसै सन्दर्भमा, तलको रेखाचित्रले मानव बेचबिखनसँग सम्बन्धित पीडित/प्रभावित तथा सम्भावित जोखिम उत्तरदाताहरूको लैङ्गिक वितरण प्रस्तुत गर्दछ।

**रेखाचित्र ३.२:**

मानव बेचबिखन पीडित/प्रभावित र समुदायमा रहेका सम्भावित जोखिमको लिङ्ग (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८१

माथिको रेखाचित्रमा २९८ पीडित/प्रभावित उत्तरदाताहरूमध्ये ८३ प्रतिशत महिला, १६ प्रतिशत पुरुष र १ प्रतिशत यौनिक तथा अल्पसंख्यक रहेका छन् भने ४२७ सम्भावित जोखिम उत्तरदाताहरूमध्ये ९३ प्रतिशत महिला, ७ प्रतिशत पुरुष रहेका छन्। दुवै समूहमा महिला उत्तरदाताहरूको संख्या ८० प्रतिशतभन्दा बढी रहेको छ ।

### ३.४.२ उत्तरदाताको जात/जाति

नेपालको सामाजिक संरचना, जातीय र सांस्कृतिक विविधताले भरिपूर्ण छ, तर यही विविधता कहिलेकाहीँ सामाजिक, आर्थिक र संरचनागत असमानताको आधार पनि बन्न पुग्छ। मानव बेचबिखनजस्तो गम्भीर अपराधमा जातीय पृष्ठभूमिको विशेष भूमिका देखिन्छ। शिक्षा, रोजगारी, पहुँच, आर्थिक अवस्था र सामाजिक सशक्तिकरणमा हुने असमानताले केही जातीय समूहहरूलाई अझ बढी असुरक्षित वा निस्सहाय (vulnerable) बनाउँछ। यस सन्दर्भमा तलको रेखाचित्रले मानव बेचबिखनका पीडित/प्रभावित र सम्भावित जोखिम उत्तरदाताहरूको जातीय प्रतिनिधित्वलाई विश्लेषण गरी जोखिममा रहेका समुदायहरू पहिचान गर्ने प्रयास गरिएको छ।

**रेखाचित्र ३.३:**

मानव बेचबिखन पीडित/प्रभावित र समुदायमा रहेका सम्भावित जोखिमको जात/जाति (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८१

माथिको रेखाचित्रमा मानव बेचबिखनका पीडित/प्रभावित तथा सम्भावित जोखिम जातजातिहरूको विश्लेषण गर्दा पीडित/प्रभावित तथा सम्भावित जोखिम दुवैमा आदिवासी/जनजातिहरूको प्रतिशत बढी देखिएको छ। कूल पीडित/प्रभावितमध्ये आदिवासी/जनजाति ५९ प्रतिशत, खस/आर्य २३ प्रतिशत, दलित १५ प्रतिशत, मधेशी २ प्रतिशत र अन्य १ प्रतिशत रहेका छन्। सोही प्रकारले कूल सम्भावित जोखिममध्ये आदिवासी/जनजाति ४३ प्रतिशत, खस/आर्य १९ प्रतिशत, दलित १९ प्रतिशत, मधेशी १५ प्रतिशत र अन्य ३ प्रतिशत रहेका छन् ।

### ३.४.३ उत्तरदाताको वैवाहिक स्थिति

मानव बेचबिखनका घटनाहरू विश्लेषण गर्दा पीडित वा सम्भावित जोखिम पारिवारिक स्थिति (वैवाहिक अवस्था) पनि एक महत्त्वपूर्ण कारकका रूपमा देखिन्छ। विवाह, सम्बन्ध विच्छेद वा एकल जीवनशैली जस्ता वैवाहिक अवस्थाहरूले व्यक्तिको सामाजिक, आर्थिक र भावनात्मक स्थितिमा प्रभाव पार्ने भएकाले उनीहरू कति जोखिममा छन् भन्ने निर्धारण गर्न सकिन्छ। यस पृष्ठभूमिमा तलको तालिकाले मानव बेचबिखनका पीडित/प्रभावित तथा सम्भावित जोखिम उत्तरदाताहरूको वैवाहिक अवस्थाको विवरण प्रस्तुत गरेको छ, जसले जोखिम अवस्थाको थप विश्लेषण गर्न मद्दत पुग्दछ।

**तालिका ३.२:**

मानव बेचबिखन पीडित/प्रभावित र समुदायमा रहेका सम्भावित जोखिमको वैवाहिक स्थिति (प्रतिशतमा)

| उत्तरदाता | विवाहित | अविवाहित | एकल | पारपाचुके | भिन्न बसेको |
|---|---|---|---|---|---|
| **पीडित/प्रभावित** | ५० | ४३ | २ | २ | ३ |
| **सम्भावित जोखिम** | १८ | ८१ | ० | ०.२३ | ०.७७ |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

माथिको तालिकामा २९८ जना पीडित/प्रभावित उत्तरदाताहरूमध्ये ५० प्रतिशत विवाहित, ४३ प्रतिशत अविवाहित, २ प्रतिशत एकल, २ प्रतिशत पारपाचुके गरेका र ३ प्रतिशत भिन्न बसेका छन् भने ४२७ सम्भावित जोखिम उत्तरदाताहरूमध्ये १८ प्रतिशत विवाहित, ८१ प्रतिशत अविवाहित, ०.२३ प्रतिशत पारपाचुके गरेका र ०.७७ प्रतिशत भिन्न बसेका छन्।

### ३.४.४ उत्तरदाताको शिक्षा

शिक्षा व्यक्ति र समुदायको सशक्तिकरणको मुख्य माध्यम हो, जसले रोजगारीका अवसर, चेतनाकोस्तर, आत्मविश्वास र निर्णय क्षमता बढाउने भूमिका खेल्दछ। मानव बेचबिखनजस्ता आपराधिक गतिविधिबाट सुरक्षित रहन शिक्षा एक प्रभावकारी सुरक्षा कवच बन्न सक्छ। अध्ययनहरूले देखाएका छन् कि शिक्षास्तर कम भएका व्यक्तिहरू गलत सूचना, लोभलालच वा जबर्जस्तीको शिकार बन्ने सम्भावना बढी हुन्छ। यस सन्दर्भमा शिक्षाको अभावले मानव बेचबिखनको जोखिममा पार्न सक्ने सम्भावनालाई विश्लेषण गर्नका लागि पीडित/प्रभावित र सम्भावित जोखिम उत्तरदाताहरूको शैक्षिक पृष्ठभूमिको तुलनात्मक अध्ययन गरिएको छ।

रेखाचित्रमा सम्भावित जोखिम र पीडित/प्रभावित उत्तरदाताहरूमा शिक्षाको आधारमा विश्लेषण गर्दा सम्भावित जोखिम वर्गमा रहेका उत्तरदाताहरूमध्ये माध्यमिक र उच्चशिक्षा हासिल गरेका बढी अर्थात ७४ प्रतिशत जति

छन् भने पीडित /प्रभावित वर्गका उत्तरदाताहरू माध्यमिक र उच्च शिक्षा हासिल गरेका ३९ मात्र प्रतिशत मात्र छन्। त्यस्तै, पीडित /प्रभावित वर्गमा आधारभूत, सामान्य र निरक्षर उत्तरदाता ६१ प्रतिशत रहेको छन्। यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने शिक्षाकोस्तर कम भएको व्यक्तिहरू मानव बेचबिखनको दृष्टिकोणमा बढी जोखिममा रहने तथ्यलाई पुष्टि गर्दछ।

**रेखाचित्र ३.४:**

मानव बेचबिखन पीडित/प्रभावित र समुदायमा रहेका सम्भावित जोखिमको शैक्षिक स्तर (प्रतिशतमा)




*स्रोत: स्थलगत सर्वेक्षण, २०८१*

### ३.४.५ उत्तरदाताको उमेर

पीडित तथा सम्भावित जोखिम वर्ग कुन उमेर समूहका छन् भन्ने कुरा बुझ्नाले जोखिममा रहेका वर्गहरूको पहिचान गर्न र त्यसअनुसार नीति निर्माण तथा हस्तक्षेपका कार्यक्रम तयार गर्न सहयोग पुर्‍याउँछ। यस सन्दर्भमा मानव बेचबिखनसँग सम्बन्धित उमेरगत वितरणलाई विश्लेषण गर्न प्रस्तुत गरिएको रेखाचित्रले पीडित/प्रभावित तथा सम्भावित जोखिम दुवै समूहका व्यक्तिहरू कुन उमेर समूहमा बढी केन्द्रित छन् भन्ने स्पष्ट गर्दछ।

रेखाचित्रको विश्लेषण गर्दा मानव बेचबिखनका पीडित/प्रभावित र सम्भावित जोखिम दुवै समूहमा दुई तिहाइभन्दा बढी व्यक्ति ३० वर्ष भन्दा कम उमेर समूहका रहेका छन्। पीडित/प्रभावितहरूमा १८ वर्ष भन्दा कम उमेर समूहको २७ प्रतिशत, १८ देखि २२ वर्ष उमेर समूहका २६ प्रतिशत, २३ देखि २७ वर्षका २४ प्रतिशत, २८ देखि ३२ वर्षका १३ प्रतिशत, र ३३ देखि ३७ वर्षका ८ प्रतिशत रहेका छन्। यस्तै, पीडित/प्रभावितहरू मध्ये १६ वर्षभन्दा कम उमेर समूहका १४ प्रतिशत रहेका छन्। त्यसैगरी, सम्भावित जोखिम व्यक्तिहरूमा १८ देखि २२ वर्ष उमेर समूहका ३३ प्रतिशत, २३ देखि २७ वर्षका २१ प्रतिशत, २८ देखि ३२ वर्षका ११ प्रतिशत, र ३३ देखि ३७ वर्षका ६ प्रतिशत रहेका छन्।

**रेखाचित्र ३.५**

मानव बेचबिखनको जोखिममा रहेका/परेका पीडित/प्रभावित र सम्भावित जोखिमको उमेरगत अध्ययन (प्रतिशतमा)




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

## ३.५ पारिवारिक विवरण

### ३.५.१ सेवा सुविधामा पहुँच

सेवा सुविधामा पहुँच कुनै पनि व्यक्तिको जीवनस्तर, सुरक्षा अवस्था तथा जोखिमप्रति संवेदनशीलता मापन गर्ने महत्त्वपूर्ण सूचकहरू मध्ये एक हो। मानव बेचबिखनको जोखिम र त्यसको प्रभाव विश्लेषण गर्दा व्यक्तिको वा परिवारको आधारभूत सेवा सुविधामा पहुँच (जस्तैः पिउने पानी, बिजुली, सञ्चार, खाना पकाउने स्रोत, सूचना प्रविधि) कति छ भन्ने कुरा निर्णायक बन्न सक्छ। पहुँचको अभावले व्यक्ति र परिवारलाई अझ बढी सामाजिक, आर्थिक र सूचना सम्बन्धी असुरक्षामा राख्ने भएकाले, त्यस्ता व्यक्ति र परिवारले बेचबिखन जस्ता शोषणका घटनाको सामना गर्ने सम्भावना अझ बढ्छ। यस सन्दर्भमा तल प्रस्तुत तालिकाले मानव बेचबिखनका पीडित/प्रभावित तथा सम्भावित जोखिम परिवारहरूको सेवा सुविधामा पहुँचको अवस्था तुलना गरि जोखिमको तह तथा सामाजिक संरचनाको विषमता बुझ्न सहयोग पुऱ्याउँछ ।

**तालिका ३.३:**

पीडित/प्रभावित तथा सम्भावित जोखिम परिवारको सेवा सुविधामा पहुँच (प्रतिशतमा)

| पीडित/प्रभावित | | सम्भावित जोखिम | |
|---|---|---|---|
| **सुविधा** | **पहुँच (प्रतिशतमा (%))** | **सुविधा** | **पहुँच (प्रतिशतमा (%))** |
| पिउने पानीको धारा | ८२ | पिउने पानीको धारा | ८९ |
| बिजुली बत्ती | ९१ | बिजुली बत्ती | ९९ |
| खाना पकाउने ग्यास | ५३ | खाना पकाउने ग्यास | ६६ |
| रेडियो | २९ | रेडियो | २१ |
| टेलिभिजन | ४३ | टेलिभिजन | ५९ |
| मोबाइल फोन | ८८ | मोबाइल फोन | ९९ |
| इन्टरनेट | ३४ | इन्टरनेट | ४२ |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

माथिको तालिकामा मानव बेचबिखनका पीडित/प्रभावित तथा सम्भावित जोखिम परिवारहरूको सेवा सुविधामा पहुँचको अवलोकन गर्दा केही महत्त्वपूर्ण अन्तरहरू देखिन्छन्। जस्तैः ८२ प्रतिशत पीडित/प्रभावित परिवारहरूले पिउने पानीको धारामा पहुँच पाएका छन् भने ८९ प्रतिशत सम्भावित परिवारहरूको सो सेवामा पहुँच पुगेको छ। त्यस्तै, ९१ प्रतिशत पीडित/प्रभावित परिवारहरूले बिजुली बत्तीको सुविधामा पहुँच पाएका छन् भने ९९ प्रतिशत सम्भावित परिवारहरूले यो सुविधामा पहुँच पाएका छन्। तर, खाना पकाउने ग्यासको पहुँचमा भने त्यस्तो सुविधा प्राप्तिमा ठूलो अन्तर देखिन्छ, जहाँ केवल ५३ प्रतिशत पीडित/प्रभावित परिवारहरूले सुविधा पाएका छन् भने ६६ प्रतिशत सम्भावित जोखिम परिवारहरूले यो सुविधा पाएका छन्। यस्तै, सञ्चार सुविधाको सन्दर्भमा २९ प्रतिशत पीडित/प्रभावित परिवारहरूसँग रेडियोको र ४३ प्रतिशतसँग टेलिभिजनको पहुँच छ भने केवल २१ प्रतिशत सम्भावित परिवारहरू रेडियोको र ५९ प्रतिशत टेलिभिजनको सुविधामा पहुँच पाएका छन्। मोबाइल फोनको पहुँच दुवै समूहमा उच्च देखिए पनि सम्भावित परिवारहरूमा झनै बढी ९९ प्रतिशत देखिन्छ भने पीडित/प्रभावितमध्ये ८८ प्रतिशतले मात्र मोबाइल फोनको सुविधामा पहुँच पाएका छन्। यस्तै, इन्टरनेट सेवामा पहुँच पाउनेमा पनि सम्भावित परिवार अगाडि देखिन्छ। यस्तो सुविधा पाउनेमा ३४ प्रतिशत पीडित/ प्रभावित परिवारहरू छन् भने ४२ प्रतिशत सम्भावित परिवारहरूमा यो सुविधा पुगेको छ। यी तथ्याङ्कहरूले मानव बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिहरूको सेवा सुविधामा पहुँच सम्भावित परिवारहरू भन्दा केही हदसम्म कम रहेको देखिन्छ।

रेखाचित्रमा मानव बेचबिखन सम्बन्धी तथ्याङ्क संकलनको क्रममा उत्तरदाताहरूको पारिवारिक पृष्ठभूमि समेत विश्लेषण गरिएको छ। यस विश्लेषणमा विशेष रूपमा आश्रित बालबालिकाको अवस्थाबारे महत्त्वपूर्ण तथ्यहरू प्राप्त भएका छन्। स्थलगत सर्वेक्षणमा सहभागी भएका उत्तरदाताहरूमध्ये १५ प्रतिशत पीडित/प्रभावितहरूसँग एक वा एकभन्दा बढी आश्रित बालबालिका रहेको पाइएको छ। यसले के संकेत गर्दछ भने पीडित/प्रभावितहरू

बेचबिखनको शिकार हुनुका साथै अभिभावकीय जिम्मेवारी पनि वहन गरिरहेका छन्, जसले उनीहरूलाई अझ संवेदनशील र जोखिमपूर्ण अवस्थामा पुऱ्याएको देखिन्छ। बाँकी ८५ प्रतिशत उत्तरदाताहरूसँग भने कुनैपनि आश्रित बालबालिका नरहेको देखिन्छ।

### रेखाचित्र ३.६

मानव बेचबिखन पीडित/प्रभावितसँग आश्रित बालबालिका (प्रतिशतमा)




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

**संक्षेपमा,**

मानव बेचबिखन सम्बन्धी गरिएको यस अध्ययनले मानव बेचबिखनमा पर्नुको प्रमुख मध्येको कारणमा आर्थिक पक्ष रहेको र त्योसँगै सामाजिक पक्ष, समाजमा उपलब्ध सुविधा समेत रहेको देखिन्छ। विशेषतः समाजमा व्याप्त गरिबी, बेरोजगारी, शिक्षाको अभाव, लैङ्गिक विभेद, सामाजिक असमानता र अवसरहरूको कमी जस्ता कारकहरूले व्यक्तिहरूलाई मानव बेचबिखनको जोखिममा पार्ने गर्दछ। यस्तै, ग्रामीण तथा पीछडिएको क्षेत्रका महिला, बालबालिका र अशिक्षित व्यक्तिहरू बढी प्रभावित हुने गरेको पाइन्छ।

स्थलगत सर्वेक्षणको तथ्याङ्क अनुसार उत्तरदाताहरूलाई दुई समूहमा वर्गीकृत गरिएको छ - पीडित/प्रभावित र सम्भावितः यस दृष्टिकोणमा पचास प्रतिशतभन्दा बढी उत्तरदाताहरू सम्भावित तर्फ रहेका छन्। यस्तै, मानव बेचबिखन पीडितहरूको लैङ्गिक दृष्टिकोणका आधारमा विश्लेषण गर्दा महिलाहरू सर्वाधिक प्रभावित भएको देखिएका छन्, जहाँ ८३ प्रतिशत पीडित/प्रभावित र ९३ प्रतिशत सम्भावित पीडित महिलाहरू छन्। त्यस्तै, जात/जातिगत आधारमा विश्लेषण गर्दा आदिवासी/जनजातिहरू बढी प्रभावित रहेका छन्। यस्तै, विवाहको अवस्थाले पनि मानव बेचबिखनसँग गहिरो सम्बन्ध राखेको देखिन्छ, जहाँ विवाहित तथा सम्बन्ध विच्छेद भएका व्यक्तिहरूको बेचबिखनमा पर्ने सम्भावना उल्लेखनीय रहेको पाइयो। शिक्षाको पहुँचका आधारबाट विश्लेषण गर्दा शिक्षितभन्दा अशिक्षित वा निरक्षर व्यक्तिहरू मानव बेचबिखनमा पर्न सक्ने सम्भावना बढी रहेको देखिन्छ। उमेरको हिसाबले अधिकांश पीडितहरू किशोर वा युवा अवस्थामै बेचबिखनमा परेको पाइयो।

यस्तै, पारिवारिक सेवा सुविधाको पहुँचको आधारमा हेर्दा पीडित/प्रभावित परिवारहरू सम्भावित परिवारहरूको तुलनामा पछाडि देखिएका छन्, बिशेषतः विजुली, खाना पकाउने ग्यास, इन्टरनेट र सञ्चारजस्ता सुविधामा उल्लेख्य अन्तर देखिन्छ, जसले सेवा सुविधामा पहुँच र बेचबिखनको जोखिमबीचको सम्बन्ध झल्काउँछ।

परिच्छेद चार

# मानव बेचबिखन तथा ओसारपसारको वर्तमान अवस्था, कारण, स्वरूप र माध्यमहरू

## ४.१ पृष्ठभूमि

मानव बेचबिखन तथा ओसारपसार विश्वमा गम्भीर मानव अधिकार उल्लङ्घनको रूपमा देखा परेको छ। नेपाल पनि यस समस्याबाट अछुतो छैन। नेपालमा मानव बेचबिखन विशेष गरी भारत, खाडी मुलुकहरू, अफ्रिका र युरोपियन देशहरूतर्फ हुने गरेको छ। पछिल्ला वर्षहरूमा वैदेशिक रोजगारीको नाममा कामदारहरू ठगीमा परेर ओसारपसार हुने घटनाहरू बढ्दो देखिन्छ। घरेलु काम, यौन शोषण, जबर्जस्ती श्रम, कागजी विवाह, अंग बेचबिखनजस्ता स्वरूपहरूमा बेचबिखन भइरहेको देखिन्छ।

मानव बेचबिखनका कारणहरू धेरै र जटिल छन् जसले समाजमा गहिरो असर पारिरहेको छ। मानव बेचबिखन बढ्नुको प्रमुख कारण राजनैतिक अस्थिरता पनि हो। राजनैतिक अस्थिरताले कानून कार्यान्वयनको अवस्था कमजोर बनाउँछ जसले गर्दा आपराधिक समूहहरूलाई सक्रीय हुन सजिलो हुन्छ। त्यसै गरि प्राकृतिक विपद्हरू जस्तै भूकम्प र कोरोना महामारीले पनि मानिसहरूलाई असुरक्षित बनाउँछ जसको फाइदा उठाएर मानव बेचबिखनमा संलग्न व्यक्तिहरूले बेचबिखनमा पार्न सक्छ। यस्तै, लैङ्गिक तथा सामाजिक विभेद जस्तै गरीबी, आर्थिक विपन्नता र बेरोजगारीले मानव बेचबिखनलाई बढावा दिएको पाइन्छ। सामाजिक विभेदमा परेको मानिसले आफूलाई त्यो खाडलबाट बाहिर निकाल्ने हेतु आर्थिक पक्ष सबल बनाउने चाहनामा छिटो पैसा कमाउने भिन्न कार्य गर्न तयार हुने/गराउने वा वैदेशिक रोजगारको सपना देखाउने झूठा आश्वासनमा विश्वास जनाउने गर्दछ।

## ४.२ मानव बेचबिखन तथा ओसारपसारका वर्तमान अवस्था र कारणहरू

मानव बेचबिखनमा पर्ने कारक तत्वहरूमध्ये अशिक्षा र चेतनाको कमी पनि एक महत्त्वपूर्ण कारण हो, जसले गर्दा मानिसहरू जोखिमको पहिचान गर्न सक्दैनन् र सजिलै झुक्किन्छन्। त्यस्तै, आप्रवासन र बसाइँसराइँको प्रवृत्तिले पनि मानिसहरूलाई अपरिचित ठाउँमा असुरक्षित बनाउँछ। नेपाल-भारत खुला सीमानाको कारणले गर्दा प्रशासनिक निगरानीमा चुनौती सृजना गरिरहेको र भारत हुँदै तेस्रो मुलुकमा हुने मानव बेचबिखनमा संलग्न व्यक्तिहरूलाई आफ्ना गतिविधिहरू सञ्चालन गर्न सजिलो भएको पाईन्छ। विश्वव्यापीकरण र वैदेशिक रोजगारप्रतिको आसक्तिले मानिसहरूलाई विदेश जान लोभ्याउँछ, जसमा दलालहरूले झुटा आश्वासन दिएर बेचबिखन गर्न सक्छन्।

त्यस्तै, हिंसा र सामाजिक विभेदले विशेष गरि महिलाहरू र कमजोर वर्गका मानिसहरूलाई बढी जोखिममा पार्दछ। पारिवारिक बिचलन जस्तैः पारिवारिक झगडा, पारिवारिक बिखण्डन वा असहज वातावरणले महिला तथा युवाहरूलाई घर छोड्न बाध्य पार्छ, जसको फाइदा मानव बेचबिखनमा संलग्न व्यक्तिले उठाउँछन्। साथै, मानव बेचबिखन गोप्य रूपमा हुने, पहिचान गर्न कठीन हुने र माग पक्षको अनुगमन तथा नियन्त्रण नहुनुजस्ता कारणहरूले पनि यसको नियन्त्रणमा चुनौती थपिएको छ। यी सबै कारणहरूलाई सम्बोधन नगरी

मानव बेचबिखनको अन्त्य असम्भव जस्तै देखिन्छ। त्यसैले मानव बेचबिखनलाई निर्मूल वा न्यूनीकरण गर्न दीर्घकालीन र सम्भावित प्रयास आवश्यक छ।

### ४.२.१ प्रदेशगत तथा जिल्लागत विवरण

#### प्रदेशस्तरमा मानव बेचबिखनको वर्तमान अवस्था

मानव बेचबिखनको घटना सामाजिक, आर्थिक, भौगोलिक तथा सांस्कृतिक विविधताअनुसार फरक-फरक ढंगले हुने गरेको देखिन्छ। नेपालजस्तो भौगोलिक विविधता भएको देशमा प्रदेशगत विश्लेषणले मानव बेचबिखन कुन क्षेत्र वा समुदायमा बढी केन्द्रित छ भन्ने बुझ्न सहयोग पुर्‍याउँछ। जनसंख्या घनत्व, रोजगारीको अवस्था, शहरीकरण, यातायात तथा सीमाना नजिकको पहुँचजस्ता पक्षहरूले पनि मानव बेचबिखनको प्रवृत्तिमा प्रभाव पार्न सक्छन्। विशेष गरि सुगम र शहरी क्षेत्र तथा जनजातिको बाहुल्य भएका समुदायहरूमा सामाजिक-आर्थिक अस्वस्थ प्रतिस्पर्धा, अवसरको खोजी र दलालहरूको सक्रीयता बढी देखिन्छ। यस सन्दर्भमा तलको रेखाचित्रले मानव बेचबिखनका पीडित/प्रभावितहरूको प्रदेशगत वितरण प्रस्तुत गर्दै यस समस्याको भौगोलिक सन्दर्भमा विश्लेषण गर्न मद्दत पुर्‍याउँछ।

**रेखाचित्र ४.१:**

प्रदेशको आधारमा मानव बेचबिखनको अवस्था




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

माथिको रेखाचित्रमा छनोटमा परेका जिल्लाहरूको आधारमा मानव बेचबिखनका पीडितहरूलाई प्रदेशगत हिसाबले हेर्दा सबैभन्दा बढी बागमती प्रदेशमा ५१ प्रतिशत, कोशी प्रदेशमा १३ प्रतिशत, गण्डकी प्रदेशमा ११ प्रतिशत, सुदुरपश्चिम प्रदेशमा १० प्रतिशत, लुम्बिनी  प्रदेशमा ६ प्रतिशत, मधेश प्रदेशमा ५ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ४ प्रतिशत रहेको छ। तथ्याङ्कलाई विश्लेषण गर्दा सुगम र जनजातिहरूको बाहुल्यता भएको स्थानहरूमा मानव बेचबिखन बढी भएको पाइएको छ।

#### जिल्लास्तरमा मानव बेचबिखनको वर्तमान अवस्था

मानव बेचबिखनको समस्या स्थान विशेषअनुसार भिन्न रूपले देखिने गर्दछ, जसमा केही जिल्लाहरू विभिन्न सामाजिक, आर्थिक, भौगोलिक तथा संरचनागत कारणले बढी प्रभावित हुने गरेका छन्। बेचबिखनका दृष्टिकोणमा जोखिमका स्रोतहरू जस्तैः गरिबी, बेरोजगारी, सीमावर्ती क्षेत्रको उपस्थिति, साक्षरताको अभाव र दलालहरूको

सक्रियता जिल्लागत रूपमा विश्लेषण गर्दा स्पष्ट रूपमा देखिन्छन्। यही सन्दर्भमा तलको नक्शाले नेपालका विभिन्न जिल्लाहरूमा मानव बेचबिखनको असर कति देखिएको छ भन्ने तुलना गर्दै बढी तथा कम प्रभावित जिल्लाहरूलाई दृश्यात्मक रूपमा प्रस्तुत गरेको छ, जुन नीतिगत तथा कार्यान्वयन तहमा महत्त्वपूर्ण मार्गदर्शक बन्न सक्छ।

**रेखाचित्र ४.२:**

पीडित/प्रभावितहरूको जिल्लागत विवरण



*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

माथिको नक्शामा ११ वटा जिल्ला र पुनःस्थापना केन्द्रहरूबाट संकलित तथ्याङ्कको आधारमा गरिएको अध्ययनले २७ वटा छायाँ नपरेका जिल्लाहरू बाहेक अन्य जिल्लामा मानव बेचबिखनका पीडित/प्रभावितहरू देखिएको छ, छायाँ परेका जिल्लाहरू मानव बेचबिखनका दृष्टिकोणले प्रभावित जिल्लाहरूलाई देखाइएको छ। गाढा छायाँले बढी प्रभावित र फिक्का छायाँले कम प्रभावित जिल्लाहरूलाई प्रतिनिधित्व गरेको छ। संकलित तथ्याङ्कको आधारमा जिल्लागत हिसाबले हेर्दा मकवानपुर र सिन्धुपाल्चोक जिल्ला बढी प्रभावित देखिन्छन् भने नुवाकोट, कञ्चनपुर, झापा र कास्की लगायत अन्य जिल्लाहरू कम प्रभावित जिल्लाको रूपमा देखिएका छन्।

## ४.३ बेचबिखनका कारण

### ४.३.१ पारिवारिक कारण

#### मानव बेचबिखनमा पारिवारिक विखण्डन र मादक पदार्थ सेवनको प्रभाव

मानव बेचबिखन एक जटिल सामाजिक समस्या हो जसको प्रभाव व्यक्तिको व्यक्तिगत, पारिवारिक र सामाजिक जीवनमा गहिरो रूपमा पर्न जान्छ। पारिवारिक वातावरण विशेष गरि घरमा हुने झगडा, मेलमिलापको अवस्था तथा मादक पदार्थ सेवन जस्ता व्यवहारहरूले मानव बेचबिखनका पीडित/प्रभावित हुने सम्भावनामा गहिरो प्रभाव पार्ने देखिएको छ । उक्त अवस्थालाई निम्न रेखाचित्रहरूमा प्रस्तुत गरिएको छ।

**रेखाचित्र ४.३:**

मानव बेचबिखनमा पारिवारिक सम्बन्ध र मादक पदार्थ सेवनको प्रभाव

**परिवारमा मादक पदार्थको प्रयोग**




*स्रोत: स्थलगत सर्वेक्षण, २०८१*

माथिको रेखाचित्रहरूमा मानव बेचबिखनका पीडित/प्रभावित र सम्भावितहरूको घरपरिवारमा झगडा र मेलमिलापको अवस्थालाई देखाएको छ। जुन घरपरिवारमा मेलमिलापको वातावरण राम्रो छ उक्त परिवारमा पीडित/प्रभावित कम देखिन्छ र जुन घरपरिवारमा मेलमिलापको वातावरण राम्रो छैन उक्त परिवारमा पीडित/प्रभावित बढी देखिन्छ। सोही प्रकारले जुन घरपरिवारमा मादक पदार्थको कारणले झगडा हुन्छ उक्त परिवारमा पीडित/प्रभावित बढी पाइएको र जुन घरपरिवारमा मादक पदार्थको कारणले झगडा कम छ वा हुँदैन उक्त परिवारमा पीडित/प्रभावित कम पाइएको छ।

**पारिवारिक संरचना र विपत्ति**

मानव बेचबिखनलाई पारिवारिक संरचना, प्राकृतिक विपत्ति, गम्भीर रोगका कारण समाजका कमजोर र जोखिममा रहेका वर्गहरूलाई गम्भीर रूपमा प्रभावित पारेको हुनसक्छ, यसको प्रभावलाई तलको रेखाचित्रहरूमा प्रस्तुत गरिएको छ।

**रेखाचित्र ४.४ :**

पीडित/प्रभावितहरूको पारिवारिक विवरण




*स्रोत: सर्वेक्षण, २०८१*

माथिका रेखाचित्रहरूमा देखिए अनुसार मानव बेचबिखनमा पर्ने पीडितहरू मध्ये लगभग तीन-चौथाई एकल परिवारका र एक-चौथाई संयुक्त परिवारका रहेको पाइन्छ। संयुक्त परिवारको तुलनामा एकल परिवारमा मानव बेचबिखनमा संलग्नहरूले विभिन्न प्रकारका प्रलोभन, डर र त्रास सिर्जना गर्न सजिलो हुने भएकाले यस्ता परिवारहरूबाट पीडित हुनेहरूको संख्या बढी देखिनु सान्दर्भिक मानिन्छ।

त्यसैगरि पीडित/प्रभावितहरूमध्ये ९५ प्रतिशतमा कुनै पनि प्रकारको प्राकृतिक विपत्ति नआएको पाइएको छ भने मात्र ५ प्रतिशत पीडित/प्रभावितहरूको घरमा प्राकृतिक विपत्ति घटेको देखिएको छ। यसबाट यो निष्कर्ष निकाल्न सकिन्छ कि प्राकृतिक विपत्तिमात्र मानव बेचबिखनको प्रमुख कारण होइन।

यस्तै, २६ प्रतिशत पीडित/प्रभावितको घरमा परिवारका कुनै सदस्य गम्भीर रोगबाट पीडित रहेको पाइयो भने सम्भावित पीडितको परिवारमा गम्भीर रोगबाट पीडित हुने ८ प्रतिशत घरपरिवार रहेको पाइन्छ। माथिको रेखाचित्र अनुसार परिवारमा कुनै सदस्य गम्भीर रोगबाट पीडित हुँदैमा मात्र मानव बेचबिखनमा नपरे तापनि गरिब परिवारमा कुनै सदस्य गम्भीर रोगबाट पीडित भएमा मानव बेचबिखनमा पर्ने सम्भावना केही मात्रामा भए पनि बढाउन सक्ने अवस्था देखिन्छ।

### ४.३.२ सार्वजनिक सेवाहरूमा पहुँच

मानव बेचबिखनलाई सार्वजनिक सेवाहरूमा (जस्तैः स्वास्थ्य संस्था, शिक्षण संस्था, प्रहरी कार्यालय, अदालत आदि) व्यक्तिहरूको पहुँच के कस्तो छ ती सेवाहरूले समेत प्रभाव पार्ने हुँदा तत् सेवाहरूको पहुँचबाट हुने प्रभावलाई तलको रेखाचित्रहरूमा प्रस्तुत गरिएको छ।

**रेखाचित्र ४.५:**

सार्वजनिक सेवाहरूमा पहुँच




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

माथिका रेखाचित्रहरूमा पीडित/प्रभावित र सम्भावित जोखिम उत्तरदाताहरूको सार्वजनिक सेवामा पहुँचलाई विश्लेषण गर्दा पीडित/प्रभावित वर्गमा रहेका उत्तरदाताहरूको तुलनामा सम्भावित जोखिम वर्गमा रहेका उत्तरदाताहरूको स्वास्थ्य संस्था, विद्यालय र प्रहरी निकायसँगको पहुँच राम्रो देखिएको छ। यस्तै, जिल्ला सदरमुकामसँगको दुरीले मानव बेचबिखनको स्थितिमा खासै प्रभाव पारेको नदेखिएता पनि अन्य सार्वजनिक सेवाहरूमा पहुँच विस्तार गर्न सकिएमा केही मात्रामा भएपनि यो समस्या कम गर्न सकिने देखिन्छ।

### ४.३.३ मानव बेचबिखन तथा ओसारपसारमा पर्न सक्ने सम्भावना

मानव बेचबिखन तथा ओसारपसारमा पर्न सक्ने कारणहरू विभिन्न हुने गरेको देखिन्छ। यस अध्ययनमा जुनसुकै कारणले हुने मानव बेचबिखन तथा ओसारपसारका कारणहरूको सम्भावना पुष्टि गर्न Logit Model को प्रयोग गरिएको छ। Logit Model एक सांख्यिकीय विश्लेषण विधि हो जुन विशेष रूपमा द्वैध निर्भर चरहरू प्रयोग गरिएका तथ्याङ्क पूर्वानुमान गर्न प्रयोग गरिन्छ, जस्तैः कुनै अध्ययनमा प्रयुक्त चर जोखिममा छ वा छैन भन्ने पूर्वानुमान गर्न यो Model प्रयोग गरिन्छ। मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अध्ययनमा यो मोडेल प्रयोग गरेर कुन व्यक्ति/समूह/समुदायहरू बेचबिखनका लागि बढी जोखिममा छन् भनेर पत्ता लगाउन सकिन्छ। यस अध्ययनले कृषि क्षेत्रको उत्पादन, पारिवारिक सम्बन्ध, पारिवारिक स्वास्थ्य तथा प्राकृतिक प्रकोप, मोबाइल तथा इन्टरनेटको प्रयोगजस्ता चरहरूलाई स्वतन्त्र चरहरूको (Independent Variables) रूपमा र वैवाहिक सम्बन्ध, उमेर, शिक्षा, जातियता र भौगोलिक स्तिथि आदि जस्ता चरहरूलाई नियन्त्रण (Control Variable) को रूपमा प्रयोग गरि मानव बेचबिखन तथा ओसारपसार हुनसक्ने सम्भावनालाई देखाएको छ।

**तालिका ४.१:**

मोडेलमा प्रयोग भएका चरहरूको व्याख्या

| **Dependent Variable** | |
|---|---|
| मानव बेचबिखन पीडित/प्रभावित | 1 = मानव बेचबिखनमा पीडित भएमा,<br>0 = अन्यथा |
| **Independent Variables** | |
| कृषि उत्पादन उपभोग | 1 = आफ्नो कृषि उत्पादनले ६ महिनाभन्दा कम खान पुग्ने,<br>2 = आफ्नो कृषि उत्पादनले ६ महिनादेखि १ वर्षसम्म खान पुग्ने,<br>3 = १ वर्षभन्दा बढी खान पुग्ने |
| परिवारसँगको सम्बन्ध | 1 = परिवारमा राम्रो सम्बन्ध भएको,<br>2 = परिवारमा ठीकै सम्बन्ध भएको,<br>3 = परिवारमा राम्रो सम्बन्ध नभएको |
| पारिवारिक स्वास्थ्य | 1 = परिवारमा दीर्घरोगी भएको |
| प्राकृतिक प्रकोप | 1 = परिवारले प्राकृतिक प्रकोपको सामना गरेको |
| मोबाइल तथा इन्टरनेट प्रयोग | 1 = मोबाइल तथा इन्टरनेटको प्रयोग नगर्ने,<br>2 = मोबाइल तथा इन्टरनेटको प्रयोग दिनमा ५ घण्टाभन्दा बढी गर्ने,<br>3 = अन्यथा |
| वैवाहिक अवस्था | 1 = अविवाहित,<br>2 = विवाहित,<br>3 = एकल महिला |

| | |
|---|---|
| उमेर | 1 = १७ वर्ष वा सोभन्दा कम,<br>2 = १८ वर्षदेखि ३४ वर्षसम्म,<br>3 = ३५ वर्ष वा ३५ वर्षभन्दा बढी |
| शिक्षा | 1 = स्नातक वा सोभन्दा बढी,<br>2 = माध्यमिक,<br>3 = आधारभूत शिक्षा,<br>4 = अशिक्षित |
| जातियता | 1 = आदिवासी जनजाति,<br>2 = खस आर्य,<br>3 = दलित,<br>4 = मधेशी |
| भौगोलिकता | 1 = हिमाल,<br>2 = पहाड,<br>3 = तराई |

**तालिका ४.२:**

मोडेलमा प्रयोग भएका चरहरूबीचको सम्बन्ध

| | चरहरू (Variables) | $\chi^2$ (df) | p-value | Interpretation |
|---|---|---|---|---|
| मानव बेचबिखन पीडित/प्रभावित तथा सम्भावित जोखिम | कृषि उत्पादन उपभोग | 41.654(2) | 0.000 | significantly associated |
| | परिवारसँगको सम्बन्ध | 38.355 (2) | 0.000 | significantly associated |
| | पारिवारिक स्वास्थ्य | 25.049 (1) | 0.000 | significantly associated |
| | मोबाइल तथा इन्टरनेट प्रयोग | 111.45 (2) | 0.000 | significantly associated |
| | वैवाहिक अवस्था | 65.831 (4) | 0.000 | significantly associated |
| | शिक्षा | 105.06 (3) | 0.000 | significantly associated |

*स्रोतः स्थलगत सर्वेक्षण तथ्याङ्क २०८१मा आधारित अनुसन्धानकर्ताद्वारा गणना*

मानव बेचबिखन तथा ओसारपसारमा पर्नसक्ने कारणहरूको सम्भावनालाई अध्ययन गर्नको लागि छनोट गरिएका मुख्य चरहरूको पीडित/प्रभावित र सम्भावित समूहमा के कस्तो सम्बन्ध रहन्छ, उक्त सम्बन्ध हेर्नको लागि $\chi^2$ test प्रयोग गर्दा ती चरहरूको P-value 0.05 भन्दा कम रहेको हुँदा यी आश्रित र स्वतन्त्र चरहरूको दुवै समूहबीच उल्लेख्य भिन्नता रहेको देखिन्छ। यसर्थ, मानव बेचबिखन तथा ओसारपसारमा पर्नसक्ने कारणहरूको सम्भावना पुष्टि गर्न Logit Model को प्रयोग गरि परिणाम निकाल्दा उपयुक्त हुने देखिन्छ।

## VIF (Variance Inflation Factor)

मानव बेचबिखन तथा ओसारपसारमा पर्न सक्ने कारणहरूको सम्भावनालाई असर गर्ने कारणहरूको अध्ययनमा छनोट गरिएका चरहरूबीच Multicollinearity छ/छैन भन्ने पत्ता लगाउन VIF (Variance Inflation Factor) को प्रयोग गर्नु उपयुक्त हुन्छ। यो विधि प्रयोग गर्दा गुजराती (२००८), अनुसार Multicollinearity नहुनको लागि कूल चरहरूबीचको VIF को मान १० वा १० भन्दा कम भएको हुनुपर्दछ। यदि फरक/फरक चरहरू लिएको खण्डमा VIF को मान ५ भन्दा कम भए पनि Multicollinearity को कुनै समस्या देखिंदैन। यस अध्ययनमा VIF को औसत मान १.३३ भएकोले यस अध्ययनमा प्रयोग भएका चरहरूबीच Multicollinearity को कुनै समस्या देखिंदैन।

**तालिका ४.३:**

मोडेलमा प्रयोग भएका चरहरूको VIF परीक्षण

| Variables) चरहरू | VIF | 1/VIF |
|---|---|---|
| १ वर्षभन्दा बढी खान पुग्ने | 1.756973 | 0.569161 |
| ६ महिनाभन्दा कम खान पुग्ने | 2.020179 | 0.495006 |
| राम्रो सम्बन्ध भएको | 1.392312 | 0.71823 |
| राम्रो सम्बन्ध नभएको | 1.231472 | 0.812036 |
| परिवारमा दीर्घरोगी भएको | 1.045743 | 0.956258 |
| परिवारले प्राकृतिक प्रकोपको सामना गरेको | 1.082359 | 0.923908 |
| मोबाइल तथा इन्टरनेटको प्रयोग नगर्ने | 1.199043 | 0.833998 |
| मोबाइल तथा इन्टरनेटको प्रयोग दिनमा ५ घण्टाभन्दा बढी गर्ने | 1.050257 | 0.952148 |
| विवाहित | 1.284823 | 0.778317 |
| एकल महिला | 1.115786 | 0.896229 |
| १७ वर्ष वा सोभन्दा कमको उमेर | 1.219724 | 0.819858 |

| | | |
|---|---|---|
| ३५ वर्ष वा सोभन्दा बढी | 1.130563 | 0.884515 |
| स्नातक वा सोभन्दा बढी | 1.058134 | 0.94506 |
| आधारभूत शिक्षा | 1.290776 | 0.774728 |
| अशिक्षित | 1.245813 | 0.802689 |
| आदिवासी जनजाति | 1.806127 | 0.553671 |
| दलित | 1.634138 | 0.611943 |
| मधेशी | 1.380022 | 0.724626 |
| हिमाल | 1.35156 | 0.739886 |
| तराई | 1.270202 | 0.787276 |
| Mean VIF | 1.328 | 0.753012 |

*स्रोतः स्थलगत सर्वेक्षण तथ्याङ्क २०८१मा आधारित अनुसन्धानकर्ताद्वारा गणना*

**तालिका ४.४:**

कृषि उत्पादनको आधारमा मानव बेचबिखनको सम्भावना

| मोडेल १: कृषि उत्पादनको आधारमा मानव बेचबिखनको सम्भावना | | | | | | |
|---|---|---|---|---|---|---|
| Dependent variable 1 = मानव बेचबिखनको सम्भावित | | | | | | |
| | Odd ratio | Lower (2.5 %) | Upper (97.5 %) | Odd ratio | Lower (2.5 %) | Upper (97.5 %) |
| इन्टरसेप्ट | 0.744*** | 0.536 | 1.026 | 0.3638*** | 0.206554 | 0.630446 |
| उत्पादनको आधारमा | | | | | | |
| बर्षैभरी खान पुग्ने | 0.45*** | 0.29 | 0.695 | 0.4264*** | 0.25411 | 0.711824 |
| ६ महिना वा सो भन्दा कम खान पुग्ने | 1.452** | 0.986 | 2.125 | 1.4954** | 0.930436 | 2.415645 |
| वैवाहिक अवस्था | | | | | | |
| विवाहित | | | | 4.2178*** | 2.792074 | 6.430414 |
| सम्बन्ध विच्छेद भएको वा सौतेनी आमा वा बाबु भएको | | | | 11.2381*** | 3.711702 | 42.56101 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उमेरको आधारमा | | | | | | |
| १८ वर्षभन्दा कमको उमेर | | | | 2.0303*** | 1.324506 | 3.130098 |
| ३५ वर्ष वा सोभन्दा माथिको उमेर | | | | 0.6272 | 0.268566 | 1.449784 |
| शिक्षाको अवस्था | | | | | | |
| स्नातक वा सोभन्दा माथिल्लो शिक्षा | | | | 0.5091 | 0.151441 | 1.41048 |
| आधारभूत शिक्षा | | | | 2.8092*** | 1.896296 | 4.182354 |
| अशिक्षित | | | | 7.4026*** | 3.106466 | 20.10409 |
| जातजातिको स्थिति | | | | | | |
| आदिवासी | | | | 1.8355 | 0.518296 | 1.345032 |
| दलित | | | | 1.416*** | 0.231429 | 0.73893 |
| मधेशी | | | | 0.059*** | 0.021713 | 0.146686 |
| भौगोलिकता | | | | | | |
| हिमाल | | | | 0.497** | 0.280261 | 0.870559 |
| तराई | | | | 1.387 | 0.875054 | 2.14462 |
| McFadden | 0.043 | | | 0.27 | | |

*स्रोतः स्थलगत सर्वेक्षण तथ्याङ्क २०८१ मा आधारित अनुसन्धानकर्ताद्वारा गणना (* significance at 10%, ** significance at 5% and *** significance at 1%)*

माथिको तालिकामा आफ्नो उत्पादनले ६ देखि ९ महिनासम्म खान पुग्नेलाई आधार मान्दा ६ महिना अथवा सोभन्दा कम समय आफ्नो कृषि उत्पादनले खान पुग्ने परिवारमा मानव बेचबिखनको जोखिम बढी हुने सम्भावना देखाउँदछ। त्यस्तै, वैवाहिक अवस्थाको विश्लेषण गर्दा सम्बन्ध विच्छेद वा सौतेनी आमा/बाबु भएकोमा मानव बेचबिखनको जोखिम बढी हुने सम्भावना देखाउँदछ। यस्तै, उमेरगत हिसाबले हेर्दा १८ वर्षभन्दा कम उमेरमा बढी र ३५ वर्षभन्दा बढी उमेर समूहमा मानव बेचबिखनको जोखिम कम हुने सम्भावना देखाउँदछ। शिक्षाको स्तरलाई हेर्दा अशिक्षित र आधारभूत शिक्षा लिएका व्यक्तिहरूमा मानव बेचबिखनको जोखिम बढी हुने सम्भावना देखाउँदछ। जातजातिको अवस्थालाई विश्लेषण गर्दा जनजाति र दलितमा बढी तर मधेशी समुदायमा कम हुने सम्भावना देखिएको छ। भौगोलिक अवस्थालाई हेर्दा पहाडको तुलनामा तराईमा बढी र हिमालमा कम मानव बेचबिखनको सम्भावना देखिएको छ। तलको तालिकाले मानव बेचबिखनको सम्भावनामा पारिवारिक सम्बन्धको तथ्याङ्क प्रस्तुत गरेको छ। तालिकामा प्रयुक्त मोडेलमा □२ को मानले यो मोडेलमा तय गरिएको स्वतन्त्र चरहरूले आश्रित चरलाई करीब २७ प्रतिशतले व्याख्या गर्दछ ।

**तालिका ४.५:**

*पारिवारिक सम्बन्धको आधारमा मानव बेचबिखनको सम्भावना*

| मोडेल २: पारिवारिक सम्बन्धको आधारमा मानव बेचबिखनको सम्भावना | | | | | | |
|---|---|---|---|---|---|---|
| **Dependent Variable 1 =** मानव बेचबिखनको सम्भावित | | | | | | |
| | Odd ratio | Lower (2.5 %) | Upper (97.5 %) | Odd ratio | Lower (2.5 %) | Upper (97.5 %) |
| इन्टरसेप्ट | 0.667*** | 0.522 | 0.851 | 0.335619*** | 0.20140799 | 0.5592633 |
| परिवारसँगको सम्बन्धको आधारमा | | | | | | |
| परिवारमा राम्रो सम्बन्ध भएको | 0.797 | 0.575 | 1.104 | 0.87652 | 0.59832175 | 1.2840693 |
| परिवारमा राम्रो सम्बन्ध नभएको | 3.556*** | 2.13 | 5.93 | 1.745957*** | 0.96609846 | 3.1553384 |
| वैवाहिक अवस्था | | | | | | |
| विवाहित | | | | 3.858519* | 2.57159398 | 5.7894703 |
| सम्बन्ध विच्छेद भएको वा सौतेनी आमा वा बाबु भएको | | | | 8.132969*** | 2.52327825 | 26.2139884 |
| उमेरको आधारमा | | | | | | |
| १८ वर्षभन्दा कमको उमेर | | | | 1.86864*** | 1.22807525 | 2.8433244 |
| ३५ वर्ष वा सोभन्दा माथिको उमेर | | | | 0.533315 | 0.22743992 | 1.2505498 |
| शिक्षाको अवस्था | | | | | | |
| स्नातक वा सोभन्दा बढीको शिक्षा | | | | 0.403714 | 0.13736389 | 1.1865196 |
| आधारभूत शिक्षा | | | | 2.732789*** | 1.84663202 | 4.0441922 |
| अशिक्षित | | | | 8.937707*** | 3.60455733 | 22.1615603 |
| जातजातिको स्थिति | | | | | | |
| आदिवासी | | | | 1.811118 | 0.50998726 | 1.2900568 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दलित | | | | 1.484809** | 0.27389369 | 0.8581413 |
| मधेशी | | | | 0.076857*** | 0.03012305 | 0.196097 |
| भौगोलिकता | | | | | | |
| हिमाल | | | | 0.606947* | 0.34963282 | 1.0536343 |
| तराई | | | | 1.464802* | 0.94635869 | 2.2672635 |
| McFadden | 0.04 | | | 0.24 | | |

*स्रोतः स्थलगत सर्वेक्षण तथ्याङ्क २०८१ मा आधारित अनुसन्धानकर्ताद्वारा गणना ( * significance at 10%, ** significance at 5% and *** significance at 1%)*

माथिको तालिकामा परिवारसँग सामान्य सम्बन्ध भएकोलाई आधार मान्दा राम्रो सम्बन्ध भएकोमा मानव बेचबिखनको सम्भावना कम पाइएको छ भने राम्रो सम्बन्ध नभएकोमा मानव बेचबिखनको जोखिमको सम्भावना बढी पाइएको छ। वैवाहिक अवस्थाको विश्लेषण विवाहितभन्दा सम्बन्ध विच्छेद भएको वा सौतेनी आमा/ बाबु भएकोमा मानव बेचबिखनको सम्भावना बढी देखिएको छ। उमेरगत हिसाबले हेर्दा १८ वर्षभन्दा कम उमेरमा बढी र ३५ वर्षभन्दा बढी उमेर समूहमा मानव बेचबिखनको सम्भावना कम पाइएको देखिन्छ। शिक्षाको स्तरलाई हेर्दा माध्यमिक तह अध्ययन गरेका भन्दा अशिक्षित र आधारभूत शिक्षा लिएका व्यक्तिहरू मानव बेचबिखनको जोखिममा पर्ने सम्भावना बढी देखिएको छ। जातजातिको अवस्थालाई आधार मानी विश्लेषण गर्दा मानव बेचबिखनको जोखिमका दृष्टिकोणले खस/आर्यको तुलनामा जनजाति र दलितहरू बढी तर मधेशी समुदायका व्यक्तिहरू कम जोखिममा पर्ने सम्भावना देखिएको छ। भौगोलिक अवस्थालाई हेर्दा मानव बेचबिखनको जोखिममा पर्ने सम्भावना पहाडको तुलनामा तराईमा बढी तर हिमालमा कम देखिएको छ। मोडेलको □२ को मानले यो मोडेलमा तय गरिएको स्वतन्त्र चरहरूले आश्रित चरलाई करीब २४ प्रतिशतले व्याख्या गर्दछ ।

**तालिका ४.६:**

परिवारमा दीर्घरोगी रहेको अथवा परिवारले प्राकृतिक प्रकोपको सामना गरेको आधारमा मानव बेचबिखनको सम्भावना

| **मोडेल ३: परिवारमा दीर्घरोगी रहेको अथवा परिवारले प्राकृतिक प्रकोपको सामना गरेको आधारमा मानव बेचबिखनको सम्भावना** | | | | | | |
|---|---|---|---|---|---|---|
| Depn variable 1 = मानव बेचबिखनको सम्भावित | | | | | | |
| | Odd ratio | Lower (2.5 %) | Upper (97.5 %) | Odd ratio | Lower (2.5 %) | Upper (97.5 %) |
| इन्टरसेप्ट | 0.591*** | 0.501 | 0.695 | 0.277854*** | 0.176358 | 0.437762 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| परिवारमा दीर्घरोगी भएको | 3.136*** | 2 | 4.913 | 2.715083*** | 1.611579 | 4.574195 |
| परिवारले प्राकृतिक प्रकोपको सामना गरेको | 1.97 | 0.651 | 5.961 | 1.126358 | 0.314745 | 4.030828 |
| वैवाहिक अवस्था | | | | | | |
| विवाहित | | | | 3.640364*** | 2.414655 | 5.488258 |
| सम्बन्ध विच्छेद वा सौतेनी आमा वा बाबु भएको | | | | 10.44039*** | 3.223281 | 33.81699 |
| उमेरको आधारमा | | | | | | |
| १८ वर्षभन्दा कमको उमेर | | | | 1.894413*** | 1.243738 | 2.885495 |
| ३५ वर्ष वा सोभन्दा माथिको उमेर | | | | 0.571726 | 0.24187 | 1.351432 |
| शिक्षाको अवस्था | | | | | | |
| स्नातक तह वा सोभन्दा बढीको शिक्षा आर्जन गरेको | | | | 0.433265 | 0.149305 | 1.257282 |
| आधारभूत शिक्षा आर्जन गरेको | | | | 3.133533*** | 2.117715 | 4.636615 |
| अशिक्षित | | | | 9.970977*** | 4.006124 | 24.8171 |
| जातजातिको स्थिति | | | | | | |
| आदिवासी | | | | 1.822228 | 0.515773 | 1.31077 |
| दलित | | | | 1.491348** | 0.276784 | 0.872245 |
| मधेशी | | | | 0.079253*** | 0.030998 | 0.202629 |
| भौगोलिकता | | | | | | |
| हिमाल | | | | 0.605421* | 0.344921 | 1.062662 |
| तराई | | | | 1.386575 | 0.891515 | 2.156543 |
| McFadden | 0.04 | | | 0.24 | | |

*स्रोतः स्थलगत सर्वेक्षण तथ्याङ्क २०८१मा आधारित अनुसन्धानकर्ताद्वारा गणना (* significance at 10%, ** significance at 5% and *** significance at 1%)*

माथिको तालिकामा परिवारमा कुनै दीर्घरोगी नभएको वा प्राकृतिक प्रकोपको घटना नभएकोलाई आधार मान्दा

परिवारमा कुनै दीर्घरोगी भएको वा परिवारले प्राकृतिक प्रकोपको सामना गरेको परिवारका व्यक्ति मानव बेचबिखनको जोखिमको सम्भावना बढी देखिन्छ। वैवाहिक अवस्थाको विश्लेषण गर्दा विवाहितभन्दा सम्बन्ध विच्छेद गरेका वा सौतेनी आमा/बाबु भएको परिवारका सदस्य मानव बेचबिखनको जोखिममा पर्ने सम्भावना बढी देखिएको छ। उमेरगत हिसाबले हेर्दा १८ वर्षदेखि ३५ वर्षभित्रको उमेर समूहभन्दा १८ वर्षभन्दा कम उमेर समूहका बढी र ३५ वर्षभन्दा बढी उमेर समूहका कम मानव बेचबिखनको जोखिममा पर्ने सम्भावना पाइएको देखिन्छ। शिक्षाको स्तरलाई हेर्दा माध्यमिक तह वा सोभन्दा बढीको शिक्षा आर्जन गरेकोभन्दा अशिक्षित र आधारभूत शिक्षा आर्जन गरेका व्यक्तिहरू मानव बेचबिखनको जोखिममा पर्ने सम्भावना बढी देखिएको छ। जातजातिको अवस्थालाई विश्लेषण गर्दा खस/आर्यको तुलनामा जनजाति र दलितमा बढी तर मधेशी समुदायमा कम मानव बेचबिखनको जोखिममा पर्ने सम्भावना देखिएको छ। भौगोलिक अवस्थालाई हेर्दा पहाडमा बसोबास गर्नेको तुलनामा तराईमा बसोबास गर्नेहरू बढी तर हिमालमा बसोबास गर्नेहरू मानव बेचबिखनमा पर्ने सम्भावनाको दृष्टिमा कम जोखिममा रहेको पाइन्छ। मोडेलको २ को मानले यो मोडेलमा तय गरिएको स्वतन्त्र चरहरूले आश्रित चरलाई करीब २४ प्रतिशतले व्याख्या गर्दछ।

**तालिका ४.७:**

मोबाइल तथा इन्टरनेट प्रयोगको आधारमा मानव बेचबिखनको सम्भावना

| **मोडेल ४: मोबाइल तथा इन्टरनेट प्रयोगको आधारमा मानव बेचबिखनको सम्भावना** | | | | | | |
|---|---|---|---|---|---|---|
| Depn variable 1 = मानव बेचबिखनको सम्भावित | | | | | | |
| | Odd ratio | Lower (2.5 %) | Upper (97.5 %) | Odd ratio | Lower (2.5 %) | Upper (97.5 %) |
| इन्टरसेप्ट | 0.535809*** | 0.451507 | 0.635852 | 0.256838*** | 0.161423 | 0.40865 |
| मोबाइल तथा इन्टरनेट प्रयोगको आधारमा | | | | | | |
| मोबाइल तथा इन्टरनेटको प्रयोग नगर्ने | 2.449567*** | 1.498487 | 4.00429 | 1.727749* | 0.938347 | 3.181249 |
| मोबाइल तथा इन्टरनेटको प्रयोग दिनमा ५ घण्टाभन्दा बढी गर्ने | 5.928363*** | 3.345269 | 10.50603 | 4.865329*** | 2.534549 | 9.339504 |
| वैवाहिक अवस्थाको आधारमा | | | | | | |
| विवाहित | | | | 3.84599*** | 2.527709 | 5.851797 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सम्बन्ध विच्छेद वा सौतेनी आमा वा बाबु भएको | | | | 10.78932*** | 3.336488 | 34.88983 |
| उमेरको आधारमा | | | | | | |
| १८ वर्षभन्दा कम उमेरको | | | | 1.723378** | 1.121204 | 2.648966 |
| ३५ वर्ष वा सोभन्दा माथिको उमेरको | | | | 0.590303 | 0.254071 | 1.371496 |
| शिक्षाको अवस्था | | | | | | |
| स्नातक वा सोभन्दा माथिको शिक्षा आर्जन गरेको | | | | 0.441774 | 0.153392 | 1.272327 |
| आधारभूत शिक्षा आर्जन गरेको | | | | 3.031521*** | 2.01875 | 4.552381 |
| अशिक्षित | | | | 8.908327*** | 3.496034 | 22.69951 |
| जातजातिको स्थितिका आधारमा | | | | | | |
| आदिवासी | | | | 1.806317 | 0.501372 | 1.296735 |
| दलित | | | | 1.499664** | 0.280376 | 0.890461 |
| मधेशी | | | | 0.089156*** | 0.03496 | 0.227366 |
| भौगोलिकता | | | | | | |
| हिमाल | | | | 0.618252* | 0.352879 | 1.083191 |
| तराई | | | | 1.564502** | 1.004777 | 2.43603 |
| McFadden | 0.04 | | | 0.25 | | |

*स्रोतः स्थलगत सर्वेक्षण तथ्याङ्क २०८१मा आधारित अनुसन्धानकर्ताद्वारा गणना ( * significance at 10%, ** significance at 5% and *** significance at 1%)*

माथिको तालिकामा मोबाइल र इन्टरनेटको प्रयोगलाई दैनिक ५ घण्टासम्म चलाउनेलाई आधार मान्दा मोबाइल र इन्टरनेटको प्रयोग नै नगर्ने परिवारका सदस्यको तुलनामा दैनिक ५ घण्टाभन्दा बढी चलाउने परिवारका सदस्यहरू मानव बेचबिखनको जोखिममा पर्ने सम्भावना बढी देखिन्छ। वैवाहिक अवस्थाको आधारमा विश्लेषण गर्दा विवाहितहरूभन्दा सम्बन्ध विच्छेद गरेका वा सौतेनी आमा/बाबु भएको परिवारका सदस्यहरू मानव बेचबिखनको जोखिममा पर्ने सम्भावना बढी देखिएको छ। मानव बेचबिखनको सम्भावनामा रहेका व्यक्तिहरूको

उमेरको आधारमा अध्ययन गर्दा १८ वर्षदेखि ३५ वर्षबीचको उमेर समूहका व्यक्तिभन्दा १८ वर्षभन्दा कम उमेरका बढी र ३५ बर्षभन्दा बढी उमेरका व्यक्तिहरू बेचबिखनको जोखिममा पर्ने सम्भावना कम रहेको देखिन्छ। शिक्षा आर्जन गरेको स्तरका आधारबाट हेर्दा माध्यमिक तह वा सोभन्दा माथिको शिक्षा आर्जन गरेको भन्दा अशिक्षित र आधारभूत शिक्षा आर्जन गरेका व्यक्तिहरू मानव बेचबिखनको जोखिममा पर्ने सम्भावना बढी देखिएको छ। जातजातिको आधारमा वर्गीकरण गरि विश्लेषण गर्दा खस/आर्यको तुलनामा आदिवासी/जनजाति र दलितहरू बढी तर मधेशी समुदायका व्यक्तिहरू मानव बेचबिखनको जोखिमका आधारले कम जोखिममा पर्ने सम्भावना देखिएको छ। भौगोलिक स्थितिको अवस्थालाई आधार मान्दा मानव बेचबिखनको दृष्टिले पहाडको तुलनामा तराई बढी तर हिमाल कम जोखिमयुक्त क्षेत्रका रूपमा देखिएको छ।

मानव बेचबिखनको मुख्य कारण आर्थिक, गरिबी र बेरोजगारी रहेको देखिन्छ। मानव बेचबिखनको आयाम पहिलेभन्दा परिवर्तन हुँदै गएको पाइन्छ। यसलाई बसाइँबसाइँ, रोजगारीको अवसर, राम्रो शिक्षा प्राप्ति गर्ने लक्ष्य आदि कारणले गर्दा समेत आयाम परिवर्तन हुँदै गएको पाइन्छ। यस समस्यामा विशेष गरि दलित, आदिवासी/ जनजाति र तामाङ समुदायका मानिसहरू पीडित र पीडकको रूपमा बढी रहेको देखिन्छ। मानव बेचबिखनमा पर्नेमा सानै उमेरमा विवाह गर्ने महिला, पारपाचुके गरेर बसेको महिला, एकल महिला, परिवारबाट प्रताडित महिला, आर्थिक अवस्था नाजुक भएका वर्ग, परिवारको आर्थिक बोझ बेहोर्न पर्ने महिला बढी पीडित भएको देखिन्छ। मानव बेचबिखनमा पर्नेहरूमा विशेष गरि कम उमेरका युवतीहरू रहेको पाइन्छ। ती युवतीहरू देशभित्र मनोरञ्जन स्थलहरू, डान्सबार, होटल रेष्टुरेन्ट, स्पाजस्ता ठाउँहरूमा कार्य गरिरहेको र उक्त स्थानमा शारीरिक तथा श्रम शोषण भोग्न बाध्य भएको अवस्था समेत देखिन्छ। मानव बेचबिखनबाट पहाडी समुदायका व्यक्तिहरू बढी पीडित भएको देखिन्छ। भौगोलिक हिसाबले हेर्दा पहाडी क्षेत्रको तुलनामा तराई क्षेत्रका व्यक्तिहरू मानव बेचबिखनको जोखिममा पर्ने सम्भावना बढी देखिएको छ।

### ४.४ मानव बेचबिखनको स्वरूप

विगतमा मानव बेचबिखनलाई यौन कार्यसँग जोडेर हेर्ने गरिन्थ्यो जुन दृष्टिकोण अहिले पनि कायमै छ। शुरुमा नेपालबाट महिला तथा बालिकाहरू भारतका ठूला शहरहरूमा व्यवसायिक यौन शोषणका लागि बेचबिखन हुने गरेकोमा हाल यसको आयाममा परिवर्तन हुँदै विभिन्न स्वरूपमा देखा पर्न थालेको छ। यसको प्रक्रिया र स्वरूपमा वृद्धि र परिवर्तन भएतापनि मानव बेचबिखन मूलतः यौन व्यवसायका लागि गरिन्छ भने सोच कायम नै छ। विगतमा महिला वा किशोरीहरू मात्र बेचबिखनमा पर्ने गरेकोमा हाल आएर पुरुषहरू पनि बेचबिखनमा पर्ने गरेको पाइन्छ। जसको मुख्य कारण यौनकार्य नभएर जबर्जस्ती श्रम शोषण, मानव अंगहरू झिक्ने वा बेच्ने, सर्कस जस्ता कार्यहरूमा लगाउने जस्ता शोषणजन्य कार्यहरूका लागि हुने गरेको देखिन्छ।

यसै गरि विगतमा नेपालबाट हुने मानव बेचबिखनको गन्तव्य राष्ट्र भारत हुने गरेकोमा हाल आएर खाडी देशहरू, पूर्व र दक्षिणपूर्व एशिया, अफ्रिका, युरोप र अमेरिका लगायत विश्वका विभिन्न देशहरू पनि श्रम आप्रवासन र भिजिट भिषाका आवरणमा गन्तव्य मुलुकका रूपमा रहेको पाइन्छ भने नेपालभित्रै अनौपचारिक मनोरञ्जन क्षेत्र मानव बेचबिखनका दृष्टिले आन्तरिक बजारका रूपमा फैलिंदै गएको अवस्था छ।

#### ४.४.१ नेपालबाट हुने मानव बेचबिखनको बाह्य गन्तव्य राष्ट्र

विगत वर्षहरूमा मानव बेचबिखन केवल भारतमा मात्र हुन्छ भनिएकोमा हाल आएर विशेष गरि खाडी राष्ट्रहरूमा

वैदेशिक रोजगारीमा पठाउने एजेन्टको प्रलोभनमा परेर नेपाली महिलाहरू मानव बेचबिखनमा पर्ने गरेको अवस्था छ। एजेन्टले free visa र free ticket को प्रलोभनमा पारेर धैरै जसो महिलाहरूलाई हवाइजहाजको *माध्यमबाट खाडी तथा मध्यपूर्वका राष्ट्रहरू कुवेत, दुबई, साउदीअरब र लुकिछिपि इराक लगायतका देशहरूमा लैजाने र ती देशहरूमा सिधै Airport बाट अथवा त्यहाँका एजेन्टको अफिस मार्फत महिलाहरूलाई घरेलु कामकाजको लागि घरेलु कामदारका रूपमा बिक्री गर्ने गरिएको देखिन्छ।*

*यसैले मानव बेचबिखन रोकथाम तथा नियन्त्रणका लागि देशगत दृष्टिकोणबाट समेत रणनीति बनाउनु* आवश्यक हुन्छ। यही सन्दर्भमा तलको नक्शाले नेपालबाट विभिन्न देशहरूमा हुने मानव बेचबिखनको असर कति रहेको छ भन्ने देखाउँछ जसमा बेचबिखनको दृष्टिले बाह्य गन्तव्य राष्ट्रका रूपमा बढी तथा कम प्रभावित देशहरूलाई दृश्यात्मक रूपमा प्रस्तुत गरेको छ, जुन नीतिगत तथा कार्यान्वयन तहमा महत्त्वपूर्ण मार्गदर्शक बन्न सक्छ।

**रेखाचित्र ४.६:**

नेपालबाट हुने मानव बेचबिखनको दृष्टिले बाह्य गन्तव्य राष्ट्रहरू




*स्रोत: स्थलगत सर्वेक्षण, २०८१*

माथिको नक्शामा नेपालबाट बाह्य राष्ट्रहरूमा हुने मानव बेचबिखनको तथ्याङ्क प्रतिशतमा प्रस्तुत गरिएको छ, जसमा नेपालीहरू बढी मानव बेचबिखनमा पर्ने मुख्य १४ वटा राष्ट्रहरू भारत, कुवेत, युएई, मलेसिया, साउदीअरब, कतार लगायत देशहरूलाई देखाइएको छ। नक्शामा देखाइएको छायाँ भागले मानव बेचबिखनमा पर्ने देशहरू देखाएको छ। गाढा छायाँ हुदै फिक्का छायाँ ले क्रमशः बढीबाट कम नेपालीहरू मानव बेचबिखनमा पर्ने देशहरू देखाएको छ। स्थलगत सर्वेक्षणको तथ्याङ्कअनुसार भारतमा सबैभन्दा बढी करीब ५० प्रतिशत, कुवेतमा १५ प्रतिशत, मलेसिया र युएईमा १०/१० प्रतिशत, साउदीअरबमा ६ प्रतिशत र कतार लगायत अन्य देशहरूमा करीब ९ प्रतिशत मानव बेचबिखनमा परेका देखिएका छन्। तसर्थ, ती देशहरूमा रहेका नेपाली कुटनीतिक नियोगहरूलाई मानव बेचबिखन रोकथाम र सम्बोधनका लागि थप जिम्मेवार बनाउनु पर्ने अवस्था छ।

### ४.४.२ बेचबिखनको स्वरूप

पहिले मानव बेचबिखन भारतमा मात्र हुने गरेकोमा हाल आएर विशेष गरि खाडी राष्ट्रहरूमा दलालको प्रलोभनमा परेर नेपालीहरू बेचबिखन पर्ने गरेका छन्। पछिल्लो समय मानव बेचबिचनका माध्यम र स्वरूपमा परिवर्तन हुँदै गएको छ। मानव बेचबिखनमा संलग्न व्यक्तिहरू पुरुष मात्र नभएर महिलासमेत हुने गरेका घटनाहरू धेरै रहेका छन्। उनीहरूले पीडितहरूलाई विभिन्न तरिकाहरू अपनाएर प्रलोभनमा पारी फसाइरहेका देखिन्छन्। त्यस्ता मानव बेचबिखनमा संलग्न व्यक्तिहरू सुरुमा पीडितहरूसँग सम्पर्कमा आई प्रलोभनमा पार्ने गरेका छन्। ती दलाल वा मानव बेचबिखनकर्ता को थिए र के माध्यम अपनाएर वा बहाना बनाएर पीडितलाई फसाइएको थियो भन्ने तथ्याङ्कलाई निम्न रेखाचित्रहरूको सहायताले प्रष्टाइएको छ ।

**रेखाचित्र ४.७:**

मानव बेचबिखनको स्वरूप




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

रेखाचित्रमा पीडितसँग शुरुमा सम्पर्कमा आउने व्यक्तिहरूमा सबैभन्दा बढी करीब ३५ प्रतिशत आफ्नै चिनेजानेका मानिसहरू, २५ प्रतिशत चिनजान नभएका मानिसहरू, केही मात्रामा आफ्नो साथीभाइ र नजिकको नातेदारहरू रहेको देखिएको छ। मानव बेचबिखनका दलालहरू केवल पुरुष मात्र नभइ महिला समेत रहेको पाइएको छ। उनीहरूले पीडितलाई फसाउनको लागि प्रत्यक्ष भेट्ने, मोबाइल, फेसबुकजस्ता माध्यमहरू अपनाएर सम्पर्कमा आउने गरेकोमा सबैभन्दा बढी प्रत्यक्ष भेटेर फसाउने गरेको देखिन्छ। पीडितलाई फसाउने ७५ प्रतिशत जति दलाल पुरुष पाइएको छ। दलालहरूले पीडितलाई फसाउनको लागि प्रेम गर्ने, विवाह गर्ने, आफ्नो घरमा लगेर पढाइदिने प्रलोभन दिने, देशभित्रै अथवा विदेशमा राम्रो काममा लगाइदिने जस्ता आश्वासनहरू दिने गरेकोमा सबैभन्दा बढी विदेशमा राम्रो काममा लगाइदिने र त्यसपश्चात् देशभित्रै राम्रो काममा लगाइदिने भनेर फसाउने गरेको देखिन्छ।

### ४.४.३ कार्यस्थलमा भोग्नुपरेको शोषण र दुर्व्यवहार/यातना

बेचबिखनमा परेका व्यक्तिहरूलाई विभिन्न लोभलालच, झूटो आश्वासन वा जबर्जस्तीको माध्यमबाट नियन्त्रणमा लिएर उनीहरूलाई यौन शोषण, श्रम शोषण वा दुवै प्रकारको शोषणका लागि प्रयोग गरेको पाइन्छ। यस्तो शोषण विभिन्न पेशागत क्षेत्रहरूमा फरक-फरक रूपमा देखिन्छ, जसले पीडितहरूको वास्तविक पीडालाई प्रतिनिधित्व गर्दछ। नेपालमा मानव बेचबिखनको समस्या बुझ्नको लागि शोषणका स्वरूपहरू र तिनीहरूको पेशागत सम्बन्धको विश्लेषण आवश्यक छ। तलको रेखाचित्रले नेपालमा मानव बेचबिखनमा परेका व्यक्तिहरू कुन पेशामा कसरी शोषित भएका छन् भन्ने यथार्थलाई तथ्याङ्कको आधारमा स्पष्ट रूपमा प्रस्तुत गरेको छ।

**रेखाचित्र ४.८:**

कार्यस्थलमा भोग्नुपरेको शोषण र दुर्व्यवहार/यातना




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

माथिको रेखाचित्रले नेपालमा मानव बेचबिखनमा परेका व्यक्तिहरू कस्तो प्रकारको शोषणको शिकार भएका छन् भन्ने तथ्यलाई विभिन्न पेशागत क्षेत्रहरूका आधारमा देखाएको छ। यस रेखाचित्रमा तीन प्रकारका शोषणहरू: यौन शोषण, यौन तथा श्रम दुवै प्रकारको शोषण  र श्रम शोषण प्रतिशतका रूपमा प्रस्तुत गरिएको छ। रेखाचित्रअनुसार, हाउस किपिङ्गमा संलग्न व्यक्तिहरूमध्ये १० प्रतिशत यौन शोषणमा, १० प्रतिशत यौन तथा श्रम दुवै प्रकारको शोषणमा र ८०  प्रतिशत श्रम शोषणमा परेका छन्। सर्कसमा काम गर्नेहरूमा ६७ प्रतिशतले यौन तथा श्रम दुवै प्रकारको शोषण र ३३ प्रतिशतले श्रम शोषण भोगेका बताउँछन्। रेष्टुराँ वा खाजा घरमा कूक/वेटरको रूपमा कार्यरत व्यक्तिहरूमा ३७ प्रतिशत यौन शोषणमा, ५३ प्रतिशत यौन तथा श्रम दुवै प्रकारको शोषणमा र १०  प्रतिशत श्रम शोषणमा परेका छन्। यौन सम्बन्धी काममा संलग्न ६३  प्रतिशत व्यक्तिहरू यौन शोषणमा र ३७ प्रतिशत यौन तथा श्रम दुवै प्रकारको शोषणमा परेका छन्।

यसैगरि, मसाज पार्लरमा काम गर्ने व्यक्तिहरू ४५ प्रतिशत व्यक्तिहरू यौन शोषणमा र ५५ प्रतिशत यौन तथा श्रम दुवै प्रकारको शोषणमा परेका छन्। निर्माण कार्यमा संलग्न सबै व्यक्तिहरू श्रम शोषणमा परेको देखिन्छ। डान्सबार तथा दोहारीमा काम गर्ने व्यक्तिहरू ८ प्रतिशत यौन शोषण, ६० प्रतिशत यौन तथा श्रम दुवै शोषण र ३२ प्रतिशतले श्रम शोषण भोगेको पाइन्छ। घरेलु काममा संलग्न २ प्रतिशतले यौन शोषण, ३८ प्रतिशतले यौन तथा श्रम दुवै शोषण र ६० प्रतिशतले श्रम शोषण भोगेका छन्। यस्तै, अन्य कार्यहरूमा संलग्न व्यक्तिहरूमा २१ प्रतिशत यौन शोषण, १६ प्रतिशत यौन तथा श्रम दुवै शोषण, र ६३ प्रतिशत श्रम शोषण भोगेको पाइन्छ।

यस विश्लेषणबाट स्पष्ट हुन्छ कि नेपालमा मानव बेचबिखन बहुआयामिक समस्या हो, जसमा पीडितहरू पेशागत क्षेत्रअनुसार फरक-फरक प्रकारको शोषणको शिकार भइरहेका छन्। मसाज पार्लर, डान्सबार र सर्कसजस्ता स्थानहरूमा यौन र श्रम दुवै प्रकारको शोषण हुने गरेको देखिन्छ, जबकि निर्माण कार्य, हाउस किपिङ्ग र घरेलु काममा श्रम शोषण प्रमुख रूपमा देखिएको छ। यौन सम्बन्धी कार्यमा भने प्रायः यौन शोषण नै उच्च देखिन्छ। तसर्थ, मानव बेचबिखन नियन्त्रणका लागि लक्षित र पेशागत प्रकृतिलाई ध्यानमा राखी प्रभावकारी नीति तथा कार्यक्रमको विकास र कार्यान्वयन अपरिहार्य छ।

### ४.४.४ कार्यस्थलमा भएको शोषण र यातनामा पीडितको अनुभूति

मानव बेचबिखनको शिकार भएका व्यक्तिहरूले केवल शारीरिक यातना मात्र होइन, दीर्घकालीन मानसिक तनाव, सामाजिक तिरस्कार, तथा आत्मग्लानिको अवस्था समेत भोग्नुपर्छ। यस्ता व्यक्तिहरूले कार्यस्थलमा भोग्ने मानसिक र शारीरिक समस्याहरूको पहिचान तथा विश्लेषण गर्नु अत्यन्त आवश्यक छ, ताकि उनीहरूको सामाजिक पुनर्स्थापना र पुनःएकीकरणको प्रक्रियामा प्रभावकारी सहयोग प्रदान गर्न सकियोस्। यही उद्देश्यले गरिएको अध्ययनका क्रममा, बेचबिखनमा परेका व्यक्तिहरूले कार्यस्थलमा कस्ता मानसिक र शारीरिक असरहरूको सामना गरिरहेका छन् भन्ने विषयमा तथ्याङ्क सहितको विश्लेषण तलको रेखाचित्रमा प्रस्तुत गरिएको छ।

**रेखाचित्र ४.९:**

कार्यस्थलमा भएको शोषण र दुर्व्यवहार/यातनामा पीडितको अनुभूति




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

माथिको रेखाचित्रले मानव बेचबिखनमा परेका व्यक्तिहरू कार्यस्थलमा रहँदा अनुभव गर्ने विभिन्न प्रकारका पीडा र प्रभावहरूलाई चित्रण गर्दछ। यी व्यक्तिहरूले सामाजिक लाञ्छना, शारीरिक कष्ट, शारीरिक अस्वस्थता, यौन संक्रमणको भय, मानसिक तनाव, खाना तथा निद्रामा गडबडी  र आत्महत्याको सोचजस्ता गम्भीर मानसिक र शारीरिक समस्याहरू अनुभव गर्ने गरेका छन्। प्राप्त तथ्याङ्कअनुसार ९० प्रतिशतभन्दा बढी पीडितहरूले शारीरिक कष्ट र मानसिक तनाव अत्यधिक रूपमा अनुभव गरेको देखिन्छ। करीब ५० प्रतिशत व्यक्तिहरूले शारीरिक अस्वस्थताको गुनासो गरेका छन् भने करीब ४२ प्रतिशतमा सामाजिक लाञ्छना र यौन संक्रमणको डर देखिएको छ। यस्तै, करीब ३० प्रतिशत पीडितहरूले कहिलेकाहीं आत्महत्या गर्ने सोचसमेत आउने गरेको बताएको तथ्याङ्कले देखाएको छ। यी सबै तथ्यहरूले मानव बेचबिखनको शिकार बनेका व्यक्तिहरूले कार्यस्थलमा सहनुपर्ने

गम्भीर मनोशारीरिक पीडालाई स्पष्ट रूपमा झल्काउँछ।

### ४.४.५ नेपालमा मानव बेचबिखनका परिवर्तित स्वरूप

विगतमा नेपालबाट मानव बेचबिखन गरि मुख्यतः महिलाहरू तथा बालबालिकालाई यौन शोषणका लागि भारत लगायतका मुलुकमा लगिने प्रक्रियासँग जोडिएको हुन्थ्यो। तर, पछिल्ला वर्षहरूमा यसको स्वरूप, तरिका, गन्तव्य देश तथा प्रयोग गरिने माध्यम उल्लेखनीय रूपमा परिवर्तन भएका छन्।

यस अध्ययनमा आजको युगमा प्रविधिको विकास, खुला सीमा, अन्तर्राष्ट्रिय आप्रवासन र आर्थिक असमानताले मानव बेचबिखनलाई नयाँ स्वरूप र ढंगले उत्पन्न गराएको पाइएको छ। विशेष गरि इन्टरनेट, सामाजिक सञ्जाल र फेक एजेन्सीहरूमार्फत ठगी गर्ने र मानव ओसारपसार गर्ने प्रवृत्ति बढ्दो छ। नेपालमा वैदेशिक रोजगारीको लोभ, विवाहको प्रलोभन वा शिक्षा तथा राम्रो जीवनस्तरको सपना देखाएर युवायुवती तथा बालबालिकाहरूलाई चंगुलमा पार्ने गरिएको देखिन्छ ।

नेपालमा देखा परेका मानव बेचबिखनका केही प्रमुख नयाँ स्वरूपहरूमध्ये वैदेशिक रोजगारीको नाममा आप्रवासनमा जाने श्रमिकहरू माथिको श्रम तथा यौन शोषण प्रमुख समस्या हो। मध्यपूर्वका राष्ट्र, मलेसिया र युरोपेली मुलुकहरूमा लैजानका लागि श्रम स्वीकृति नलिइकन पनि पठाइन्छ। त्यसमाथि कतिपयलाई भिजिट भिषामा पठाइन्छ। जहाँ उनीहरू विभिन्न किसिमको शोषणमा पर्ने, तलब नपाउने र अमानवीय व्यवहारको शिकार हुने गरेको पाएको छ। अर्को नयाँ प्रवृत्ति भनेको झुट्ठा विवाहको नाममा मानव ओसारपसार हो, जसअन्तर्गत नेपाली महिलाहरूलाई प्रलोभनमा पारी सहमती लिई विदेशीसँग विवाह गरेर विदेश लैजाने र विदेश पुर्‍याएर यौनजन्य कार्यमा लगाउने र श्रम शोषणा गर्ने गरेको पाइएको छ।

सामाजिक सञ्जालहरूको प्रयोग पनि मानव बेचबिखनको एक नयाँ माध्यम बन्न थालेको छ। सामाजिक सञ्जालहरू फेसबुक, इन्स्टाग्राम, टिकटकजस्ता प्लेटफर्महरूबाट युवतीहरूसँग सम्पर्क गरी प्रेमको नाटक र झूठा अवसर देखाएर तिनीहरूलाई अनलाइन ट्राफिकिङमार्फत फसाउने काम भइरहेको छ। यसबाहेक पनि बालबालिकाहरूलाई अनलाइन अश्लील चित्रण (पोर्नोग्राफी) र बाल यौन शोषणका लागि प्रयोग गरिने प्रवृत्ति पनि गम्भीर समस्या बनिसकेको छ।

पछिल्लो समयमा नेपालीहरू विभिन्न प्रकारका अनलाइन ठगी (Online Scamming) को शिकार हुँदै गएको पाइन्छ। विशेष गरि दक्षिण-पूर्वी एसियामा सञ्चालनमा रहेका अवैध scamming कम्पनीहरूमा अंग्रेजी वा कम्प्युटरमा दक्ष व्यक्तिहरूलाई आकर्षक तलब दिने प्रलोभन देखाई केही नेपाली पुरुषहरू भिजिट भिसाको माध्यमबाट फस्ने गरेका छन् र त्यहाँ पुगेपछि तिनीहरूमाथि श्रम शोषण गर्ने गरिएको पाइएको छ। त्यस्तै, चीन तथा कोरियाका ग्रामीण क्षेत्रका बढी उमेर भएका वा अपाङ्गता भएका पुरुषहरूले नेपाली महिलाहरूसँग कागजी विवाह गरेर लैजाने क्रम बढ्दो छ।

झुट्ठा आश्वासन दिएर वा प्रलोभनमा पारेर खाडी मुलुकहरू (जस्तै कुवेत, युएई, साउदी अरब, इराकलगायत) मा पुर्‍याइएका नेपाली महिलाहरू बढी यौन तथा श्रम शोषणबाट पीडित हुने गरेका छन् (प्रमुख सूचनादाता, नेपाल प्रहरी)। एजेन्टहरूले फ्री भिसा र फ्री टिकटको लोभ देखाई महिलाहरूलाई घरेलु कामदारको रूपमा ती देशहरूमा पठाउने र कतिपय अवस्थामा सिधै एयरपोर्ट वा एजेन्टको अफिसबाटै बेच्नेजस्ता क्रियाकलाप हुने गरेका छन्।

नेपालमा हुने मानव बेचबिखन तथा ओसारपसारको अर्को चिन्ताजनक स्वरूप भनेको मानव अंग बेचबिखन पनि हो, जसअन्तर्गत गरिब परिवारका मानिसहरूलाई फसाएर उनीहरूको मञ्जुरीविना नै शरीरका विभिन्न अंगहरू बेच्ने कार्य गरिन्छ। यो विशेष गरि ग्रामीण क्षेत्रका अशिक्षित र आर्थिक रूपमा कमजोर समुदायहरूमा बढी देखिन्छ।

यी सबै स्वरूपहरूको मूल कारण भनेको गरिबी, बेरोजगारी, शिक्षा तथा जानकारीको अभाव, सरकारी निगरानीको कमजोरी र कमजोर कानून कार्यान्वयन नै हो। साथै, दलालहरूको सञ्जाल अत्यन्त शक्तिशाली र संगठित बनेका कारण पनि यस्ता कार्यमा संलग्नहरू राज्यको नियन्त्रणभन्दा बाहिर गइरहेका छन्।

यसै सन्दर्भमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४, तथा नेपालको संविधानले यसबारे आवश्यक कानूनी व्यवस्था गरे पनि मानव बेचबिखन तथा ओसारपसारका नयाँ स्वरूपहरूका लागि समयानुकूल नीति र प्रविधिमैत्री नियन्त्रण प्रणालीको आवश्यकता खट्किएको छ। नयाँ चुनौतीहरूको सामना गर्न सरकार, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायको सहकार्य अपरिहार्य बनिरहेको छ ।

**रेखाचित्र ४.१०:**

मानव बेचबिखनका परिवर्तित स्वरुप




*स्रोत: अनुसन्धानकर्ताद्वारा विकसित*

## विदेशमा घरेलु श्रमको रूपमा

पछिल्लो समयमा देश बाहिरको सन्दर्भमा विशेष गरि खाडी राष्ट्रहरूमा एजेन्टको प्रलोभनमा परेर महिलाहरू बढी पीडित भएको देखिन्छ। एजेन्टले फ्रि भिसा र फ्रि टिकटको प्रलोभनमा पारेर धेरैजसो महिलाहरूलाई हवाइजहाजको माध्यमबाट कुवेत, यूएरइ, साउदी अरब र लुकिछिपि इराकजस्ता देशहरूमा एजेन्टले लैजाने र ती देशहरूमा सिधै एयरपोर्टबाट अथवा एजेन्टको अफिसमार्फत महिलाहरूलाई घरेलु कामदारको रूपमा बिक्री गर्ने गरिएको देखिन्छ। ती देशहरूमा एजेन्टमार्फत पैसा तिरेर अथवा बुकिङ गरेर घरायसी काममा राख्न पाउने कानूनी प्रावधानसमेत रहेको छ। नेपाली महिलाहरूमा घरायसी कामको व्यवसायिक दक्षतामा कमी भएकोले कतिपय अवस्थामा खरिद गर्ने व्यक्तिले काममा चित्त नबुझे एजेन्टलाई नै फिर्ता गर्ने, यदि फिर्ता नगरेको खण्डमा १८/२० घण्टासम्म पनि काममा लगाउने, ती महिलाहरूलाई श्रम शोषण र यौन शोषणसमेत गर्ने गरिएको जानकारी प्राप्त भएको छ (प्रमुख सूचनादाता, नेपाल प्रहरी)। कतिपय अवस्थामा खरिद गर्ने व्यक्तिले आफ्नो घरको अलावा अन्यत्र समेत काम गर्न पठाउने गरेका घटनाहरू देखिन्छ। यसरी कार्य गर्न बाध्य पारिएका ती

महिलाहरूको पासपोर्ट खरिद गर्ने व्यक्तिले कब्जामा लिने गरेका कारणले ती महिलाहरूले बाहिर सम्पर्कसमेत गर्न नसक्ने अवस्था विद्यमान रहेको देखिन्छ।

## विदेशीसँग विवाहको नाममा शोषण

पछिल्लो समयमा केही नेपाली महिलाहरूलाई वैधानिक तरिकाले विदेशीसँग विवाह गरेर छिमेकी देशहरूमा लैजाने गरेको भेटिन्छ। विशेष गरि कतिपय छिमेकी देशहरूमा ग्रामीण भेगमा बसोबास गर्ने पुरुष/उमेर बढी भएका र शारीरिक रूपमा केही अशक्त विदेशी पुरुषहरू नेपाली महिलासँग विवाह गर्नको लागि काठमाण्डौ आएर बसी एजेन्टमार्फत नेपाली महिला र घरपरिवारसँग सम्पर्क तथा भेटघाट गरी विवाह गरेर आफ्नो देशमा लैजाने गरेको देखिन्छ। विवाह गरेर गएकामध्ये केही महिलाहरू उनकै श्रीमानबाट नै अत्यधिक यौन शोषणमा पर्ने गरेको उजुरीका घटनाहरू प्रहरीमा पर्ने गरेको पाइन्छ। यी कुराहरूकोबारेमा नेपाली महिलाहरू र घरपरिवारलाई सचेत बनाएको खण्डमा यो समस्यामा निश्चय पनि कमी आउनेछ (प्रमुख सूचनादाता, नेपाल प्रहरी)।

अनलाइन स्क्यामिङ

पछिल्लो समय Online Scamming मा समेत नेपालीहरू पीडित हुँदै गएको पाइएको छ (प्रमुख सूचनादाता, प्रहरी व्युरो)। यो घटना विशेष गरि South East Asia मा हुने गर्दछ जहाँ कतिपय लगानीकर्ताहरुले गैर कानूनी कम्पनीहरू स्थापना गरेर व्यवसाय सञ्चालन गरेको पाइन्छ। ती कम्पनीहरूमा English/Computer राम्रो भएका व्यक्तिहरूलाई आकर्षक तलब (एक लाखभन्दा बढी) दिने भनेर Visit visa मार्फत Visa उपलब्ध गराई मानिसहरू लैजाने र यसको चाँजोपाँजो नेपाली एजेन्टहरूले गर्ने गरेको पाइन्छ। त्यसरी लगिएका मानिसहरूलाई ती कम्पनीमा पुर्‍याएपश्चात् करीब १ हप्ता जतिको तालिम दिई काममा लगाउने गरेको पाइन्छ। विशेषतः यसरी तालिम प्राप्त व्यक्तिलाई नक्कली आईडीमार्फत विभिन्न देशका नागरिकहरूलाई फन्दामा पारी क्रिप्टो करेन्सी लगायत छिटो धेरै प्रतिफल दिने क्षेत्रमा पैसा लगानी गर्न लगाउने गर्दछन्। फन्दामा परेका व्यक्तिहरूले आफ्नो एकाउण्टमा नाफा बढ्दै गएको त देख्छन् तर लगानीकर्ताले पैसा निकाल्न भने सक्दैनन्। जसले यस्तो कार्य सफलतापूर्वक गर्दछन् ती व्यक्तिहरूलाई कमिसन दिदै तलब समेत बढाउने गर्दछन् भने यस्तो कार्य गर्न नसकेको खण्डमा कामको समय बढाउने, Electric shock लगायत शारीरिक यातना दिने गरेको पाइन्छ। नेपालबाट गएका व्यक्तिहरूको मोबाइल फोन, पासपोर्ट उनीहरूले राखिदिने गरेका कारणले आफ्नो परिवारसँग सम्पर्क समेत गर्न नपाउने, कहिलेकाहीं लुकिछिपि सम्पर्क गरिहाले भने पनि उक्त स्थानबाट उद्धार गर्न निकै नै गाह्रो हुने गर्दछ। यदि त्यहाँबाट नेपालीहरू स्वदेश फर्किन चाहेको खण्डमा घर परिवारबाट आठ दश लाख पठाएपछि मात्र मुक्त भएर आउन पाउने गरेको घटना सुनिएको छ (प्रमुख सूचनादाता, प्रहरी व्युरो)।

## मनोरञ्जन/सत्कार क्षेत्रमा (आन्तरिक बेचबिखन)

देशभित्र हुने मानव बेचबिखनको अवस्था हेर्दा आर्थिक हिसाबले एकदमै गरिब, आमाबाबु बितेका, बाबुले सौतेनी आमा ल्याएका अथवा आमा अन्य पुरुषसँग पोइल गएका बालबालिकाहरू बढी प्रभावित भएको पाइन्छ। ती व्यक्तिहरू होटल, रेष्टुरेण्ट, डान्सबार, मसाज सेन्टरमा काम गर्ने गरेको पाइन्छ। यस्ता वर्गबाट प्रहरी प्रशासनमा एकदमै कममात्र उजुरी पर्ने गरेको देखिन्छ।

पहिला जस्तो नेपाली महिलाहरूलाई भारतका विभिन्न शहरहरू मुम्बई, नयाँ दिल्ली, कोलकाता जस्ता क्षेत्रका कोठीहरूमा लगेर बेच्ने कार्य लगभग बन्द जस्तै भएको भन्ने जानकारी आए पनि पछिल्लो समय केही नेपाली

महिलाहरूले नै भारतका विभिन्न शहरहरूमा Apartment भाडामा लिएर विशेष गरि २०/२२ वर्षभन्दा कम उमेरका नेपाली महिला तथा किशोरीहरूलाई बढी पैसा कमाउन सकिने प्रलोभन देखाएर विभिन्न सम्पर्कको माध्यमबाट यौन पेशामा लगाउने गरेको देखिन्छ (प्रमुख सूचनादाता, नेपाल प्रहरी)।

### मानव अंग बेचबिखन

नेपालमा मानव अंग प्रत्यारोपण गर्नको लागि नजिकको नातेदार बाहेक अन्य व्यक्तिहरूलाई अनुमति नदिएको हुँदा गैर-कानूनी तबरले मिर्गौला लगायतका अंग बेचबिखन हुने गरेको देखिन्छ। यसको लागि एजेन्टको सहायताले मिर्गौला लगायतका मानव अंगको आवश्यकता पर्ने घर परिवारका सदस्यहरूले मिर्गौला लगायतका अंग बेच्न तयार हुने मानिस खोज्ने गर्दछन् र अंग बेच्न तयार मानिससँग ती अंगको मोलमोलाई पश्चात् नक्कली कागजी प्रक्रियाहरू पूरा गरेर मानव अंग प्रत्यारोपण गर्ने गरिन्छ। यसमा कहिलेकाहीं मानव अंग बेच्ने मानिसलाई पहिले तोके बमोजिमको रकम उपलब्ध नगराएमा वा मानव अंग बेच्ने मानिस बिरामी भएको अवस्थामा प्रहरी सामु उजुरी पर्ने गरेको पाइन्छ। अन्यथा यो प्रसंगमा खासै उजुरी दिने गरेको पाइदैंन। मानव अंग बेच्नलाई प्रेरित गर्ने व्यक्ति प्रायः जसो जसले पहिले मानव अंग बेचिसकेका हुन्छन उनीहरू नै बढी हुने गरेको पाइन्छ। उक्त व्यक्तिले आफूले मानव अंग दिएको कारणले पैसा प्राप्त गरेको र त्यसको कारणले आफ्नो स्वास्थ्यमा कुनै खराबी नआई स्वास्थ्य यथावत नै रहेको भन्दै अन्य व्यक्तिलाई समेत मानव अंग बेच्नको लागि अभिप्रेरित गर्ने गरेको पाइन्छ।

### ४.५ माध्यमहरू

नेपालमा मानव बेचबिखन र ओसारपसारको आपराधिक कार्य कहिले सुरु भयो भन्ने स्पष्ट तथ्याङ्क नभए पनि भारतसँगको हवाई र सडक यातायातको विकासपश्चात् यसमा तीव्र वृद्धि भएको देखिएको छ। अझ त्रिभुवन, पृथ्वी, सिद्धार्थ र अरनिकोजस्ता राजमार्गहरूको निर्माणपछि भारत जान सहज भएसँगै नेपाली युवतीहरू *विभिन्न* प्रलोभनमा परेर भारतमा पुग्ने तथा पुर्‍याइनुका साथै त्यहाँका वेश्यालयमा बेचिन थालेको पाइएको छ। विशेष गरि बागमती, नारायणी, लुम्बिनी, गण्डकी प्रदेशका र त्यसमा पनि काभ्रे, दोलखा र सिन्धुपाल्चोक जिल्लाका महिलाहरू बढी प्रभावित भएका छन्। मानव बेचबिखनमा संलग्न दलालहरूले बिहे गरेर लैजाने, जागिरको झुटो सपना देखाएर युवतीहरूलाई फसाउने गरेका छन्। यातायात र पूर्वाधारको विकासले यस्ता अपराधहरूलाई सजिलो बनाउँदै विकाससँगै मानव बेचबिखनको प्रकृति, स्वरुप र आयाम दिनदिनै थप चुनौतिपूर्ण हुँदै गइरहेको छ।

मानव बेचबिखनको दृष्टिले नेपाल केही वर्ष अघिसम्म स्रोत वा उत्पत्ति मुलुकको रूपमा रहेको भएता पनि पछिल्ला वर्षहरूमा मार्गस्थ र गन्तव्य मुलुकको रूपमा समेत विकास हुँदै गएको देखिन्छ। काठमाण्डौं उपत्यका लगायत अन्य सीमावर्ती एवं ठूला शहरहरू समेत पारवहन तथा स्थलमार्ग र आन्तरिक बेचबिखनका लागि गन्तव्य स्थानका रूपमा पनि देखिन थालेको छ।

### ४.५.१ विभिन्न माध्यमबाट बेचबिखनमा परेकाहरूको विवरण

मुलुकमा पछिल्ला केही वर्षमा गरिबी, अशिक्षा, बेरोजगारी, लैङ्गिक विभेद तथा सीमित अवसरहरूले गर्दा धेरै नेपाली नागरिकहरू विशेष गरि युवा, महिला, किशोरकिशोरीहरू वैदेशिक रोजगारी, अध्ययन वा अन्य अवसरको खोजीमा विदेश लाग्ने क्रममा मानव बेचबिखनमा पर्ने गरेको तथ्याङ्कहरूबाट देखिएको छ। यसप्रकारको बाह्य क्षेत्रमा हुने मानव बेचबिखनका घटनाहरू प्रायः नेपालका नाकाहरू हुँदै वा अन्तर्राष्ट्रिय विमानस्थलमार्फत विदेश पुर्‍याएर हुने गर्दछन्। विभिन्न माध्यमबाट मानिसहरूलाई धोका, बलजफ्ती वा प्रलोभन देखाएर वैदेशिक मुलुकमा बेच्ने प्रयास भइरहेको छ। त्यसैले, मानव बेचबिखन रोकथामका लागि कुन-कुन नाकाहरू वा मार्गहरू प्रयोग गरेर मानव ओसारपसार भइरहेका छन् र कुन माध्यमबाट बढी ओसारपसार भइरहेको छ भन्ने तथ्याङ्कको अध्ययन हुनु अत्यन्तै महत्त्वपूर्ण छ जसलाई निम्न तालिकामा देखाइएको छ।

**तालिका ४.८:**

मानव बेचबिखन तथा ओसारपसारका लागि प्रयोग गरिएका यातायात तथा नाका

| यातायातको प्रयोग | प्रतिशत | नाकाको प्रयोग | प्रतिशत |
|---|---|---|---|
| हवाई यातायात (त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल) | ४९ | सुनौली | १४ |
| सडक यातायात | ५१ | गड्डाचौकी | ११ |
| | | रक्सौल | १० |
| | | गौरिफन्टा | ५ |
| | | रुपेड़िया | ४ |
| | | जोगबनी | १ |
| | | पानीट्यांकी | २ |
| | | रसुवागढी | १ |
| | | अन्य (थाहा नभएको) | ३ |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

माथिको तथ्याङ्क अनुसार हवाईमार्ग अर्थात् त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमार्फत हुने मानव बेचबिखन तथा बेचबिखनमा परेका व्यक्तिहरूको संख्या कूल ४९ प्रतिशत रहेको छ भने सडक मार्ग मार्फत बेचबिखनमा परेका व्यक्तिहरूको संख्या ५१ प्रतिशत रहेको छ। सडक मार्ग अन्तर्गत विशेष गरि भारतसँग जोडिएका स्थल नाकाहरू प्रयोग गरिएको पाइन्छ, जसमा रूपन्देहीको सुनौली नाका सबैभन्दा बढी प्रयोग भएको देखिन्छ। त्यसपछि क्रमशः कञ्चनपुरको गड्डाचौकी, विरगञ्जको रक्सौल, धनगढीको गौरिफन्टा र नेपालगञ्जको रुपैडिया लगायतका नाकाहरू रहेका छन् भने पानीट्यांकी, जोगबनी, रसुवागढी जस्ता अन्य नाकाहरू पनि मानव बेचबिखन तथा ओसारपसारका लागि प्रयोग गरिएका स्थलमार्गहरू हुन्। नेपालको पूव मेचीदेखि पश्चिम महाकाली लगायत तराईको भूभाग भारतसँग जोडिएको र नेपाल-भारतबीच १७५१ कि.मि. खुला सीमाना भएकोले कतिपय

अवस्थामा बेचबिखनमा संलग्न व्यक्तिले मुख्य नाकाबाहेक अन्य वैकल्पिक बाटाहरूसमेत प्रयोग गरेर सीमा कटाउने गर्दछन्। कहिलेकाहीं बेचबिखनमा संलग्न व्यक्तिले लागू औषधिको प्रयोग गरि बेहोस बनाई सीमापार गराउने समेत गर्दछन्।

## मानव बेचविखन तथा ओसारपसारमा संलग्न हुन सक्ने व्यक्तिहरू

मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर अपराधमा संलग्न हुने व्यक्तिहरू विभिन्न तहका र पृष्ठभूमिका हुने गर्दछन्, जसले यो समस्यालाई अझ जटिल र गम्भीर बनाएको छ। प्रायः स्थानीय दलालहरू मानव बेचबिखनको प्रारम्भिक कडीका रूपमा क्रियाशील हुन्छन्, जसले आफ्नै गाउँघर वा समुदायमा विश्वास जितेर व्यक्तिलाई फकाउने, झुक्याउने र बेचबिखनको जालमा पार्ने काम गर्छन्। केही घटनाहरूमा परिवारका सदस्य वा नातेदारहरू नै यस अपराधमा संलग्न हुन्छन्, जसले पैसा वा नाफाका लागि आफ्नै छोरी चेली वा श्रीमतीलाई समेत वस्तु सरह बिक्री गर्न तयार हुन्छन्।

मानव बेचबिखनकर्ता वा दलालहरूको सञ्जाल गाउँ देखि शहर हुँदै विदेशसम्म फैलिएको हुन्छ जहाँ उनीहरू भूमिगत रूपमा सक्रीय हुन्छन्। उनीहरूले विशेषतः रोजगारीको अवसर, राम्रो जीवनशैली र आर्थिक समृद्धिको *सपना देखाएर पीडितहरूलाई जालमा फसाउँछन्। अन्तर्राष्ट्रिय सञ्जालसम्म सम्बन्ध बिस्तार गरेका दलालहरू मुलुकहरूबीचको खुला सीमानाको फाइदा सहजै उठाउँछन् भने श्रम स्वीकृति, राहदानी, भिषा वा अध्यागमन नियमनका लागि जिम्मेवार निकायका पदाधिकारीहरूसँगको मिलेमतो (setting) मा मानव बेचबिखनका उपायहरू पहिल्याउँछन्। यी दलालहरूले सीमावर्ती क्षेत्रबाट मात्र होइन गरीबी, बेरोजगारीको मारमा परेका र अवसरका खोजीमा रहेका किशोरी, महिला तथा कमजोर अवस्थाका व्यक्तिहरूलाई अन्य मुलुकमा पुर्‍याउने कार्य गर्छन्।*

सुडानी कहावत "Use the slave to catch the slave" भने झैं आफू बेचबिखनमा परि यौन पेशा अँगाल्न बाध्य भएका व्यक्तिहरूले पनि नयाँ व्यक्तिहरूलाई आफ्नो पेशामा जबर्जस्ती ल्याउने वा फसाउने प्रयास गर्छन्। यस्तै, कारखाना तथा काम गर्ने ठाउँहरूमा कार्यरत व्यक्तिहरूमार्फत पनि मानिसहरूलाई झुक्याएर, श्रम शोषणमा पारेर वा यौन शोषणमा लगेर बेचबिखन गर्ने गरेको पाइन्छ। यौन बजारमा कार्यरत व्यक्तिहरूसमेत अन्य महिला तथा युवतीलाई फसाउन सहयोगीको भूमिका खेलेको देखिन्छन् (सामुहिक छलफल)।

## सीमावर्ती नाकामा अपराधीहरूबाट गरिने बहानाहरू

सीमावर्ती नाकाहरू मानव बेचबिखनको संवेदनशील क्षेत्रहरू हुन्, जहाँबाट मानव बेचबिखनका दलालहरू विभिन्न बहाना बनाई पीडितहरूलाई ओसारपसार गर्ने गर्छन्। त्यस्ता नाकामा सुरक्षाकर्मी वा नियामक निकायलाई झुक्याउनका लागि दलालहरूको गिरोहले विभिन्न बहानाहरू बनाउँछन्। जस्तै नाता सम्बन्ध देखाएर, उपचारका लागि लगेको, सामान किन्न हिँडेको, आफन्त वा परिवारकै सदस्यलाई भेट्न हिँडेको आदि सामान्य लाग्ने बहानाहरू बनाएर पनि सीमा पार गराउने प्रयास गरिन्छ। यस्ता बहाना दैनिक जीवनसँग सम्बन्धित हुने भएकाले चेकजाँचमा खासै शंका नउठ्ने रणनीति अपनाइन्छ। अझ केही अवस्थामा बिदामा घर आएको र बिदा सकेर काममा जान लागेको जस्तो बहाना पनि प्रयोग गरिन्छ, जसले वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरूको सन्दर्भलाई आधार बनाएर बेचबिखनलाई लुकाउने काम गरिन्छ। त्यसै गरि आमा, बाबु, दाजु, बहिनी भारतमा बस्ने भएकाले त्यहाँ पुर्‍याउन हिँडेको जस्ता भावनात्मक बहानाहरू पनि प्रयोग गरिन्छ, जसले गर्दा सुरक्षाकर्मीहरूले नजिकको सम्बन्ध भएको ठानी गहिरो छानवीन नगर्न सक्छन्।

## ४.६ गुणात्मक विश्लेषण (प्रमुख सूचनादाता/समूह छलफल)

"मानव बेचबिखन गम्भीर समस्या हो ......... तर तुलनात्मक रूपमा हाम्रो पालिकामा धेरै नै यस प्रकारका घटना हुने गरेको छ ...... मुख्य कारण गरिबी र अशिक्षा देखिन्छ।"

*(साँगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोकका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"........... विशेष गरि गरिब समुदायका किशोर किशोरीहरू मानव बेचबिखन तथा ओसारपसारको जोखिममा छन्।"

*(भीमदत्त नगरपालिका, कञ्चनपुरका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"मानव बेचबिखन तथा ओसारपसार हुनाका कारणहरू देखासिखी, चाँडै धनी हुने चाहना र महत्त्वकांक्षा हुन् .....................।"

*(शान्ति पुनर्स्थापना केन्द्र, कञ्चनपुरका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"मानव बेचबिखनमा पर्नुमा आर्थिक, पारिवारिक बेमेल, .......................... हाल अनलाइन प्लेटफर्म सामाजिक सञ्जालको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।

*(माइती नेपाल, भैरहवाका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"अशिक्षा, गरिबी, बेरोजगारी, देखासिखी, वैदेशिक रोजगारीको आकर्षण .................... यसका मुख्य कारणहरू हुन्।"

*(मनहरी गाउँपालिका, मकवानपुरमा सामुहिक छलफलमा सहभागी)*

"अशिक्षा, गरिबी, रोजगारी मुख्य कारण हुन् ................ प्रेममा फसाएर विश्वासमा लिएर आफ्नो स्वार्थ अनुसार प्रयोग गर्ने र बजारमा लगेर यौन शोषण गर्ने गर्छन् .........।"

*(जिल्ला प्रशासन कार्यालय, मकवानपुरका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"हाम्रो समुदायमा महिलाहरूलाई घरबाट बाहिर निस्कन दिइँदैन ........ तेसैले यो समुदायमा बेचबिखनको समस्या कम छ।"

*(मायादेवी गाउँपालिका, रूपन्देहीमा सामुहिक छलफलमा सहभागी)*

"मानव बेचबिखनको मुख्य कारण बेरोजगार कामको प्रलोभन देखाउने, फेसबुक सामाजिक सञ्जालहरूमार्फत मायाको नाटक गरेर फसाउनु शिक्षाको कमी हुन् ..............................।"

*(जिल्ला प्रहरी कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, मकवानपुरका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"गरिबीले गर्दा लोभ लालच बढ्ने एउटा परिवारको व्यक्ति गएर मैले यति पैसा कमाउँछु भन्दा लोभ बढेर ....... म पनि जान्छु भनेर देखासिखी र बाध्यताले गर्दा मानव बेचबिखनमा पर्ने सम्भावना बढी देखिएको छ....."

*(महिला सञ्जाल समिति, रसुवाका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"आर्थिक .......................... साथीको लैलैमा पर्नु ............................"

*(माइती नेपाल, रसुवाका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"विकट र दुर्गम ठाउँहरूमा मानव बेचबिखन बढी हुने गर्दछ ........................... मानव बेचबिखनको स्वरूप फेरिएको नजिकको देशभन्दा पनि टाढाको देशमा वैदेशिक रोजगारीका लागि जुन बाटोबाट पनि जाने गर्नाले हुन्छ वैदेशिक रोजगारीबारे जानकारी दिंदा पनि र कार्यक्रम गर्दा पनि अरुको कुरा सुनेर बिना श्रम स्वीकृति,

पासपोर्ट बनाएर जाने गरेको पाइन्छ।"

*(मनहरी गाउँपालिका, मकवानपुरमा सामुहिक छलफलमा सहभागी)*

"मानव बेचबिखनको वर्तमान समस्या पहिले जस्तै जटिल छ तर प्रकृति फरक छ, प्रत्यक्ष हुने बेचविखन र अप्रत्यक्ष रूपमा वैदेशिक रोजगारीमा पर्ने ठगी तथा बेचविखन स्वरूप मात्रै फरक हो ..................।"

*(मेलम्ची नगरपालिका, सिन्धुपाल्चोकका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"..........पहिले महिला तथा बालबालिका बढी पर्ने गर्थे तर अहिले स्वरूप परिवर्तन भएको छ। महिला र बालबालिकाको साथै पुरुषहरू पनि उत्ति नै बेचबिखनमा पर्ने गरेको पाइन्छ ............ विदेश पठाउने बहानामा।

*(सरकारी वकिल कार्यालय, मकवानपुरका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"............ मानव बेचबिखन दुई किसिमबाट भइरहेको पाइन्छ एउटा सिधै भारतमा लग्ने र बेच्ने अर्को भारतको बाटो हुँदै अन्य देशहरूमा लगेर बेच्ने .................... सूर्योदय नगरपालिकाबाट मानव बेचबिखन तथा ओसारपोसार सम्बन्धी हालसम्म अध्ययन तथा तथ्याङ्क सङ्कलन गरिएको छैन। "

*(सूर्योदय नगरपालिका, इलामका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"विपन्न परिवारका महिलाहरू बढी जोखिममा देखिन्छ। दैनिक व्यवहार चलाउन बालबच्चा पढाउने सोचमा वैदेशिक रोजगारीमा नबुझी जाने र फस्ने धेरै हुन्छन्।"

*(शक्ति समूह पशुपतिनगर नाका, इलामका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"गाउँघरमा पहिलादेखि नै जानीबुझी सहयोग गरेजस्तो गरी उपचारको लागि भनेर लाने र रन्डमली लगेर ब्लड टेस्ट गराई अङ्ग झिक्ने कामहरू पनि भएका छन्।"

*(इलाका प्रहरी कार्यालय पशुपतिनगर नाका, इलामका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"मानव बेचबिखन तथा ओसारपोसार हुनमा खास गरी सामाजिक सञ्जालबाट सजिलै फस्ने घरपरिवारहरूलाई झुटो बोल्ने बोर्डरमा जे बोल्न लगाएको छ त्यही बोल्ने गरेर फसेको पाइन्छ ..... ।"

*(शान्ति पुनःस्थापना केन्द्र, कञ्चनपुरका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"सामाजिक सञ्जालमार्फत प्रेममा फस्नु र माया र कामको प्रलोभन देखाएर भेट्नु अनि फसेको पाइन्छ। अहिले बेचबिखनमा पर्नुमा सामाजिक सञ्जालको पनि ............... हात रहेको छ।"

*(जिल्ला प्रशासन कार्यालय, मकवानपुरका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"मानव बेचबिखनमा संलग्न एउटा व्यक्ति मात्र हुँदैन यिनीहरूको गिरोह नै हुन्छ, ठाउँ-ठाउँमा सम्पर्क गर्ने एउटाले फसाउने अनि अर्कोले पास गरेर अर्को ठाउँमा पुर्‍याउने बेच्ने वा अमर्यादित कार्यमा लगाएको पाइन्छ .......।"

*(जिल्ला प्रहरी कार्यालय, इलामका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"सामाजिक सञ्जालमार्फत आफ्नै चिनेको साथी भारतको कुनै ठाउँमा बेचबिखनमा परेर फसेको छ भने उसँगको निरन्तर संवादको .......... प्रलोभनमा परि त्यहाँ फस्ने गरेको देखिएको छ .............. त्यसै गरि सामाजिक सञ्जालमार्फत भेट भएपछि कुरा गर्ने लभ पर्ने भरोसा गरेर एजेन्टले बोलाएको ठाउँमा आफै जाने गरेर पनि प्रभावित भएका छन्।"

*(माइती नेपाल पशुपतिनगर नाका, इलामका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

"............ बेचबिखन हुनुमा मुख्य भूमिका सामाजिक सञ्जालको नै ह ।"

*(पशुपतिनगर नाका, इलाममा सामुहिक छलफलमा सहभागी)*

"वर्तमान अवस्थामा मोबाइल फोन र इन्टरनेटको सहजै पहुँच भएकोले सामाजिक सञ्जाल र अनलाइन प्लेटफर्महरूले बेचबिखनमा पर्नुमा ठूलो भूमिका खेलेको देखिन्छ।"

*(माइती नेपाल रक्सौल नाका, पर्साका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)*

**संक्षेपमा,**

खुला सीमाना, दलालहरूको सक्रीयता र वैदेशिक रोजगारीको लोभले पनि मानिसहरू सजिलै बेचबिखनमा पर्ने खतरा हुन्छ। प्रदेशगत रूपमा सबैभन्दा बढी पीडित बागमती प्रदेशमा छन् भने जिल्लागत रूपमा मकवानपुर र सिन्धुपाल्चोक अत्यधिक प्रभावित देखिन्छन्।

मानव बेचबिखनका कारणहरूमा गरिबी, घरभित्रको झगडा, मेलमिलापको कमी र मादक पदार्थ सेवन महत्त्वपूर्ण भूमिका खेल्छन्। यस्तो अस्थिर वातावरणले व्यक्तिहरूलाई मानसिक रूपमा कमजोर बनाउँदै दलालहरूको प्रभावमा पर्न सजिलो बनाउँछ। एकल परिवारमा बस्नेहरू संयुक्त परिवारको तुलनामा बढी जोखिममा पर्ने देखिन्छ, किनभने उनीहरू सजिलै डर, त्रास र प्रलोभनमा पर्न सक्छन्। साथै, गरिबी र परिवारका कुनै सदस्यलाई गम्भीर रोग लागेको अवस्थाले निम्त्याउने आर्थिक अभावको कारणले पनि मानव बेचबिखनको जोखिमलाई बढाउँछ। यद्यपि, अध्ययनका आधारबाट हेर्दा मानव बेचबिखनको जोखिमलाई बढावा दिने कारकका रूपमा प्राकृतिक विपत्ति मुख्य कारण नरहेको देखिएको छ। साथै, पीडित तथा प्रभावित व्यक्तिहरूको सार्वजनिक सेवामा पहुँच कमजोर हुँदा पनि मानव बेचबिखन रोकथाममा बाधक बन्ने देखिन्छ।

नेपालमा मानव बेचबिखन सुरुआती चरणमा मुख्यतः महिलाहरू र बालबालिकालाई भारतमा यौन शोषणका लागि बेच्ने गरिन्थ्यो। तर हाल यसको दायरा फराकिलो बन्दै खाडी राष्ट्रहरू, मलेसिया, अफ्रिका, चीन, युरोपलगायत विभिन्न देशहरूमा फैलिएको पाइन्छ। पछिल्लो समय महिला, बालबालिकाका साथै पुरुषहरूसमेत बेचबिखनमा पर्न थालेका छन्, जहाँ उनीहरू जबर्जस्ती श्रम शोषण, अंग बेचबिखन, सर्कस, तथा जबर्जस्ती विवाहमा संलग्न गरिन्छ। मानव बेचबिखनका नयाँ स्वरूपहरूमा वैदेशिक रोजगारीको नाममा श्रम शोषण, झुठ्ठा विवाह, अनलाइन ट्राफिकिङ, बाल यौन शोषण  र अनलाइन स्क्यामिङ प्रमुख रूपमा देखिएको छ। त्यस्तै, मानव बेचबिखनको कारक तत्वमा मानव अंग विशेषतः मिर्गौलाजस्ता अंगहरूको अवैध कारोवार हुनुले पनि बेचबिखनको समस्याको अझ गम्भीर बनाएको पाइएको छ, जहाँ गरिब मानिसहरूलाई नक्कली कागजपत्रमार्फत अंग बेच्न बाध्य बनाइन्छ। यी समस्याहरूको मूल कारण प्रविधिको दुरुपयोग, गरिबी, बेरोजगारी, जनचेतनाको कमी, र राज्यसंयन्त्रको कमजोरी हुन्। नेपालमा महिला बेचबिखन र ओसारपसारको इतिहास स्पष्ट नभए पनि भारतसँगको यातायात सहज भएपछि यसको वृद्धि भएको छ। यस्तै, प्रमुख राजमार्गहरूको निर्माणपछि, युवतीहरूलाई झूठा सपना देखाएर भारतका वेश्यालयमा बेच्ने क्रम पनि बढेको छ।

मानव बेचबिखनका प्रयोग हुने प्रमुख यातायातका मार्गमा सडक मार्ग र हवाईमार्ग हुन्। मानव बेचबिखन र ओसारपसारको लागि यी मार्गहरूको प्रयोगको प्रतिशतमा खासै भिन्नता देखिंदैन। मानव ओसारपसारमा प्रयोग हुने प्रमुख नाकाहरू सुनौली, गड्डाचौकी र रक्सौल लगायत रहेका छन्। मानव बेचबिखनमा संलग्न दलालहरूमा गाउँघरका विश्वासपात्रदेखि छिमेकी मुलुक र गन्तव्य मुलुकका एजेन्ट, शहरका गिरोह र कहिलेकाहीं नातेदारसमेत रहेका छन्।

## परिच्छेद पाँच

# व्यक्ति/वर्ग/समुदाय पहिचान, उद्धार, पुनःस्थापना र सहायता कार्यक्रम

## ५.१ पृष्ठभूमि

नेपालमा राजनीतिक अस्थिरता, सामाजिक तथा आर्थिक असमानता, गरिबी, बेरोजगारी, अशिक्षा, लैङ्गिक तथा जातिय भेदभाव, सामाजिक बहिष्करण (social exclusion) जस्ता कारणले गर्दा विभिन्न वर्ग र समुदायका मानिसहरू बेचबिखनको जोखिममा पर्दै आएका छन्। विशेषतः सीमावर्ती क्षेत्रहरू, ग्रामीण तथा सीमान्तकृत समुदायका सदस्यहरू, तथा रोजगारी र अवसरको खोजीमा देश-विदेश यात्रा गर्ने व्यक्तिहरू बढी जोखिममा रहेको मानिन्छ।

नेपालको सन्दर्भमा मानव बेचबिखन दुई प्रकारले हुने गरेको पाइन्छः आन्तरिक (देशभित्र) र बाह्य (देशबाहिर)। आन्तरिक बेचबिखन सामान्यतः घरेलु श्रम, यौन शोषण, जबर्जस्ती विवाह वा अन्य प्रकारका जबर्जस्ती श्रममा आधारित हुने गरेको छ भने बाह्य बेचबिखन प्रायः वैदेशिक रोजगारी, यौन व्यवसाय, जबर्जस्ती श्रम, मानव अंग बेचबिखन आदि उद्देश्यका लागि गरिन्छ। विशेषतः महिलाहरू, किशोरीहरू, बालबालिका, र सामाजिक रूपमा सीमान्तकृत वर्गका मानिसहरू बेचबिखनको सबैभन्दा ठूलो जोखिममा छन्।

मानव बेचबिखनको प्रभाव बहुआयामिक हुन्छ। पीडितहरूलाई शारीरिक, मानसिक, सामाजिक, र आर्थिक रूपमा दीर्घकालीन असर पर्ने गर्दछ। उनीहरूको जीवनशैली, सामाजिक सम्बन्ध, आत्मसम्मान र भविष्यप्रतिको भरोसामा गम्भीर असर पर्न जान्छ। साथै, पीडितहरूको उद्धारपछि पनि उनीहरूको पुनर्स्थापना, सामाजिक पुनःएकीकरण तथा मनोसामाजिक सहायताको आवश्यकता अत्यन्तै महत्त्वपूर्ण हुन्छ।

यस सन्दर्भमा, मानव बेचबिखनको पीडित/प्रभावितहरूको विवरण प्रस्तुत गर्नु नीतिगत सम्बोधन, पूर्वरोकथाम, उद्धार, तथा पुनर्स्थापनाका लागि मार्गदर्शन प्रदान गर्न महत्त्वपूर्ण हुन्छ। यो खण्डमा स्थलगत सर्भेक्षणबाट संकलित तथ्याङ्कका आधारमा पीडितहरूको उमेर, लिङ्ग, सामाजिक तथा आर्थिक अवस्था र उद्धार प्रक्रियाको विवरण विश्लेषण गरिएको छ।

## ५.२ पहिचान र उद्धार

उद्धार गरिएका महिलाहरूलाई एजेण्टले बीचमै सम्पर्क गरेर विभिन्न किसिमका आश्वासन, प्रलोभन, धम्की आदि दिने कारणले गर्दा उजुरी एकदमै कम पर्ने गरेको र उजुरी दिएकाहरूका हकमासमेत पछि सम्पर्कमा नआउने गरेको अवस्था देखिन्छ। कतिपय अवस्थामा झुठ्ठा जाहेरी दिएको कारणले गर्दा कानूनी प्रक्रियालाई अगाडि बढाउन कठिनाई हुने गरेको देखिन्छ।

### ५.२.१ पीडित/प्रभावितहरूको विवरण

**पीडित/प्रभावितको विवरण**

मानव बेचबिखनको प्रकृति र यसको प्रभाव उमेर, लिङ्ग तथा प्रयोगका उद्देश्यका आधारमा फरक-फरक

देखिन्छ। यौन शोषण, श्रम शोषण, बालश्रम, जबर्जस्ती विवाह, मानव अंग बेचबिखन आदि उद्देश्यले गरिने बेचबिखनमा महिला तथा बालबालिका बढी संवेदनशील समूहका रूपमा देखिएका छन्। अतः मानव बेचबिखनको स्वरुप, प्रकृति र आयामको अध्ययन गर्दा लिङ्ग र उमेरलाई आधार विश्लेषण गर्नु अत्यावश्यक छ। यसै सन्दर्भमा, स्थलगत सर्वेक्षणबाट संकलित २९८ जना पीडितहरूको तथ्याङ्कको आधारमा आन्तरिक र बाह्य बेचबिखनमा कुन उमेर समूह तथा लिङ्ग बढी जोखिममा छन् भन्ने कुरा स्पष्ट पारिएको छ, जसले नीतिगत सम्बोधन र लक्षित प्रतिकार्यका लागि मार्गदर्शन प्रदान गर्दछ।

### बेचबिखनको जोखिममा पर्ने उमेर समूह

मानव बेचबिखनको जोखिम व्यक्तिको उमेरसँग गहिरो रूपमा जोडिएको हुन्छ। विशेषतः किशोरावस्था र युवा अवस्थाजस्ता जीवनका संवेदनशील चरणहरूमा व्यक्तिहरू सजिलै लोभलालच, ठगी वा जबर्जस्तीको शिकार बन्न सक्ने खतरा बढी हुन्छ। यस उमेर समूहमा रहेका व्यक्तिहरू प्रायः भविष्यको खोजी, रोजगारीको अभाव, पारिवारिक तनाव वा स्वतन्त्रताको आकांक्षाका कारण विभिन्न जोखिममा पर्न सक्छन्। यस सन्दर्भमा, पीडितहरू कुन उमेरमा बेचबिखनमा परे र हाल उनीहरूको उमेर कति छ भन्ने विश्लेषणले मानव बेचबिखनको प्रकृति, त्यसको दीर्घकालीन असर र पुनर्स्थापनासम्बन्धी आवश्यकतालाई बुझ्न सहयोग पुऱ्याउँछ। यही उद्देश्यका साथ, तलको रेखाचित्रमा पीडितहरूको सुरुको पीडित अवस्थाको उमेर र हालको उमेरको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ।

रेखाचित्रमा मानव बेचबिखनबाट प्रभावित व्यक्तिहरूको सुरुमा पीडित हुँदाको उमेर र हालको उमेरलाई विश्लेषण गरिएको छ। प्राप्त तथ्याङ्कअनुसार, २५ प्रतिशत पीडितहरू १७ वर्षभन्दा कम उमेरमै, ५० प्रतिशत २२ वर्षभन्दा कम उमेरमै र ७५ प्रतिशत २७ वर्षभन्दा कम उमेरमै बेचबिखनको शिकार भएको देखिन्छ। यसै गरि पीडितहरूको हालको उमेरको विश्लेषण गर्दा २५ प्रतिशत पीडितहरू २२ वर्षभन्दा कम उमेरका, ५० प्रतिशत २९ वर्षभन्दा कम उमेरका र ७५ प्रतिशत ३६ वर्षभन्दा कम उमेरका रहेका छन्। यस विश्लेषणबाट स्पष्ट हुन्छ कि अधिकांश पीडितहरू किशोरावस्थादेखि युवा अवस्थामै बेचबिखनमा परेका थिए र अहिले उनीहरूको उमेर क्रमशः बढ्दै गएको छ, जसले मानव बेचबिखनको दीर्घकालीन प्रभाव र पुनर्स्थापनाको चुनौतीलाई उजागर गर्छ।

### रेखाचित्र ५.१:

मानव बेचबिखन पीडित/प्रभावितको उमेर (प्रतिशतमा)




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

## पीडित/प्रभावित महिला, पुरुष तथा बालबालिकाको पहिचान

रेखाचित्रमा रहेको फिल्ड स्थलगत सर्वेक्षणको (२९८ पीडित) विवरणअनुसार मानव बेचबिखनमा सबैभन्दा धेरै पीडित हुनेमा महिला ५६ प्रतिशत रहेका छन् जसमध्ये आन्तरिकतर्फ २१ प्रतिशत र बाह्यतर्फ ३५ प्रतिशत, दोस्रोमा बालिका २८ प्रतिशत रहेका छन् जसमध्ये आन्तरिकतर्फ १९ प्रतिशत र बाह्यतर्फ ९ प्रतिशत, तेस्रोमा पुरुष १५ प्रतिशत रहेका छन् जसमा सबै बाह्यतर्फ पीडित भएका पाइएको छ। बालक पीडितको संख्या सबैभन्दा कम १ प्रतिशत छ जुन आन्तरिक तर्फ मात्र रहेको देखिन्छ। समग्रमा, स्थलगत सर्वेक्षणमा मानव बेचबिखन गरिने कारणमा मुख्यतः यौन र श्रम शोषण गर्ने उद्देश्यले महिला र बालिकाको प्रयोग बढी गरेको निष्कर्ष निकाल्न सकिन्छ।

**रेखाचित्र ५.२:**

पीडित/प्रभावित महिला, पुरुष तथा बालबालिकाको विवरण




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

## पीडित/प्रभावितको पहिचान र आर्थिक अवस्था

नेपाल कृषि प्रधान देश भएता पनि यहाँ कतिपय कृषक परिवारलाई आफ्नो कृषि उत्पादनले वर्ष दिनभरी खान पुग्दैन। कतिपय कृषकहरूलाई आफ्नो कृषि उत्पादनले वर्ष दिनभरी खान पुगेता पनि अन्य आवश्यकताहरू पूरा नहुने अवस्था छ। तसर्थ, पीडितहरूको आर्थिक अवस्था हेर्नको लागि उनीहरूको कृषि उत्पादनले कति समयसम्मलाई खान पुग्दछ, भन्नेबारे पनि विश्लेषण गर्नु सान्दर्भिक हुन्छ।

रेखाचित्रमा मानव बेचबिखनबाट पीडितहरूको आर्थिक अवस्थालाई नियाल्दा आदिवासी/जनजातिमध्ये करीब ३७ प्रतिशत पीडितहरूलाई आफ्नो उब्जनीले ३ महिना, २३ प्रतिशत पीडितहरूलाई आफ्नो उब्जनीले ६ महिना, २२ प्रतिशत पीडितहरूलाई आफ्नो उब्जनीले ९ महिनामात्र खान पुग्ने र करीब १८ प्रतिशत पीडितहरूलाई आफ्नो उब्जनीले वर्षभरी खान पुग्ने देखिन्छ। पीडितहरूमध्येका खस/आर्यका हकमा करीब ४० प्रतिशत पीडितहरूलाई आफ्नो उब्जनीले ३ महिना, १५ प्रतिशत पीडितहरूलाई आफ्नो उब्जनीले ६ महिना, २० प्रतिशत पीडितहरूलाई आफ्नो उब्जनीले ९ महिनामात्र खान पुग्ने र करीब २५ प्रतिशत पीडितहरूलाई आफ्नो उब्जनीले वर्षभरी खान पुग्ने देखिन्छ।

**रेखाचित्र ५.३:**

पीडित/प्रभावितको आर्थिक अवस्था




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

पीडितहरूमध्ये दलितका हकमा करीब ३७ प्रतिशत पीडितहरूलाई आफ्नो उब्जनीले ३ महिना, २३ प्रतिशत पीडितहरूलाई आफ्नो उब्जनीले ६ महिना, २२ प्रतिशत पीडितहरूलाई आफ्नो उब्जनीले ९ महिनामात्र खान पुग्ने र करीब १८ प्रतिशत पीडितहरूलाई आफ्नो उब्जनीले` वर्षभरी खान पुग्ने देखिन्छ। पीडितहरूमध्ये मधेशीका हकमा करीब ३० प्रतिशत पीडितहरूलाई आफ्नो उब्जनीले ३ महिना, २५ प्रतिशत पीडितहरूलाई आफ्नो उब्जनीले ६ महिना, २३ प्रतिशत पीडितहरूलाई आफ्नो उब्जनीले ९ महिनामात्र खान पुग्ने र करीब २२ प्रतिशत पीडितहरूलाई आफ्नो उब्जनीले वर्षभरी खान पुग्ने देखिन्छ। समग्रमा हेर्दा करिब ८० प्रतिशत पीडित/प्रवाभितहरूलाई आफ्नो उब्जनीले वर्षभरि खान नपुग्ने देखिन्छ। माथिको रेखाचित्रअनुसार जसको आर्थिक अवस्था कमजोर छ ती व्यक्तिहरू मानव बेचबिखनको शिकार बढी हुने गरेको देखिन्छ।

### ५.२.२ मानव बेचबिखनका पीडितहरूको उद्धार

नेपालमा विशेषतः महिला, बालबालिका त्यसमध्ये पनि आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायका व्यक्तिहरू मानव बेचबिखनको सबैभन्दा ठूलो जोखिममा छन्। देशको विभिन्न भागमा व्याप्त गरिबी, बेरोजगारी, अशिक्षा, सीमित आर्थिक तथा सामाजिक अवसरहरू, कमजोर कानूनी संरचना र सशक्त तथा प्रभावकारी संस्थागत संयन्त्रको अभावले मानव बेचबिखन जस्तो जघन्य अपराधलाई बढावा दिइरहेको देखिन्छ।

नेपाल-भारतबीचको खुला सीमा, सीमाक्षेत्रमा सरकारी उपस्थिति र निगरानीको कमी, र वैदेशिक रोजगारीको नाममा भइरहेका अनियमित गतिविधिहरूले गर्दा नेपाली नागरिकहरू विशेषतः युवा महिलाहरू र किशोरीहरू भारतलगायत तेस्रो मुलुकहरूमा बेचबिखनमा पर्ने गरेको थुप्रै अनुसन्धान र प्रतिवेदनहरूले देखाएका छन्।

मानव बेचबिखनमा परेका पीडितहरूको उद्धार, राहत तथा पुनःस्थापनाका लागि नेपाल सरकारले केही नीतिगत तथा संस्थागत प्रयासहरू अगाडि सारेको भएता पनि ती प्रयासहरू स्रोत, साधन र दक्ष जनशक्तिको कमीका कारण अपेक्षित रूपमा प्रभावकारी हुन सकेका छैनन्।

विदेशमा बेचबिखनमा परेका नेपाली नागरिकहरूको उद्धार र स्वदेश फिर्ति प्रक्रिया भने अझ जटिल र धेरै समय लाग्ने देखिएको छ। वर्तमानमा नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान व्युरो (Anti-Human Trafficking Bureau) ले प्रहरी प्रधान कार्यालयमार्फत गृह मन्त्रालयमा पत्राचार गर्दछ। गृह मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई पत्राचार गरि परराष्ट्र मन्त्रालयद्वारा सम्बन्धित देशमा रहेका नेपाली दूतावास वा कूटनीतिक नियोगमार्फत उद्धार प्रक्रिया

अघि बढाइन्छ। कहिलेकाही केही महिलाहरू बेचबिखन र शोषणको स्थलबाट भागेर नेपाली दूतावाससम्म आइपुग्ने गरेका छन्। यस्ता अवस्थाहरूमा पीडितहरूको उद्धारप्रक्रिया तुलनात्मक रूपमा छिटो र सहज हुने गरेतापनि यस्ता घटनाहरूको संख्या न्यून छ र प्रणालीगत रूपमा व्यवस्थित उद्धार र पुनःस्थापनाको संरचना अझै बलियो बनाउनु आवश्यक छ।

यस सन्दर्भमा, मानव बेचबिखन नियन्त्रणका लागि बहुआयामिक रणनीति आवश्यक छ जसमा पीडितको पहिचान, उद्धार, स्वदेश फिर्ति, पुनर्स्थापना, मनोसामाजिक सहयोग, कानूनी सहायता र दीर्घकालीन पुनःएकीकरणका पहलहरू समावेश गरिनुपर्छ। साथै, मानव बेचबिखन रोकथामका लागि सार्वजनिक सचेतना, सीमा सुरक्षा सुदृढीकरण, श्रम गन्तव्य मुलुकहरूसँग द्विपक्षीय सहकार्य, तथा कडा कानूनी प्रवर्तन अपरिहार्य देखिन्छ।

## उद्धार कार्यमा संलग्नता

गरिबी, बेरोजगारी, शिक्षाको अभाव, लैङ्गिक भेदभाव र रोजगारीको खोजीमा सीमापार जाने प्रवृत्तिले मानव बेचबिखनलाई बढावा दिएको छ। जहाँ उनीहरूले विविध खालका समस्याहरू जस्तै श्रम शोषण, यौन शोषण, जबर्जस्ती विवाह, घरेलु श्रम तथा अन्य अमानवीय परिस्थिति भोग्नुपरेको हुन्छ। यस्ता अवस्थाबाट उद्धार हुनु भनेको केवल शारीरिक रूपमा मुक्त हुनु मात्र नभइ पीडितले ससम्मान नयाँ जीवनको शुरुवात गर्न पाउने अवसरको श्रृजनाका रूपमा पनि हेरिनु पर्ने हुन्छ। उद्धार कार्यमा राज्यका अंगहरू, गैरसरकारी संस्था, परिवार, सामाजिक अभियन्ता, र अन्तर्राष्ट्रिय समुदायको भूमिका अत्यन्त महत्त्वपूर्ण रहँदै आएको छ। तलको रेखाचित्रमा मानव बेचबिखनमा परेर उद्धार भएका व्यक्तिहरूको उद्धार कार्यमा संलग्नको प्रतिशतलाई देखाउँछ ।

**रेखाचित्र ५.४:**

उद्धार कार्यमा संलग्नता




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

माथिको रेखाचित्रले नेपालमा मानव बेचबिखनमा परेर उद्धार भएका २७० मध्ये सबैभन्दा धेरै २५ प्रतिशतलाई नेपाल प्रहरीको सहायताबाट उद्धार गरिएको देखिन्छ। यसपछि २३ प्रतिशत पीडितहरू आफैं उम्किन सफल भएका देखिन्छ जुन पीडितमा रहेको आत्मबल र अवसरको परिणाम हुन सक्छ। त्यस्तै, गैरसरकारी संस्थाहरूका प्रतिनिधिहरूले २१ प्रतिशत पीडितहरूको उद्धारमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। कुटनीतिक नियोगहरू जस्तै दूतावास वा अन्तर्राष्ट्रिय संस्थाहरूले पनि १२ प्रतिशत पीडितहरूको उद्धारमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ यसले अन्तर्राष्ट्रिय सहकार्यको आवश्यकतालाई औंल्याउँछ। स्थलगत सर्वेक्षणका नतिजा अनुसार

परिवारका सदस्यहरूले ६ प्रतिशत उद्धारमा योगदान दिएका छन् भने सामाजिक कार्यकर्ताहरूले ४ प्रतिशत, सरकारी प्रतिनिधि र अधिकारकर्मीहरूले २/२ प्रतिशतको उद्धार गरेका छन्। स्वास्थ्यकर्मीको भूमिका कम देखिए पनि १ प्रतिशत उद्धारमा उनीहरू पनि संलग्न भएको देखाउँछ। अन्य स्रोतहरूबाट ४ प्रतिशत पीडितहरूको उद्धार भएको देखिन्छ।

### उद्धार प्रक्रियाप्रतिको अवस्था

बेचबिखनमा परेका व्यक्तिहरूको उद्धारपछि उनीहरूको संरक्षण, पुनःस्थापना र सामाजिक पुनःएकीकरण अत्यन्तै संवेदनशील र महत्त्वपूर्ण चरणहरू हुन्छन्। उद्धार गरिएका पीडितहरूलाई सुरक्षित वातावरणमा राखी आवश्यक सेवा तथा सहयोग उपलब्ध गराउनु राज्य र सरोकारवाला संस्थाहरूको प्रमुख जिम्मेवारी हो। उद्धारपछि पीडितहरूलाई कहाँ र कसरी पुनःस्थापित गरिएको छ भन्ने तथ्याङ्कको विश्लेषणले उनीहरूको सुरक्षा र संरक्षणका सवालहरूको व्यवस्थापन र पुनःएकीकरण प्रक्रियाको वर्तमान अवस्था बुझ्न सहयोग पुऱ्याउँछ। तलको तालिकाले बेचबिखनमा परेका व्यक्तिहरूको उद्धारको समय, उद्धारको क्रममा कुनै शोषण र दुर्व्यवहार, उद्धारपछिको आश्रयको अवस्थालाई प्रस्तुत गरेको छ।

**तालिका ५.१:**

उद्धारपश्चात् फिर्ति समय, संरक्षण र संरक्षणमा शोषण र दुर्व्यवहार

| उद्धारपश्चात् फिर्ति समय, संरक्षण र संरक्षणमा शोषण र दुर्व्यवहार (प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| **उद्धारपश्चात् फिर्ति समय** | | **उद्धारपश्चात् संरक्षण** | | **संरक्षणमा क्रममा शोषण र दुर्व्यवहार** | |
| ३ महिनाभन्दा कम | ८५ | संरक्षण गृह | ५६ | भयो | ३ |
| ३ महिनादेखि ६ महिनासम्म | ७ | आफ्नै घर | ३५ | भएन | ९७ |
| ६ महिनादेखि ९ महिनासम्म | ४ | प्रहरी निकाय | ६ | | |
| १ वर्षभन्दा बढी | ४ | साथीभाई | १ | | |
| | | अन्य | २ | | |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

माथिको तालिकामा मानव बेचबिखनमा परेका व्यक्तिहरू उद्धारपश्चात् घर वा स्वदेश फर्किन अधिकांश अर्थात् ८५ प्रतिशत पीडितहरूलाई ३ महिना पनि नलागेको देखिन्छ भने केवल ४ प्रतिशत पीडितहरूलाई मात्र १ बर्षभन्दा बढी लागेको देखिन्छ। उद्धारपश्चात् संरक्षणका क्रममा ३ प्रतिशतले शोषण र दुर्व्यवहार भोग्नुपरेको गुनसो समेत पोखेका छन्। उद्धार गरिएका कूल व्यक्तिहरूमध्ये सबैभन्दा धेरै अर्थात् ५६ प्रतिशतले संरक्षण गृहमा बसेको देखियो। यस्ता संरक्षण गृहहरूमा उनीहरूलाई अस्थायी आवास, मानसिक परामर्श, स्वास्थ्य उपचार र पुनःएकीकरणको तयारीसम्बन्धी सेवा प्रदान गरिन्छ। ३५ प्रतिशत आफ्नै घर फर्किएका थिए जसले

उनीहरूको परिवार वा समुदायसँग पुनःएकीकरण सम्भव भएको संकेत गर्छ। प्रहरी निकायको जिम्मामा ६ प्रतिशतलाई अनुसन्धान, कानूनी प्रक्रिया वा आवश्यक सुरक्षा व्यवस्था गर्नका लागि राखिएको देखिन्छ। त्यस्तै १ प्रतिशत साथी वा नातेदारकहाँ पुनःस्थापित भएको देखिन्छ भने बाँकी ३ प्रतिशतको गन्तव्य अन्य कुनै ठाउँ रहेको देखिन्छ, जुन सम्भवतः अस्थायी आश्रय, गैरसरकारी संस्थाहरूको विशेष कार्यक्रम, वा वैकल्पिक पुनःस्थापनाको व्यवस्था हुन सक्छ। यो विवरणले उद्धारपछि पीडितहरूको संरक्षण तथा सुरक्षा संबन्धी सवालहरूको व्यवस्थापन र पुनर्स्थापनाका प्रयासहरूको झलक दिन्छ।

### उद्धार प्रक्रिया प्रतिको सन्तुष्टि तथा खर्च व्यवस्थापन

बेचबिखनमा परेका व्यक्तिहरूको उद्धार प्रक्रियामा सरकारका विभिन्न निकाय, प्रहरी, आफन्त, अन्तर्राष्ट्रिय नियोग, घरपरिवारको साथै गैर सरकारी संस्थाहरू आदिले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ। उद्धार र स्वदेश फिर्ति कार्यमा खर्च हुने रकमको समेत व्यवस्थापन गर्नुपर्ने हुन्छ। उद्धारको प्रक्रियाका सम्बन्धमा पीडितको अनुभव साथै धारणाको र उद्धारको प्रक्रिया हुने खर्चको व्यवस्थापन पक्षलाई निम्न रेखाचित्रहरूद्धारा देखाइएको छ ।

**रेखाचित्र ५.५ :**

पीडितको उद्धार प्रक्रिया प्रतिको सन्तुष्टि तथा खर्च व्यवस्थापन (प्रतिशत)




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

माथिको रेखाचित्रहरूमा उद्धार प्रक्रियाको सन्तुष्टिकोस्तर अवलोकन गर्दा ५२ प्रतिशतले ठीकै, २२ प्रतिशतले राम्रो, केवल ५ प्रतिशतले मात्र एकदमै नराम्रो भएको धारणा राखेका छन्। यसर्थ, उद्धार प्रक्रियामा त्यति धेरै समस्या नभएको निष्कर्ष निकाल्न सकिन्छ।

नेपाल सरकारले विभिन्न सरकारी तथा गैर-सरकारी संस्थाहरूलाई पीडितहरूको उद्धार, पुनःस्थापना र अन्य व्यवस्थापनको लागि विगत ५ वर्षमा रु ५,३१,३७,७०८।०० (अक्षेरेपी पाँच करोड एकतीस लाख सैंतीस हजार सात सय आठ) रकम निकासा गरेको देखिन्छ ।

### नेपाल प्रहरीबाट भएको उद्धार

पछिल्ला वर्षहरूमा मानव बेचबिखन नियन्त्रणका लागि सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय संस्थाहरूले विविध कार्यक्रम तथा पहलहरू गरेका छन्। यसै सन्दर्भमा, नेपाल प्रहरीले मानव बेचबिखन विरुद्धको अभियानलाई सशक्त बनाउँदै पीडितको उद्धार तथा संलग्न बेचबिखनकर्ता/दलालको पहिचानमा ध्यान दिइरहेको छ। आ.व.

२०७६/०७७ देखि आ.व. २०८१/०८२ सम्मको अवधिमा भएको उद्धारको अवस्थालाई निम्न तालिकाको सहायताले देखाइएको छ।

**तालिका ५.२:**

नेपाल प्रहरीले आ.व. २०७६/७७ देखि आ.व. २०८१/८२ सम्म देशभर गरेको जम्मा उद्धार संख्या

| आर्थिक वर्ष | उद्धार संख्या |
|---|---|
| २०७६/०७७ | १३१ |
| २०७७/०७८ | १३३ |
| २०७८/०७९ | १६६ |
| २०७९/०८० | २५१ |
| २०८०/०८१ | ५०६ |
| २०८१/०८२* | ६२९ |
| **जम्मा** | **१८१६** |

*स्रोत : नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान व्युरो (* चैत्र महिनासम्म)*

तालिकामा आ.व. २०७६/०७७ देखि आ.व. २०८१/०८२ सम्मको अवधिमा देशभर गरी जम्मा १,८१६ जना मानव बेचबिखनका पीडितहरूलाई उद्धार गरिएको छ। आ.व. २०७६/०७७ मा १३१ जना उद्धार गरिएकोमा यो संख्या क्रमशः बढ्दै गएको देखिन्छ। आ.व. २०७७/०७८ मा १३३ जना, आ.व. २०७८/०७९ मा १६६ जना र आ.व. २०७९/०८० मा २५१ जना उद्धार गरिएको थियो। पछिल्ला दुई आर्थिक वर्षमा उद्धारको संख्या उल्लेख्य रूपमा बढेको छ। आ.व. २०८०/०८१ मा ५०६ जना र आ.व. २०८१/०८२ को चैत्र २५ सम्म ६२९ जना पीडितहरू उद्धार गरिएको उल्लेख छ। यस तथ्याङ्कले के देखाउँछ भने नेपाल प्रहरीले मानव बेचबिखन नियन्त्रण र पीडित उद्धारमा सक्रीयता बढाएको छ साथै पीडितहरूको पहिचान र उद्धार प्रक्रियामा सुधार भइरहेको संकेत पनि दिन्छ। यद्यपि, उद्धारको संख्यामा वृद्धि हुनु आफैंमा चिन्ताको विषय पनि हो, किनभने यसले मानव बेचबिखनको घटनामा कमी नआएको तर्फ समेत इङ्गित गर्दछ।

मानव बेचबिखनको नियन्त्रण तथा पीडित उद्धार कार्यमा नेपाल प्रहरीको विभिन्न संरचनाहरू सक्रीय छन्। विशेषगरी मानव बेचबिखन अनुसन्धान व्युरोले देशभर मानव बेचबिखन विरुद्धको अभियानमा क्रियाशील छ। व्युरो स्थापनाको उद्देश्य नै मानव बेचबिखन तथा यौन शोषणसम्बन्धी घटनाको गहिरो अनुसन्धान, पीडितको उद्धार तथा अपराध नियन्त्रण गर्नु हो। पछिल्ला वर्षहरूमा व्युरोले उद्धार कार्यमा देखाएको सक्रीयता, अन्तरसंस्थागत समन्वय तथा प्रविधिको प्रयोग उल्लेखनीय रहेको छ। यस सन्दर्भमा, विभिन्न आर्थिक वर्षहरूमा प्रहरीद्वारा उद्धार गरिएका पीडितहरूको संख्या र तिनीहरूलाई उद्धार गर्ने प्रहरी संरचनाको विवरण रेखाचित्रमा देखाइएको छ ।

**रेखाचित्र ५.६:**

नेपाल प्रहरी व्युरो र व्युरो बाहेकका प्रहरीले आ.व. २०७६/७७ देखि आ.व. २०८१/८२ सम्म देशभर गरेको जम्मा उद्धार संख्या




*स्रोत : नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान व्युरो*

रेखाचित्रमा प्रहरीद्वारा उद्धार गरिएको पीडितहरूकलाई देखाइएको छ। आ.व. २०७६/०७७ देखि २०७८/०७९ सम्म दुवै प्रहरीका संरचनाबाट उद्धारमा क्रमशः थोरै मात्र वृद्धि हुँदै गएको देखिन्छ। तर आ.व. २०७९/०८० बाट व्युरोद्वारा गरिएको उद्धार संख्यामा तीव्र वृद्धि हुँदै गएको देखिन्छ। आ.व. २०८१/०८२ चैत्र २५ गतेसम्मको अभिलेखअनुसार ६०० भन्दा माथि पुगेको देखिन्छ। यसले पछिल्ला वर्षहरूमा व्युरोको उद्धार कार्यमा सक्रीयता उल्लेखनीय रूपमा बढेको संकेत गर्दछ।

### ५.२.३ उद्धार गरिएका महिला, पुरुष तथा बालबालिकाको संख्या

नेपालमा मानव बेचबिखन एक गम्भीर सामाजिक समस्या हो, जसले महिला, पुरुष, बालबालिकाजस्ता विभिन्न उमेर र लिंग समूहका व्यक्तिहरूलाई प्रभावित पारेको छ। पारिवारिक विखण्डन, सामाजिक बहिष्करण/सीमान्तिकरण तथा आर्थिक दूरावस्था, बेरोजगारी, शिक्षा र चेतनाको अभाव र आकर्षक रोजगारीका झूट्टा आश्वासनहरूले गर्दा नागरिकहरू विभिन्न प्रलोभनमा परेर बेचबिखनमा पर्ने गरेका छन्। मानव बेचबिखनका घटना हुनुका पछाडि यौन शोषण, जबर्जस्ती श्रम, घरेलु काममा दुरुपयोग, बालश्रम, अवैध अंग व्यापार आदि विभिन्न समस्याहरू विद्यमान रहेको देखिन्छन्। नेपाल प्रहरी, विशेषगरी मानव बेचबिखन अनुसन्धान व्युरो तथा अन्य सम्बन्धित निकायहरूले देशभरि बेचबिखनमा परेका व्यक्तिहरूको उद्धार कार्यलाई प्राथमिकता दिएका छन्। विभिन्न आर्थिक वर्षमा उद्धार गरिएका महिला, पुरुष र बालबालिकाको उद्दार विवरण निम्न रेखाचित्रमा देखाइएको छ ।

**रेखाचित्र ५.७:**

नेपाल प्रहरीले आ.व. २०७६/७७ देखि आ.व. २०८१/८२ सम्म देशभर गरेको जम्मा उद्धार महिला, पुरुष तथा बालबालिकाको संख्या




*स्रोत : नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान व्युरो*

माथिको रेखाचित्रमा नेपाल प्रहरीले आ.व. २०७६/०७७ देखि आ.व. २०८१/०८२ सम्म देशभरबाट उद्धार गरिएका बेचबिखनबाट पीडित महिला, पुरुष तथा बालबालिकाको संख्यालाई देखाइएको छ। यस अवधिमा प्रहरीद्वारा उद्धार गरिएका पीडितहरूमा महिला, पुरुष र बालबालिका सबै समूहका व्यक्ति रहेका छन्। जसले मानव बेचबिखनको समस्या कुनै एक वर्गमा मात्र सीमित नरहेको स्पष्ट देखाउँछ। उद्धार गरिएका व्यक्तिहरूका बारे विश्लेषण गर्दा महिला र बालिकाको संख्या पुरुष र बालकको तुलनामा अत्यधिक रहेको देखिन्छ। यसबाट धेरै जसो महिला र बालिकालाई यौन शोषणको उद्देश्यले बेचबिखनमा लैजाने गरेको अनुमान लगाउन सकिन्छ।

## ५.३ पुनर्स्थापना सहायता

मानव बेचबिखनको शिकार भएका व्यक्तिहरू गहिरो शारीरिक, मानसिक, र सामाजिक असर व्यहोर्न बाध्य हुन्छन्। सम्मानित र शोषणरहीत जीवनमा पुनः फर्कनका लागि उनीहरूलाई पुनःस्थापना सहायता अत्यन्त आवश्यक हुन्छ। उद्धारपछिको चरणमा उनीहरूलाई मनोपरामर्श, स्वास्थ्य सेवा, कानूनी सहायता, शिक्षा, सीप विकास, रोजगारीको अवसर, र सामाजिक पुनःएकीकरण जस्ता सेवा आवश्यक पर्छन्। यी सेवाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरकारी नीतिहरू, गैर सरकारी संस्थाहरूको सहकार्य, तथा पीडितमैत्री वातावरण निर्माण मुख्य आधार मानिन्छ।

पुनर्स्थानाको मुख्य उद्देश्य पीडितको आत्मसम्मान पुनःस्थापित गर्दै उनीहरूलाई आत्मनिर्भर बनाउने हो। यसैले, मानव बेचबिखन विरुद्धको अभियानमा पुनर्स्थापना र सहायता कार्यक्रमहरू दीर्घकालीन समाधानका लागि अत्यावश्यक अङ्ग हुन् ।

### ५.३.१ पुनर्स्थापना सहायता सम्बन्धी विवरण

पुनःस्थापना केन्द्रहरूले विभिन्न सेवा तथा सहयोगहरू प्रदान गर्ने गर्दछन्, जसमा मनो-परामर्श, शिक्षा र सीप विकास तालिम, बीऊपूँजी, कानूनी सहायता समावेश छन्। पुनर्स्थापना केन्द्रहरू पीडित/प्रभावितको वैयक्तिक गोपनियताका अधिकारप्रति धेरै हदसम्म संवेदनशील देखिन्छन्। यस्ता सेवाहरूको गुणस्तर, पहुँच र प्रभावकारिताको मूल्याङ्कन पीडितहरूकै अनुभव र प्रतिक्रिया मार्फत गर्न सकिन्छ, जसले नीति निर्माण र कार्यक्रम सुधारमा मार्गदर्शन दिन

सक्छ। यसै सन्दर्भमा, पुनःस्थापना केन्द्रमा राखिएका पीडितहरूको सेवा अनुभव र सन्तुष्टि सम्बन्धी प्रतिक्रियाको संक्षिप्त विश्लेषण निम्नानुसार गरिएको छ।

**रेखाचित्र ५.८:**

पुनःस्थापना केन्द्रमा बसेको अवधि




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

अधिकांश मानव बेचबिखन पीडितहरू संरक्षण गृहमा एक वर्षभन्दा कम अवधि मात्र बसेका छन्, जुन पुनर्स्थापना प्रक्रियाको सन्दर्भमा छोटो समय मानिन्छ। १ वर्षदेखि ३ वर्षसम्म संरक्षण गृहमा बिताएका मानव बेचबिखन पीडितहरू १८ प्रतिशत छ भने ११ प्रतिशतले ३ वर्षदेखि ५ वर्षभन्दा बढी समय व्यतित गरेको देखिन्छ।

**तालिका ५.३:**

पुनर्स्थापना केन्द्रमा प्रदान गरिने सेवाहरू

| सेवाहरू | सेवा प्राप्ति | प्रतिशत | सन्तुष्टिको मात्रा | प्रतिशत |
|---|---|---|---|---|
| **गोपनीयताको अधिकारप्रति संवेदनशील** | प्राप्त नभएको | ५ | राम्रो | ४२ |
| | प्राप्त भएको | ९५ | ठीकै | ५६ |
| | | | नराम्रो | २ |
| **मनो-परामर्श** | प्राप्त नभएको | ४ | राम्रो | ३३ |
| | प्राप्त भएको | ९६ | ठीकै | ५८ |
| | | | नराम्रो | ९ |

| | | | | |
|---|---|---|---|---|
| **सीप व्यवसाय तालिम** | प्राप्त नभएको | २४ | राम्रो | ४८ |
| | प्राप्त भएको | ७६ | ठीकै | ५० |
| | | | नराम्रो | २ |
| **बीऊ पूँजी** | प्राप्त भएको | १५ | राम्रो | १७ |
| | प्राप्त नभएको | ८५ | ठीकै | १५ |
| | | | नराम्रो | ६८ |
| **शिक्षा, साक्षरता सचेतना** | प्राप्त नभएको | ५९ | राम्रो | ५२ |
| | प्राप्त भएको | ४१ | ठीकै | २४ |
| | | | नराम्रो | २४ |
| **कानूनी सहायता** | प्राप्त नभएको | १८ | राम्रो | ५२ |
| | प्राप्त भएको | ८२ | ठीकै | २४ |
| | | | नराम्रो | २४ |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

मानव बेचबिखन तथा ओसारपसार पीडितहरूलाई पुनर्स्थापना केन्द्रमा राखेर प्रदान गरिएका सेवाहरूप्रति उनीहरूको प्रतिक्रिया मिश्रित देखिएको छ। पुनर्स्थापना केन्द्रमा रहेका लगायत स्थलगत सर्वेक्षणमा सहभागी भएकामध्ये ९५ प्रतिशतले गोपनीयताको अधिकारप्रति संवेदनशील रहेको भनी उत्तर दिने मध्येका ४२ प्रतिशतले राम्रो भनेका छन् भने ५६ प्रतिशतले ठीकै मानेका छन्, जसले समग्रमा सकारात्मक सन्तुष्टि देखाउँछ। मनो-परामर्श सेवा पनि ९६ प्रतिशतले प्राप्त गरेका छन्, तर केवल ३३ प्रतिशतले मात्र यसलाई राम्रो भनेका छन्, र ९ प्रतिशतले नराम्रो ठानेका छन्, जसले यसको गुणस्तरमा सुधारको खाँचो देखाउँछ। ७६ प्रतिशतले सीप व्यवसाय तालिम प्राप्त गरेका भनेका छन् र सन्तुष्टिदरमा ४८ प्रतिशतले राम्रो, ५० प्रतिशतको ठीकै रहेको छ भनी उल्लेख गरेका छन्, जुन उत्साहजनक पक्ष हो। तर बीऊपूँजीको पहुँचको सन्दर्भमा अत्यन्तै न्यून १५ प्रतिशतले मात्र सन्तुष्टि जनाएका छन् भने ६८ प्रतिशतले यसमा असन्तुष्टि जनाएका छन्, जुन सबैभन्दा कमजोर सेवा देखिन्छ। शिक्षा, साक्षरता र सचेतना कार्यक्रम ४१ प्रतिशतले मात्र प्राप्त गरेका बताएका छन्, यद्यपि ५२ प्रतिशतले राम्रो भनेका छन्, तर २४ प्रतिशतले असन्तुष्टि जनाएका छन्। कानूनी सहायता सेवा ८२ प्रतिशतले प्राप्त गरेको भनी जवाफ दिएता पनि सन्तुष्टिको मात्रा मिश्रित रहेको छ। ५२ प्रतिशतले राम्रो भनेका छन् भने २४ प्रतिशतले नराम्रो ठानेका छन्। समग्रमा, गोपनीयताको सवाल र सीप तालिम जस्ता सेवाहरू अपेक्षाकृत प्रभावकारी देखिएता पनि बीऊपूँजी, शिक्षा र कानूनी सहायता जस्ता सेवामा गुणस्तर तथा पहुँच सुधार आवश्यक देखिन्छ।

**रेखाचित्र ५.९:**

पुनःस्थापना केन्द्र प्रतिको सन्तुष्टिको स्तर (प्रतिशत)




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

पुनर्स्थापना केन्द्र तथा संरक्षण गृहमा प्राप्त सेवाप्रति सन्तुष्टिको स्तर विश्लेषण गर्दा, ४२ प्रतिशत पीडितहरूले सेवा राम्रो रहेको बताएका छन् भने ४७ प्रतिशतले ठीकै भनेका छन् तर ११ प्रतिशतले असन्तुष्टि जनाएका छन्। अधिकांश पीडितको अनुभव सकारात्मक रहेता पनि अझै पनि सेवा गुणस्तरमा सुधारको खाँचो देखिएको छ।

**रेखाचित्र ५.१०:**

पुनर्स्थापना केन्द्रमा कार्यरत कर्मचारीको व्यवहार (प्रतिशत)




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

पुनर्स्थापना केन्द्रमा सेवाग्राहीहरूसँग हुने कर्मचारीहरूको व्यवहार पनि एक महत्त्वपूर्ण मूल्याङ्कनको पक्ष हो, जसले केन्द्रको समग्र प्रभावकारिता तथा सेवाको गुणस्तरलाई प्रतिबिम्बित गर्छ। सोही सन्दर्भमा गरिएको स्थलगत सर्वेक्षणको नतिजा अनुसार, उत्तरदाताहरूको विचार विभिन्न तहमा विभाजित देखिएको छ। कूल उत्तरदातामध्ये

४७ प्रतिशतले कर्मचारीहरूको व्यवहारलाई अतिनै राम्रो मानेका छन्, जसले सेवा प्रवाहमा अत्यन्त सन्तोषजनक अनुभव प्राप्त भएको संकेत गर्छ।

यसैगरी, ४८ प्रतिशत उत्तरदाताहरूले कर्मचारीहरूको व्यवहार राम्रो रहेको उल्लेख गरेका छन्, जसलाई सकारात्मक संकेत मानिन्छ। यद्यपि, ५ प्रतिशत उत्तरदाताहरूले मात्र कर्मचारीहरूको व्यवहारलाई ठीकै भनेर मूल्याङ्कन गरेका छन्, जसले केही सुधारको आवश्यकता रहेको संकेत दिन्छ। यस विश्लेषणबाट स्पष्ट हुन्छ कि पुनर्स्थापना केन्द्रका अधिकांश सेवाग्राहीहरूले त्यहाँका कर्मचारीहरूको व्यवहार प्रति सकारात्मक धारणा राखेका छन्। तथापि, केही उत्तरदाताहरूको औसत मूल्याङ्कनले केही पक्षमा अझ सुधार र संवेदनशीलता आवश्यक हुनसक्ने कुरालाई पनि औंल्याउँछ।

## ५.४ पीडित/प्रभावितको कथा

***घटना १***

*केस नम्बर १ हालको उमेर ३३ वर्षकी भइन्। १४ वर्षको उमेरमा छिमेकी महिलाको ललाई फकाइमा परेर राम्रो काम पाइन्छ जीवन सुध्रिन्छ भन्ने लालचमा परेर नेपालगञ्जबाट रुपेडिया नाका हुँदै भारतको दिल्लीमा बेचिन पुगिन्। लगभग एकवर्ष जति त्यहाँ उनले शारीरिक मानसिक तथा यौनजन्य दुर्व्यवहार तथा यातनाहरू सहनुपर्‍यो। भारतमा रहँदा उनलाई बारम्बार आत्महत्याको सोच आइरहन्थ्यो, निकै कोसिस गर्दा पनि मर्न सक्दिनथिन्। कुनै संस्थाले एकजना अर्को महिलालाई खोजिरहेको बेला मौका पारेर उनी पनि उक्त जन्जीरबाट आफै भाग्न सफल भइन्। भागेपश्चात् उनी संस्थाको सम्पर्कमा आइन्। त्यसपछि उनी घर गइन् तर घरमा पुनःएकीकरण हुन सकिनन् र शक्ति समूहको पुनर्स्थापना केन्द्रमा बस्न थालिन्। लामो समय पुनर्स्थापना केन्द्रमा बसेर उनले आफूलाई सवल बनाइन् त्यसपछि उनले विवाह गरिन्। विवाहपछि उनको एउटा छोरा भयो। विविध कारणले श्रीमानसँग उनको सम्बन्ध राम्रो भएन। दिनहुँको कलह शारीरिक/मानसिक यातना उनले श्रीमानबाट समेत भोग्नुपर्यो। अति नै भएपश्चात् उनले श्रीमानसँग सम्बन्ध विच्छेद गरेर हाल छोराको लालनपोषण गरि एकल जीवन बिताई रहेकी छिन् र शक्ति समूहमा कर्मचारीको रूपमा कार्यरत छिन्। आफू काम गरेर खान सक्ने सम्मानित जीवन जिउन सक्ने तथा आफ्नो छोराको लालनपोषण शिक्षा आफै गर्न सक्ने भएकोमा केस नम्बर १ धेरै खुसी छिन्।*

***घटना २***

*हालको उमेर २२ वर्षकी केस नम्बर २: केस नम्बर २ गरिब परिवारमा जन्मिएकी र उनले थाहा पाउँदादेखि नै उनका बाबुआमा सधैं झगडा गरिरहने, दुवैजना आफू खुसी जीवन जिउन खोज्ने किसिमका थिए। आमा एकातिर फर्किने र बुबा अर्कोतिर। आफ्नै सुर तालमा हुन्थे। उनी आठ वर्षको उमेर हुँदा काठमाडौंमा आएका थिए। उनको पढाइ थिएन। उनी काठमाडौं बस्दा नजिकै रहेको पार्कमा घुम्न जान्थिन्। त्यसै क्रममा त्यहाँ पार्कमा दुईजना महिलासँग चिनजान र कुराकानी हुन थाल्यो। उनलाई फकाउँथे, पढाउँछु र राम्रो काम लगाइदिन्छु भन्थे। आफ्नो घरमा सधैंको कलह, त्यसमाथि बुबाले अर्की आमा ल्याएको र आमाले पनि अर्को बुबासँग गएको अवस्था थियो। राम्रो काम पाएमा जीवन सुध्रिन्छ कि भन्ने उनलाई लाग्यो भने घरमा खाना खाइस् खाइनस् भोकै छेस् कि, कहाँ गइस्, के गरिस् सोध्ने खोज्ने कोही पनि थिएन। उनी लावारिसजस्तै जीवन जिइरहेकी थिइन्। उनका बाबुआमा दुवै एचआइभी एड्स पोजेटिभ थिए। आमाले विवाह गरेकी दोश्रो*

*बुबा पनि एचआइभी संक्रमित थिए। आफ्नो पारिवारिक माहोलका कारण दिक्क लागेर राम्रो लगाउने मिठो खाने राम्रो जीवन जिउने इच्छा उनमा जागृत भएर ती महिलाहरूसँग उनी कामको लागि जाने सहमति जनाइन्। उनले आफू ती महिलाहरूसँग कुरा गर्ने र उनीहरूसँग कामको लागि जाने भन्ने कुरा आफ्नो परिवारमा थाहा नभएको बताउछिन्। त्यसबेला उनी नौ वर्षकी मात्र भएकी थिइन्। ती महिलाहरूले कहाँ लाने हो, के काम लगाउने हो, आफूले के गर्नुपर्ने हो भन्नेबारे ती अबोध बालिकालाई केही पनि थाहा थिएन। उनलाई लैजाँदा काँकरभिट्टा नाकाबाट लगेको हो कि जस्तो लागेको थियो। किनकि त्यस बजारमा उनलाई मिठो केक र जुस खुवाइएको थियो। त्यो उनलाई थाहा छ मिठो केक र जुस खाएपछि उनी एकैचोटि कलकत्ताको सोनागाछीमा पुगेपछि मात्र आफू होशमा आएको आफूले थाहा पाएको बताउँछिन्। त्यहाँ पुगेपछि उनलाई केही पनि काम लगाइएन एक महिनासम्म शरीरवृद्धि हुने औषधि खुवाइएको थियो त्यो औषधि खुवाएपछि उनको शरीरमा अंगहरूमा परिवर्तनहरू भएको थियो। त्यसपछि ग्राहकहरूसँग जबर्जस्ती पठाइएको कहाली लाग्दो कहानी याद गर्दै त्यसबेला शारीरिक मानसिक यातना दिएको र आफूले सहेको धेरै कहानी बताउँछिन्। त्यो समयमा आफू जीवित हुनु पनि ठूलो कुरा भएको थियो। उनी लगभग एक वर्ष त्यहाँ बाध्यतामा यौनजन्य कार्य गरेर बस्नुपर्‍यो। त्यसपछि उनी त्यो कोठीबाट पनि अर्को कोठीमा बेचिइन। त्यहाँ पनि उनले दुई वर्ष कष्टकर जीवन बिताउनु पर्‍यो। त्यसपछि उनलाई शक्ति समूहले उद्धार गरी नेपालमा ल्याएर उनको परिवारको खोजी गर्‍यो। परिवार पत्ता लागिसकेपछि पनि केस नम्बर २ लाई परिवारमा पुनर्मिलन गराउने अवस्था देखिएन र उनलाई संस्थामै ल्याएर राखेर पढाउन थालियो। कक्षा १ मा भर्ना भएकी केस नम्बर २ ले पढाइमा राम्रो प्रगति गर्दै गइन्। उनी अहिले कक्षा १२ को परीक्षा दिइरहेकी छिन्। उनी अहिले संस्थामा कार्यरत छन् उनी आफूले पाएको नयाँ जीवनसँग धेरै खुसी छिन्।*

## ५.५ गुणात्मक विश्लेषण (प्रमुख सूचनादाता/समूह छलफल)

"...............प्रहरी र गैर सरकारी संस्थाहरू दुवैको समन्वयमा पीडितलाई उद्धार गर्ने गरिएको छ पीडितलाई परामर्श दिने तालिम दिने सबै कार्य समन्वयमा हुन्छ।"

*(जिल्ला प्रहरी कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, मकवानपुरका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"जनचेतनामूलक कार्यक्रम गर्ने, सडक नाटक गर्ने, .............. मिडियाहरूबाट मानव बेचबिखन सम्बन्धी सूचना तथा जानकारीमूलक जनचेतना फैलाउने, बेचबिखन रोक्न स्थानीय सरकारले सीपमूलक तालिम दिने आयआर्जन गर्ने बेलाबेलामा तालिम दिएमा कमाएर आफै खान सक्ने हुँदा जोखिमहरूबाट बच्छन्।"

*(महिला सञ्जाल समिति, रसुवाका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"...................... सरकारले पनि एउटा छुट्टै विशेष उद्धार समितिको व्यवस्था गर्नुपर्छ।"

*(माइती नेपाल पशुपतिनगर नाका, इलामका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

" ठोरी मानव बेचबिखनको ट्रान्जिटको रूपमा रहेको छ ....... स्थानीयवासीहरू खासै प्रभावित छैनन् ....... बेचबिखन रोक्न तीनै तहको सरकारले समन्वय गरि सीमा नाकामा निगरानी बढाउनुपर्ने देखिन्छ।"

*(ठोरी गाउँपालिका, पर्साका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"बेचबिखनको पहिचान र उद्धार कार्यको लागि विशेष गरि नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान व्युरोलाई साधन सम्पन्न गर्दा राम्रो होला।"

*(रूपा गाउँपालिका, कास्कीका प्रमुख सूचनादातासँग अन्तरवार्ता)*

"पालिकाले हालसम्म कुनैपनि किसिमको मानव बेचबिखनमा पर्नेहरूको पहिचान ....... र उद्धारको कार्य गरेको छैन।"

*(मर्स्याङ्दी गाउँपालिका, लमजुङका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"खुल्न नचाहने कारणले उद्धारमा समस्या परेको छ ........................."

*(जिल्ला प्रहरी कार्यालय, झापाका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"मानव बेचबिखन रोकथाम तथा पुनःस्थापनाका लागि स्थानीय तहले एक-दुईवटा सेफ हाउसको व्यवस्था गरेको छ ............. यस बाहेक मानव बेचबिखन रोक्न र पुनःस्थापनाको लागि पालिकाले दीर्घकालीन नीति तथा कार्यक्रमहरू बनाएको छैन। यस शीर्षकमा कुनै पनि बजेट छैन ।"

*(भीमदत्त नगरपालिका, कञ्चनपुरका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"............. समाजमा बेचबिखन प्रभावितहरूको पुनःएकीकरण गर्दा मुख्य चुनौतीहरूमा महिलाहरूलाई आर्थिक रूपमा सबल बनाउने, सीप सिकाई आत्मनिर्भर बनाउने कुराहरूलाई बढी प्राथमिकतामा राख्नुपर्छ।"

*(माइती नेपाल, रूपन्देहीका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"पुनर्स्थापनापश्चात् .......... पीडितहरूलाई विभिन्न किसिमका सीपमूलक तालिम र रोजगारी दिएमा अन्य कुराहरू सोच्न पाउँदैनन् ... पूराना कुराहरू बिर्सेर नयाँ काममा व्यस्त हुन्छन्। साथै पीडितलाई परिवार र समाजले स्वीकार गर्ने, हेलाको दृष्टिले नहेर्ने, .... जसले गर्दा पीडितको आत्मविश्वास तथा हिम्मत बढ्छ।

*(मायादेवी गाउँपालिका, रूपन्देही; सामुहिक छलफलमा सहभागी)*

"पुनर्स्थापना केन्द्र तथा सेफ हाउस पालिकामा छैन। —— मानव बेचबिखन रोक्न र पुनर्स्थापनाको लागि पालिकाले दीर्घकालीन योजना तथा नीति कार्यक्रम बनाएको छैन ............. ।"

*(रोहिणी गाउँपालिका, रूपन्देही प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"सीमानाकामा सिसिटिभी क्यामेराको मात्र प्रयोग छ। अरु कुनै पनि उपकरणहरूको प्रयोग गरिएको छैन ....... सीमा केरुङ जान लागेका मानिसहरूलाई केको लागि जाने भनेर सोधपुछ गर्ने परामर्श दिने .............. करकापमा जान लागेको हो कि ............ सोधपुछ हुन्छ ।"

*(केरुङ सीमा प्रहरी, रसुवाका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"पीडित र पुनर्स्थापनाको लागि भनेर कुनै विशेष कार्यक्रम र बजेट छुट्टयाइएको छैन ।"

*(वीरेन्द्रनगर नगरपालिका, सुर्खेतका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"पीडितहरू घरभन्दा पुनःस्थापना केन्द्रमा नै बस्न रुचाउने हुँदा ........... केन्दलाई स्रोत साधन सम्पन्न बनाउनुपर्ने ........... साथै तालिम, रोजगारी, सुरक्षा तथा गोपनीयताको विषयमा विशेष ध्यान दिनुपर्ने।"

(पोखरा महानगरपालिका, कास्की; समूह छलफल)

"विशेषगरी महिला पीडितहरूको लागि पुनर्स्थापना केन्द्र पीडितमैत्री हुनुका साथै तिनीहरूको आर्थिक ,.................. उन्नयनका लागि नेपाल सरकारले ध्यान दिनुपर्छ ।"

*(सामाजिक विकास मन्त्रालय, सुर्खेतका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

**संक्षेपमा,**

नेपालमा गरिबी, बेरोजगारी, अशिक्षा, लैङ्गिक विभेद, र सामाजिक बहिष्करण जस्ता संरचनात्मक समस्याहरूका कारण विशेषगरी सीमावर्ती, ग्रामीण, र सीमान्तकृत समुदायका व्यक्तिहरू मानव बेचबिखनको उच्च जोखिममा छन्। यी समस्याका कारण विशेषगरी महिला, किशोरी, बालबालिका, र दलित जनजाति समुदायका सदस्यहरूलाई बढी संवेदनशील बनाएको देखिन्छ। स्थलगत सर्वेक्षणका आधारमा अधिकांश पीडितहरू किशोरावस्था वा युवा अवस्थामै बेचबिखनमा परेका छन्, जसले दीर्घकालीन मनोसामाजिक असर र पारिवारिक पुनरमिलन वा सामाजिक पुनःएकीकरणमा चुनौती देखाउँछ। पीडितहरूको ठूलो हिस्सा कृषिमा आधारित भए तापनि करीब ८०% पीडितहरू वर्षभरि खान नपुग्ने कमजोर आर्थिक अवस्थामा छन्। यस्तो विपन्नता बेचबिखनको प्रमुख कारणमध्ये एक बनेको छ।

उद्धार प्रक्रियामा प्रहरी, गैरसरकारी संस्था, पीडितहरू स्वयम र कुटनीतिक नियोगहरूको उल्लेखनीय भूमिका देखिए तापनि प्रक्रियागत जटिलता, स्रोतको अभाव, र कमजोर समन्वयका कारण उद्धार तथा पुनर्स्थापनाको प्रयासहरू अपेक्षित रूपमा प्रभावकारी बन्न सकेका छैनन्। उद्धार गरिएका महिलाहरूले उजुरी गर्न हिच्किचाउने र उजुरी दिएपछि पनि पुनः सम्पर्कमा नआउने प्रवृत्तिले कानूनी प्रक्रिया कमजोर बनाएको छ। केही घटनामा झुठ्ठा उजुरीका कारण अनुसन्धानमा थप कठिनाइ देखिएको छ ।

पुनर्स्थापनाको मूल उद्देश्य पीडितलाई समाजमा सम्मानपूर्वक जीउन सक्ने गरी आत्मनिर्भर बनाउनु हो। यस सन्दर्भमा गोपनीयता तथा सीप तालिमका पक्षहरू सन्तोषजनक देखिए पनि बीऊपूँजी, औपचारिक शिक्षा र कानूनी सेवाप्रति गम्भीर असन्तुष्टि रहेको पाइन्छ। सरकारी पुनर्स्थापनाका प्रयासहरू स्रोत, दक्ष जनशक्ति र समन्वयको अभावका कारण सीमित बनेका छन् भने अन्तर्राष्ट्रिय उद्धार प्रक्रियामा बहुपक्षीय प्रशासनिक प्रक्रियाहरू पूरा गर्नुपर्ने जटिलताले चुनौती थपेको छ।

गुणात्मक विश्लेषणबाट प्रहरी र गैर सरकारी संस्थाबीच समन्वयको आवश्यकता, स्थानीय तहमा सेफ हाउसको आवश्यकता, बजेट सुनिश्चितता, प्रभावकारी नीति निर्माण, र सामाजिक स्वीकार्यताको अभाव स्पष्ट देखिएको छ। त्यस्तै, सीमा क्षेत्रमा प्रविधिको अभावले निगरानी प्रणाली कमजोर बनाएको छ, जसले मानव बेचबिखन नियन्त्रणमा थप चुनौती प्रस्तुत गरेको छ। समग्रमा, मानव बेचबिखन नियन्त्रणका लागि बहुआयामिक रणनीति, अन्तरसंस्थागत समन्वय, कानूनी तथा सामाजिक संरचनाको सुदृढीकरण, शीघ्र उद्धार, पुनःस्थापना, कानूनी सहायता र समुदायमा सार्वजनिक सचेतनाको सशक्त अभियान अपरिहार्य देखिन्छ।

परिच्छेद छ

# न्यायमा पहुँच

## ६.१ पृष्ठभूमि

नेपालमा मानव बेचबिखनको समस्याको समाधानका लागि मानव बेचबिखन विरुद्ध सुदृढ सम्बोधन प्रणाली विशेषगरी पीडक तथा दलालहरू विरुद्धको सशक्त कानूनी कारवाही र पीडितहरूलाई न्यायमा द्रूत पहुँच सुनिश्चित गर्नु अत्यन्त आवश्यक हुन्छ। मानव बेचबिखनका घटनाले व्यक्तिको स्वतन्त्रता, गरिमा र मानवअधिकारमा गम्भीर असर पार्दछ, जसको समाधान न्याय प्रणाली मार्फत सुनिश्चित गर्नुपर्छ। नेपालमा मानव बेचबिखन नियन्त्रण र पीडितको न्यायमा पहुँचका लागि विभिन्न नीति तथा कानूनी व्यवस्थाहरू रहेका छन्, जसमध्ये मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४, संविधानमा सुनिश्चित गरिएका मौलिक हकहरू र अन्तर्राष्ट्रिय सन्धिहरू जस्तैः पालेर्मो प्रोटोकल महत्त्वपूर्ण छन्। यस्ता कानूनी प्रावधानले पीडितको उद्धार, सुरक्षा, क्षतिपूर्ति तथा बेचबिखनमा संलग्न अपराधी माथि कारवाही गर्ने मार्ग तयार गर्दछन्। तर व्यवहारमा, पीडितहरूका लागि न्यायको पहुँच, कानूनी सहायता प्राप्त हुनु/गर्नुमा अझै केही चुनौतीहरू रहँदै आएका छन्।

मानव बेचबिखन रोक्नको लागि कानूनको कार्यान्वयनमा मुख्य समस्या भनेको पीडितले आफ्नो कुराहरू खुलेर भन्न नसक्ने/आफ्ना समस्याहरू खुलाउन नसक्ने, पीडकको बारेमा पर्याप्त सूचना पीडितसँग नहुनु, आर्थिक अवस्था कमजोर हुनु, उजुरी दिंदादेखि मुद्दा फैसला र कार्यान्वनसम्मका कानूनी प्रक्रियाहरूका चरणहरू निकै लामो र झन्झटिलो हुनुका साथै पटकपटक धाउनुपर्ने, पीडितहरूले आफूले न्याय पाउँदैनौं भन्ने पूर्वानुमान गर्नु, समाजमा बेइज्जत हुने/इज्जत जाने डर मान्नु, पीडकहरूको पहुँच सबैतिर हुने र प्रत्यक्ष/अप्रत्यक्ष रूपमा समाजमा प्रभाव पार्न सक्ने व्यक्तिहरूसँग नजिक भएर डर त्रास/लोभ देखाउनेजस्ता कारणहरूले गर्दा मानव बेचबिखन सम्बन्धित घटनाहरूको कानूनी कारवाहीमा प्रभावकारिता कम देखिन्छ।

## ६.२ पीडितहरूको न्यायमा पहुँच

नेपालमा मानव बेचबिखन दीर्घकालदेखि नै एक गम्भीर सामाजिक तथा आपराधिक समस्याका रूपमा रहँदै आएको छ। मानव बेचबिखनजस्तो अपराध नियन्त्रणका लागि नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी मापदण्ड अनुरूप नीति तथा कानूनहरू निर्माण गर्दै आइरहेको छ। यस्ता घटनाहरूको अनुसन्धान, अभियोजन र पीडितको उद्धारको जिम्मा विशेष गरि नेपाल प्रहरी, सरकारी वकिलको कार्यालय र अदालतको दायराभित्र पर्दछ।

### ६.२.१ मानव बेचबिखन उजुरी, मुद्दा दर्ता र कार्यन्वयनको अवस्था

नेपालमा मानव बेचबिखनको समस्या जति गम्भीर छ, त्यति नै यस सम्बन्धी कानूनी प्रक्रिया र पीडितहरूको न्याय प्राप्ति प्रक्रियामा चुनौतीहरू रहेका छन्। पीडितहरूले प्रहरीमा उजुरी दिने, मुद्दा दर्ता गर्ने र त्यसपछि अदालतमा न्याय पाउने प्रक्रियामा विभिन्न कठिनाइहरू भोग्नुपर्छ। यस्ता मुद्दा दर्ता गर्न र न्यायको प्रक्रिया अघि बढाउन कानूनी, सामाजिक र आर्थिक कारणहरूले अवरोध पुर्‍याउँछन्। पीडितहरूले प्रहरीमा उजुरी नगर्ने, उजुरी दिए पनि मुद्दा दर्ता नगर्ने र मुद्दा दर्ता गरेपछि पनि अदालतबाट समयमा फैसला नहुनुले पीडितहरूको सरकार र

सरोकारवाला निकायप्रतिको विश्वासमा कमी ल्याउँछ जसका कारण पीडितहरूले पीडकलाई कारवाहीका लागि उजुरी दिने वा जाहेरी दिने काममा कमी ल्याएको छ। मानव बेचबिखन सम्बन्धी घटनाहरूको उजुरी, मुद्दा दर्ता र फैसलालाई निम्न रेखाचित्रहरूमा प्रस्तुत गरिएको छ।

**रेखाचित्र ६.१:**

मानव बेचबिखन उजुरी, मुद्दा दर्ता र कार्यन्वयनको अवस्था (प्रतिशतमा)




*स्रोत: स्थलगत सर्वेक्षण, २०८१*

माथिको रेखाचित्रहरूमा मानव बेचबिखन सम्बन्धी तथ्याङ्क संकलनको क्रममा पहिचान भएका २९८ मध्येबाट जम्मा २७ प्रतिशतले मात्र प्रहरीमा उजुरी दिएका छन् भने ७३ प्रतिशतले प्रहरीमा उजुरी नै दिएका छैनन्। उजुरी दिएका मध्ये जम्मा ७१ प्रतिशतले अदालतमा मुद्दा दर्ता गरेको देखिन्छ भने २९ प्रतिशतले अदालतमा मुद्दा नै दर्ता नगरेको देखिन्छ। मुद्दा दर्ता गरेकाहरू मध्ये पनि जम्मा ४४ प्रतिशत मुद्दाको मात्र अदालतबाट फैसला भएको अवस्था छ भने ५६ प्रतिशत मुद्दा विचाराधीन अवस्थामा छन्। यी माथिका तथ्याङ्कहरूको आधारमा पीडितहरूले प्रहरीमा उजुरी नै नदिने, उजुरी दिए पनि अनुसन्धान र अभियोजन नहुने, अदालतमा मुद्दा दर्ता गरेकाले पनि समयमा फैसला नपाउने जस्ता अवस्थाले सरकारप्रति पीडितहरूको विश्वास कम भएको अनुमान लगाउन सकिन्छ। तसर्थ उजुरी दर्तामा सरलीकरण, समयमै मुद्दाको फैसला र फैसलाको प्रभावकारी कार्यान्वयनतर्फ राज्यले समयमै विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।

### ६.२.२ फैसला कार्यान्वयन र सजाय सम्बन्धी विवरण

मानव बेचबिखन एक गम्भीर सामाजिक र कानूनी अपराध हो यसले पीडितलाई शारीरिक र मानसिक यातना पुऱ्याउँछ, समाजमा नकारात्मक प्रभाव पार्दछ। नेपाल जस्तो विकासोन्मुख देशमा मानव बेचबिखनका घटनाहरूको संख्या निरन्तर बढिरहेको छ। मानव बेचबिखनको अपराधमा संलग्न व्यक्तिहरू विरुद्धको कानूनी

प्रक्रिया र तिनीहरूको दण्डित हुने अवस्था नेपालमा चुनौतीपूर्ण छ। अपराधीहरूलाई कानूनी दायरामा ल्याउने र सजाय दिने प्रक्रिया ढिलो र जटिल भएमा पीडितहरूमा राज्यप्रतिको भरोसा डगमगाउँछ। अदालतमा दर्ता भएका मुद्दा र तिनका परिणामहरूको विश्लेषण गर्दा मानव बेचबिखनका पीडितहरूलाई प्रभावकारी न्याय प्रदान गर्नको लागि अझै धेरै सुधारका आवश्यकताहरू छन्। मुद्दा फैसलाको अवस्थालाई निम्न रेखाचित्रमा प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ६.२:**

मुद्दा कार्यान्वयन र सजाय सम्बन्धी विवरण (प्रतिशतमा)




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

माथिको रेखाचित्रमा मानव बेचबिखन पीडितहरूले अदालतमा मुद्दा दर्ता पश्चात् फैसला भएका मुद्दाहरूमा १५ प्रतिशत पीडकहरूले अदालतबाट उन्मुक्ति पाएको, १५ प्रतिशत पीडकहरूले जरिवाना/हर्जना तिरेको, १७ प्रतिशत पीडकहरूले जेल सजाय भोगिरहेको, ३६ प्रतिशत पीडकहरू फरार रहेको र १७ प्रतिशत पीडकहरूको मृत्यु भइसकेको अवस्था छ। त्यस्तै, मुद्दा दर्ता पश्चात् ५५ प्रतिशत मुद्दाहरू अदालतमा विचाराधीन रही किनारा लाग्न बाँकी नै रहेका छन्।

### ६.२.३ मानव बेचबिखनमा संलग्न दलाल र गिरोहहरू विरूद्धको कानूनी कारवाहीका मुख्य चुनौती

मानव बेचबिखन एक जटिल र संगठित अपराध हो, जसमा संलग्न व्यक्ति तथा गिरोहहरू प्रायः कानूनी कारवाहीबाट जोगिन विभिन्न रणनीतिहरू अपनाउने गर्दछन्। यस्ता गतिविधिमा संलग्न अपराधीहरू सामाजिक, आर्थिक तथा राजनीतिक संरचनालाई प्रभावित पार्ने गरी क्रियाशील हुने हुँदा उनीहरू विरुद्ध प्रभावकारी कानूनी कारवाही गर्नु चुनौतीपूर्ण बन्दै आएको छ। यद्यपि, मानव बेचबिखनको अन्त्यका लागि सशक्त कानूनी कारवाही अपरिहार्य माध्यम हो। तर सो प्रक्रियामा विभिन्न अवरोधहरू देखापर्दै आएका छन्। यी अवरोधहरू पीडितको सहभागिता, प्रमाणको अभाव, कानूनी ढिलासुस्ती, डर र धम्की लगायतका विविध पक्षहरूसँग सम्बन्धित छन्। यी विविध चुनौतीहरूको प्रकृति र अनुपात बुझ्नका लागि अनुसन्धानको क्रममा विभिन्न सरोकारवाला तथा प्रभावित पक्षहरूसँगको परामर्श र स्थलगत सर्वेक्षणमार्फत सूचना संकलन गरिएको थियो। संकलित तथ्याङ्कको विश्लेषणबाट प्राप्त निष्कर्ष निम्न रेखाचित्रमा प्रस्तुत गरिएको छ।

**रेखाचित्र ६.३:**

कानूनी कारवाहीको मुख्य चुनौती (प्रतिशतमा)




*स्रोत: स्थलगत सर्वेक्षण, २०८१*

माथिका रेखाचित्रबाट प्राप्त सूचनाका आधारमा मानव बेचबिखन नियन्त्रणसम्बन्धी कानूनी कारवाहीमा देखा परेका विभिन्न चुनौतीहरू मध्ये ३१ प्रतिशत पीडितहरू स्वयम् नै कानूनी प्रक्रियामा सहभागी हुन नचाहने प्रवृत्ति देखिएको छ। त्यस्तै गरि पीडकहरूले दिने डर, धम्की, लोभ र लालचका कारण, प्रमाणको अभाव तथा पीडकहरूले पाउने राजनीतिक संरक्षणजस्ता कारकहरूले समान रूपमा १७/१७/१७ प्रतिशतको हिस्सा ओगटेका छन्। यसबाहेक, कानूनी प्रक्रियामा देखिने ढिलासुस्तीले ११ प्रतिशत र कानूनी कारवाही सम्बन्धी आवश्यक जानकारीको अभावले ७ प्रतिशत योगदान दिएको पाइएको छ।

### ६.२.४ आ.व. २०७६/०७७ – २०८१/०८२ सम्मको मुद्दा दर्ता, पीडित तथा अभियुक्तको संख्या

पछिल्ला केही वर्षमा मानव बेचबिखन सम्बन्धी मुद्दा दर्ता, पीडित तथा अभियुक्तको संख्या, र अपराधको प्रकृति विश्लेषणका आधारमा समस्याको वास्तविक अवस्था र त्यस विरुद्धका प्रयासहरूको प्रभावकारिता बुझ्न सकिन्छ। आ.व. २०७६/०७७—२०८१/०८२ सम्म नेपालभरको मुद्दा संख्या, पीडित, अभियुक्त, पक्राउ र फरारको तथ्याङ्क निम्न तालिकामा देखाइएको छ ।

**तालिका ६.१:**

आ.व. २०७६/०७७ - २०८१/८२ सम्म नेपाल भरिको मुद्दा संख्या, पीडित, अभियुक्त, पक्राउ र फरारको तथ्याङ्क

| आर्थिक वर्ष | मुद्दा संख्या | पीडित | | अभियुक्त | | पक्राउ | | फरार | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| २०७६/०७७ | १७२ | २३० | ३५ | १३० | ३१५ | ७५ | १७० | ५५ | १४५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २०७७/०७८ | २३७ | ३०९ | ८ | १६४ | ३५८ | ६० | १६५ | १०४ | १९३ |
| २०७८/०७९ | १५२ | २०३ | १३ | ९६ | २६३ | ६२ | १७४ | ३४ | ८९ |
| २०७९/०८० | १६३ | २१३ | १९ | १३० | २६५ | ७२ | १४९ | ५८ | ११६ |
| २०८०/०८१ | १७० | १९८ | १७ | १०० | २६० | ७१ | १५३ | २९ | १०७ |
| २०८१/०८२* | १०० | ११५ | ७ | ६२ | १५८ | ४७ | ११६ | १६ | ५४ |
| **जम्मा** | **९९४** | **१२६८** | **९९** | **६८२** | **१६१९** | **३८७** | **९२७** | **२९६** | **७०४** |
| | | **१३६७** | | **२३०१** | | **१३१४** | | **१०००** | |

*स्रोत : नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान व्युरो*

तालिका अनुसार आर्थिक वर्ष २०७६/०७७ देखि २०८१/०८२ सम्म नेपालभरमा मानव बेचबिखन सम्बन्धी दर्ता भएका मुद्दाहरूको संख्या जम्मा ९९४ पुगेको छ। यस अवधिमा पीडितहरूको संख्या १,३६७ जना रहेको छ जसमा १,२६८ जना महिला र ९९ जना पुरुष छन्। यसै गरि अभियुक्तको कूल संख्या २,३०१ रहेको छ जसमा ६८२ जना महिला र १,६१९ जना पुरुष छन्। पक्राउ परेका अभियुक्तहरूको संख्या १,३१४ रहेको छ जसमा महिला ३८७ र पुरुष ९२७ जना छन्। यस अवधिमा फरार अभियुक्तहरू १,००० जना रहेका छन्, जसमा महिला २९६ र पुरुष ७०४ जना छन।

आ.व.अनुसार विश्लेषण गर्दा सबैभन्दा बढी मुद्दा २०७७/०७८ मा २३७ दर्ता भएका थिए भने सोही वर्षमा पीडित र अभियुक्तको संख्या पनि सबैभन्दा धेरै रहेको देखिन्छ। आ.व. २०८१/०८२ को चैत्र २५ गतेसम्मको तथ्याङ्कअनुसार १०० वटा मुद्दा दर्ता भइसकेका छन्। यी तथ्याङ्कहरूको आधारमा नेपालमा मानव बेचबिखन सम्बन्धी अपराध गम्भीर समस्याको रूपमा रहेको निष्कर्ष निकाल्न सकिन्छ, जसमा महिलाहरू प्रमुख रूपमा प्रभावित छन्।

### ६.२.५ उजुरी तथा कानूनी कारवाही

उजुरी कम पर्नुको कारणहरू

मानव बेचबिखन सम्बन्धी उजुरीहरू अपेक्षाकृत कम पर्नुका पछाडि धेरै कारणहरू छन् जुन सामाजिक, कानूनी र मनोवैज्ञानिक पक्षसँग गहिरोसँग जोडिएका छन्। पीडकलाई कारवाही गराउन पहिलो कुरा त हाल विद्यमान रहेको कानून र त्यसको कानूनी प्रक्रियाबारे धेरै पीडितहरू नै अनभिज्ञ रहेका पाइन्छ। उनीहरूलाई कुन निकायमा उजुरी गर्ने, कानूनी अधिकार के-के छन् भन्नेसम्म पनि थाहा नहुनाले उनीहरू मौन बस्न बाध्य हुन्छन्।

वैदेशिक रोजगारीका क्रममा हुने मानव बेचबिखनका पीडितहरूको हकमा वैदेशिक रोजगारीकै नाममा पीडितको ठूलो मात्रामा पैसा फसिसकेको हुन्छ, जसले गर्दा पीडित वा उनका परिवारले उजुरी गर्दा पैसा झन् फस्ने वा फिर्ता नहुने डरले उजुरी नदिने गर्छन्। त्यस्तै, उजुरी प्रक्रियालाई झन्झटिलो र समय लाग्ने काम ठानेर पनि कतिपयले उजुरी दर्ता नै गर्दैनन्। यसका अतिरिक्त, पीडितहरूलाई समाजबाट घृणा, हेपाइ र मानसिक तथा

सामाजिक दुर्व्यवहार (harassment) को डर हुन्छ, जसका कारण उनीहरू आफूले भोगेको पीडा सार्वजनिक गर्न डराउँछन्।

समाजको अवहेलना, अपहेलित व्यवहार, र असंवेदनशीलता पनि पीडितहरू उजुरी गर्न नसक्नुको गम्भीर कारणहरू हुन्। पीडितलाई नै दोषी ठान्ने, लाजको विषय बनाउने समाजमा चलेको प्रवृत्तिले उनीहरूलाई न्याय खोज्नबाट रोक्छ। यसैले, मानव बेचबिखन नियन्त्रण गर्न कानूनी सुधारसँगै सामाजिक चेतना, सशक्त समर्थन प्रणाली र पीडितमैत्री वातावरण निर्माण अत्यावश्यक छ।

## ६.३ गुणात्मक विश्लेषण (प्रमुख सूचनादाता/समूह छलफल)

" मानव बेचबिखनमा संलग्न अपराधीलाई कानूनी कारवाही गर्नको लागि न्याय प्रणालीमा विभिन्न समस्याहरू छन् ............ झन्झटिलो कानूनी प्रक्रिया, राजनैतिक दबाब धेरै हुने गर्दछ ................।"

*(भीमदत्त नगरपालिका, कञ्चनपुरका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"पालेर्मो प्रोटोकलमा उल्लिखित व्यवस्थाबमोजिम मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ र वैदेशिक रोजगार ऐन २०६४ बीच समाञ्जस्यता कायम गरी पुनरावलोकन एवं संशोधन गर्नुपर्ने ।"

*(काठमाण्डौ, कानून व्यवसायीसँग अन्तर्वार्ता)*

"मुद्दा फर्छ्यौट प्रक्रियामा लामो समय लाग्ने हुनाले कति पीडितहरूले बीचैमा छाड्ने र कतिले मुद्दा नै रद्द गर्ने गर्दछन् ............"

*(इलाम नगरपालिका, इलामका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"सूर्योदय नगरपालिका २०७७ सालदेखि मानव बेचबिखन तथा ओसारपोसार सम्बन्धी कार्यविधि पालिकाबाट पास गरेर सो कार्यविधि अनुसार समिति गठन गरिएको छ। ................ १४ वडाहरूमा नै मानव बेचबिखन तथा ओसारपोसार नियन्त्रण सम्बन्धी समितिहरू गठन भएका छन्।"

*(सूर्योदय नगरपालिका, इलामका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"...... सीमामा प्रारम्भिक पहिचान र उद्धार, विदेशबाट उद्धार र स्वदेश फिर्ति गर्ने प्रक्रियामा धेरै जटिलताहरू छन्। २०७८ को निर्देशिकाले यी कुराहरू खुलाएको छ तर पर्याप्त छैनन्।.......... स्वदेश फिर्ति, उद्धार र पारिवारिक पुनर्मिलन र पुनःएकीकरण गर्ने कुराहरूलाई अझ सामुदायिक लक्षित नीति तथा कार्यक्रमहरू परिमार्जन गरेर ल्याउनुपर्छ ......."

*(शक्ति समूह/माइती नेपाल पशुपति नगर नाका, इलामका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"पीडितहरू हत्तपत्त कानूनी प्रक्रियामा नआउने, आइहाले पनि अपराधीहरूको साँठगाँठ माथिल्लो तहसम्म हुने हुँदा ....... बयान फेर्ने गर्दछन् ।"

*(जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"अनुसन्धान गर्ने प्रहरी ... र अभियोजन गर्ने कानून व्यवसायी र न्याय निरोपण गर्ने न्यायालय मिलेर काम गर्ने ........"

*(जिल्ला प्रहरी कार्यालय, लमजुङका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"सीमा नाका (बोर्डर) मा अपराध नियन्त्रण गर्ने प्रहरी थप्नु पर्दछ ........................"

*(जिल्ला प्रहरी कार्यालय, झापाका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"पीडित तथा प्रभावितहरूलाई कानूनी प्रक्रियामा समावेस गर्दा ............ गोपनीयताको ख्याल गर्नुपर्ने साथै आन्तरिक बेचबिखनमा परेका र यौन व्यवसायमा संलग्न हुन बाध्य पारिएका पीडितहरूलाई वेश्यावृत्ति नभनेर यौनकर्मी भनिनुपर्ने ....... ।"

*(राष्ट्रिय मानव अधिकार आयोग, ललितपुरका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

**संक्षेपमा,**

नेपालमा मानव बेचबिखन एक गम्भीर सामाजिक तथा आपराधिक समस्या हो, जसको समाधानका लागि न्यायमा पहुँचको सुनिश्चितता अत्यावश्यक मानिन्छ। मानव बेचबिखनले व्यक्ति विशेषको स्वतन्त्रता, आत्मसम्मानपूर्वक बाँच्न पाउने हक र मानव अधिकारमा गम्भीर असर पार्ने हुँदा यसको रोकथाम र नियन्त्रणका लागि प्रभावकारी न्याय प्रणालीको आवश्यकता हुन्छ। नेपालमा संविधान प्रदत्त मौलिक हक, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र पालेर्मो प्रोटोकल जस्ता अन्तर्राष्ट्रिय सन्धिले कानूनी आधार प्रदान गरेतापनि पीडितहरू अझै न्यायसम्मको पहुँचबाट टाढा छन्। व्यवहारमा, पीडितले प्रहरीमा उजुरी गर्न, अदालतमा मुद्दा दर्ता गर्न र न्याय प्राप्त गर्न विभिन्न सामाजिक, आर्थिक र प्रक्रियागत अवरोधको सामना गर्नुपर्छ। यस अध्ययननमा उपलब्ध तथ्याङ्कअनुसार जम्मा २९८ पहिचान भएका घटनामध्ये २७% ले मात्रै उजुरी दिएका थिए। मुद्दा कार्यान्वयन र सजायका पक्षमा समेत चुनौतीहरू छन्, जहाँ कैयौं मुद्दामा पीडक फरार छन् वा निर्णय प्रक्रिया अझै बाँकी छ। आर्थिक वर्ष २०७६/०७७ देखि २०८१/०८२ सम्म ९९४ मुद्दा दर्ता भएका छन्, जसमा महिला पीडितको संख्या अत्यधिक छ। उजुरी नगर्ने प्रमुख कारणहरूमा कानूनी अज्ञानता, न्याय प्रणालीप्रति विश्वासको कमी, सामाजिक बेइज्जतीको डर र झन्झटिलो प्रक्रिया रहेका छन्। अपराधीहरूलाई कानूनी दायरामा ल्याउन ढिला हुने, राजनीतिक दबाब र प्रभावशाली व्यक्तिहरूसँग अपराधीको सम्बन्धजस्ता कारणले पनि कारवाहीमा बाधा पुर्‍याएको देखिन्छ। अतः मानव बेचबिखन नियन्त्रणका लागि कानूनी सुधारसँगै सामाजिक चेतना, पीडितमैत्री न्याय प्रणाली र अदालती फैसलाहरूको प्रभावकारी कार्यान्वयन अनिवार्य देखिन्छ।

परिच्छेद सात

# योजना, कार्यक्रमको पहिचान, नियन्त्रणका उपाय र सरोकारवालाहरूको भूमिका

## ७.१ पृष्ठभूमि

मानव बेचबिखन आजको युगमा विश्वव्यापी रूपमा फैलिएको गम्भीर मानवअधिकार उल्लङ्घन हो। यस समस्याको समाधानका लागि समुदायमा आधारित निरोधात्मक कार्यक्रमहरू, पीडितको संरक्षण तथा पुनःस्थापना र कानूनी कारवाही जस्ता पक्षलाई समेटेर रणनीति तथा योजना निर्माण गर्नु आवश्यक छ। मानव बेचबिखन सम्बन्धी योजना तयार पार्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि, नीतिहरू र सरोकारवाला निकायहरूको सहकार्यलाई प्राथमिकता दिइनु पर्दछ। यस्तो योजना मानव बेचबिखन न्यूनीकरण तथा दीर्घकालीन समाधानका लागि मार्गनिर्देशकको रूपमा काम गर्दछ।

मानव बेचबिखनजस्तो गम्भीर र जटिल सामाजिक अपराध नियन्त्रण गर्नका लागि नेपालको बहु-आयामिक सामाजिक, भौगोलिक र आर्थिक सन्दर्भलाई ध्यानमा राख्दै योजनाबद्ध ढंगले काम गर्नु अत्यन्त आवश्यक छ। नेपालजस्तो विकासोन्मुख मुलुकमा जहाँ गरिबी, बेरोजगारी, अशिक्षा, लैङ्गिक असमानता, छिमेकि मुलुकसँगको खुला सीमा र विपद् व्यवस्थापनमा कमजोरीजस्ता कारकहरूले मानव बेचबिखनलाई अझ जटिल बनाइरहेका छन्। त्यस्तो अवस्थामा राष्ट्रियस्तरको रणनीतिमा स्पष्ट दृष्टिकोण, सहभागितामूलक कार्यक्रम र सशक्त नियन्त्रण संयन्त्रको विकास अपरिहार्य हुन्छ।

कार्यक्रमको पहिचान र नियन्त्रण कुनै पनि परियोजना, योजना वा गतिविधि प्रभावकारी रूपमा कार्यान्वयन गर्न अत्यन्त आवश्यक प्रक्रिया हो। यसले कार्यक्रमको उद्देश्य, लक्ष्य समूह, क्रियाकलापहरू, स्रोत साधन, जोखिमहरू तथा अपेक्षित नतिजाहरूलाई स्पष्ट पार्न मद्दत गर्छ। मानव बेचबिखन तथा ओसारपसार समस्याको समाधानका लागि मानव बेचबिखन विरुद्धका कार्यक्रमहरूको पहिचान र नियन्त्रण अपरिहार्य छ।

कार्यक्रमको पहिचानले जोखिमयुक्त क्षेत्र, प्रभावित समुदाय तथा आवश्यक हस्तक्षेपका क्षेत्रहरू निर्धारण गर्न सहयोग पुऱ्याउछ भने नियन्त्रण प्रक्रियाले ती कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भइहरेका छन् कि छैनन् भन्ने अनुगमन र मूल्याङ्कन गर्न मद्दत गर्छ। यसरी मानव बेचबिखन रोकथाम, पीडितको उद्धार, संरक्षण तथा पुनःस्थापनाका लागि सञ्चालन गरिने कार्यक्रमहरूको स्पष्ट पहिचान र सशक्त नियन्त्रण प्रणालीले दीर्घकालीन समाधानको मार्ग प्रशस्त गर्छ।

यस समस्याको नियन्त्रणका लागि विभिन्न सरोकारवाला पक्षहरूको सहकार्य अत्यावश्यक छ। सरकार (संघ, प्रदेश, स्थानीय तह, प्रहरी, अदालत), गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय संस्था, समुदायस्तरका अभियन्ता, सञ्चार माध्यम निजी क्षेत्र र नागरिक समाज सबैको महत्त्वपूर्ण भूमिका हुन्छ। तिनीहरूले जनचेतना अभिवृद्धि, पीडित उद्धार तथा पुनःस्थापन, कानूनी सहायता, शिक्षा र सशक्तिकरणका कार्यक्रममार्फत योगदान पुऱ्याइरहेका छन्। मानव बेचबिखन नियन्त्रणका लागि दीर्घकालीन रणनीति अनिवार्य छ, जसमा सबै सरोकारवाला पक्षहरूको

सक्रीय सहभागिता अपरिहार्य हुन्छ।

## ७.२ मानव बेचबिखन नियन्त्रण (निरोधात्मक कार्यक्रमहरू)

नेपाल सहित विश्वका धेरै विकासोन्मुख मुलुकहरूमा मानव बेचबिखन एक गम्भीर र जटिल सामाजिक समस्याको रूपमा देखापरेको छ। पछिल्ला वर्षहरूमा प्रविधिको दुरुपयोग, खुला सीमा तथा कानून कार्यान्वयनको कमजोरीले यस समस्याको स्वरूपलाई झनै जटिल बनाएको छ। मानव बेचबिखनका कारण पीडितहरूको मानव अधिकारमा गम्भीर हनन् हुनुका साथै समग्र समाजमा सामाजिक र नैतिक संकट उत्पन्न गराउँछ। यसको दीर्घकालीन र प्रभावकारी नियन्त्रणका लागि शिक्षा, जनचेतना अभिवृद्धि, संस्थागत समन्वय, र सशक्त कानूनी संरचनाको निर्माण अपरिहार्य देखिन्छ। मानव बेचबिखन रोकथाममा प्राथमिकता दिइनुपर्ने पक्षहरूलाई निम्न रेखाचित्रहरूमा प्रस्तुत गरिएको छ।

### रेखाचित्र ७.१:

मानव बेचबिखन रोकथाममा प्राथमिकता दिइनुपर्ने पक्षहरू सरकारी प्रयास (प्रतिशतमा)




*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

माथिका रेखाचित्रहरूमा प्राप्त जानकारीअनुसार, मानव बेचबिखन नियन्त्रणका लागि विभिन्न विकल्पहरूमध्ये दुई-तिहाईभन्दा बढी उत्तरदाताहरूले शिक्षा र सचेतनाका कार्यक्रमलाई सर्वाधिक प्रभावकारी विकल्पको रूपमा प्राथमिकता दिएका छन्। दीर्घकालीन रूपमा मानव बेचबिखनको समस्या समाधान गर्नका लागि जनचेतना अभिवृद्धि गर्ने उपाय अत्यन्त महत्वपूर्ण मानिएको छ।

समुदायस्तरमा सञ्चालन गरिने शिक्षा तथा सचेतना कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउन विद्यालय तथा विश्वविद्यालयहरूको औपचारिक शिक्षामा मानव बेचबिखनसम्बन्धी विषयवस्तु समावेश गर्ने प्रस्तावलाई आधाभन्दा बढीले जोड दिएका छन्। यदि पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूमा यस्ता सामग्रीहरूलाई व्यवस्थित रूपमा समावेश गरी अध्ययन-अध्यापन गराइने हो भने, युवा पुस्तामा प्रारम्भदेखि नै मानव बेचबिखन विरुद्ध चेतनाको विकास भई जनमत निर्माण हुने र दीर्घकालीन रूपमा समस्याको रोकथाम गर्न सकिने धारणा देखिएको छ।

यसबाहेक, मानव बेचबिखनको समस्या नियन्त्रण गर्न विभिन्न तहका सरकारी तथा गैरसरकारी निकायहरूको

भूमिकाबारे समेत स्थलगत सर्वेक्षण गर्दा स्थलगत सर्वेक्षणमा सहभागी उत्तरदाताहरूमध्ये करीब ६० प्रतिशतले मानव बेचबिखनको रोकथामका लागि स्थानीय तहले सशक्त भूमिका निर्वाह गरेमा यो समस्या समाधान गर्न थप प्रभावकारी हुने धारणा प्रस्तुत गरेका छन्। तीन तहका सरकारहरूमध्ये स्थानीय तहसँग समुदायमा प्रत्यक्ष पहुँच र निगरानी गर्ने क्षमता भएकाले उनीहरूलाई अधिक सशक्त र उत्तरदायी बनाउनुपर्ने सुझाव पनि प्रस्तुत भएको छ ।

मानव बेचबिखन नियन्त्रणमा हालसम्म सरकारका तर्फबाट गरिएको प्रयास र भूमिकालाई उत्तरदाताहरूले मध्यमस्तरको मूल्यांकनमा राखेका छन्। यसको अर्थ, सरकारको प्रयासलाई सकारात्मक रूपमा लिइएको ज्ञात हुन्छ। तर थप प्रभावकारी, योजनाबद्ध र समन्वित कदम आवश्यक रहेको जनाइएको छ।

## ७.३ योजना तथा कार्यक्रमको पहिचान

नेपालमा मानव बेचबिखन नियन्त्रण गर्नका लागि बहुआयामिक, सहभागितामूलक र प्रमाणमा आधारित योजनाहरू निम्नानुसार पहिचान गर्न सकिन्छः

### ७.३.१ रोकथाम सम्बन्धी कार्यक्रमहरू

**शिक्षा तथा जनचेतना कार्यक्रम:**

नेपालका ग्रामीण क्षेत्रहरूमा अझै पनि मानव बेचबिखन सम्बन्धी ज्ञानको अभाव छ। त्यसैले, स्थानीय भाषा तथा अन्य गतिविधिका माध्यमबाट जनचेतनाका कार्यक्रमहरू (रेडियो नाटक, सडक नाटक, मोबाइल प्रदर्शनी, विद्यालयस्तरीय अभियान) सञ्चालन गर्न आवश्यक छ। साथै, शिक्षण संस्थाहरूको पाठ्यक्रममै मानव बेचबिखन नियन्त्रणका विषयहरू समावेश गरिनु प्रभावकारी हुनेछ।

**आर्थिक सशक्तिकरण कार्यक्रम:**

देश तथा प्रदेशको राजधानीदेखि टाढा रहेका जिल्लाहरूमा महिलाहरू रोजगारीको अभावका कारण दलालको प्रभावमा पर्ने सम्भावना बढी हुन्छ। तसर्थ, ती क्षेत्रहरूमा महिलाहरूको आर्थिक सशक्तिकरणका लागि लक्षित उद्यम विकास कार्यक्रम, वैकल्पिक आय स्रोत सिर्जना, आत्मनिर्भरता प्रबर्द्धन गर्ने तालिमहरू सञ्चालन गर्नुपर्छ। संघ, प्रदेश र स्थानीय तहमा सरकारहरूले वार्षिक बजेटमै यस किसिमका विशेष कार्यक्रमहरू राखी रकम विनियोजन गर्नुपर्छ।

**सीमा निगरानी तथा सूचना प्रणाली सुदृढीकरण:**

नेपाल-भारत खुला सीमाना मानव ओसारपसारको सबैभन्दा जोखिमपूर्ण विन्दु हो। विशेष गरि ज्यादै चालू रहेका पश्चिमी नाका (नेपालगञ्ज, गड्डाचौकी), पूर्वी नाका (काँकरभिट्टा) र भैरहवाजस्ता ठाउँहरूमा सरकारी तथा गैर सरकारी साझेदारीमा हेल्प डेस्क, निगरानी केन्द्र र मोबाइल टिम परिचालन गरिनुका साथै अन्य कम चल्तिका नाकाहरूमा समेत निगरानी बढाउन जरुरी छ।

### ७.२.२ संरक्षण तथा पुनःस्थापना कार्यक्रमहरू

**आश्रय केन्द्रहरूको बिस्तार र गुणस्तर वृद्धिः**

हाल नेपालमा सरकारी तथा गैर सरकारी संस्थाहरूको सहयोगमा पुनर्स्थापना केन्द्रहरू १० जिल्लामा सञ्चालन

भइरहेका छन् तर ती पर्याप्त छैनन्। केन्द्र, प्रदेश र स्थानीय तहको साझेदारीमा प्रत्येक प्रदेशमा कम्तीमा १ दीर्घकालीन पुनःस्थापना केन्द्र स्थापना गर्नुपर्छ। यस्ता केन्द्रमा सुरक्षित बास, स्वास्थ्य सेवा, मानसिक परामर्श, कानूनी सहायता तथा पारिवारिक र सामाजिक पुनःएकीकरणको योजना बनाउनुपर्छ।

**दीर्घकालीन पुन:एकीकरणको व्यवस्था:**

पीडित महिलाहरूलाई स्वरोजगार, सीप विकास, शिक्षा र मानसिक उपचारमार्फत पारिवारिक/सामाजिक पुनःएकीकरण गर्न दीर्घकालीन रणनीति आवश्यक छ। पीडितको आत्म-सम्मान, सामाजिक पुनः समायोजन र परिवारसँग पुनर्मिलनमा आधारित कार्यक्रम विकास गरिनुपर्छ। यसका लागि नागरिक समाज संस्था र निजी क्षेत्रसँगको सहकार्य पनि अनिवार्य छ।

**पीडित-पहिचान संयन्त्र सुदृढीकरण र तथ्याङ्क व्यवस्थापन:**

नेपाल प्रहरी, स्वास्थ्य संस्था, स्थानीय सरकार, बालगृह र सामाजिक संघसंस्था मिलेर पीडित/प्रभावितहरूको प्रारम्भिक पहिचान देखि पुनर्स्थापना र पुनःएकीकरणको चरणसम्म सहजीकरण हुने गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले दक्ष जनशक्ति सहित प्रदेश, जिल्ला र स्थानीय तहमा सम्पर्क व्यक्ति तोक्ने व्यवस्था गरिनुपर्छ। साथै सूचना तथा तथ्याङ्क संकलन र प्रक्षेपणमा सहज हुने गरी एकीकृत सामाजिक सूचना व्यवस्थापन प्रणाली लागू गरी स्थानीयकरण गर्न आवश्यक छ।

### ७.३.३ कानूनी कारवाही तथा नीतिगत सुधार

**कानूनको प्रभावकारी कार्यान्वयन:**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ लाई नेपालको संविधान तथा पालेर्मो प्रोटोकलको मर्मअनुसार मानव बेचबिखनको सबै स्वरुपलाई समेट्ने परिभाषा सहित डिजिटल प्रविधि, ट्रान्सनेशनल अपराधको प्रवृत्ति र नयाँ स्वरूप अनुसार संशोधन गर्नुपर्ने आवश्यकता देखिन्छ। कानूनको कार्यान्वयनमा प्रहरी, अदालत, सरकारी वकिल, मानव अधिकार आयोगबीच समन्वय गरी समयमै अभियोग दायर तथा सजाय सुनिश्चित गरिनुपर्छ।

**अनुसन्धान प्रणालीमा सुधार:**

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान व्युरोका शाखाहरू सबै प्रदेशहरूमा स्थापना गर्दै यी निकायहरूलाई प्रविधिमैत्री बनाउँदै अनुसन्धान क्षमतामा वृद्धि गरिनुपर्छ। साथै, डिजिटल अपराध अन्वेषण तालिम, साइबर निगरानी संयन्त्र र सीमा क्षेत्रका सुरक्षाकर्मीहरूलाई पीडित मैत्री अनुसन्धान समेतमा नियमित तालिम दिनुपर्छ।

**अन्तर्राष्ट्रिय समन्वय र प्रतिवेदन प्रणाली:**

नेपालले मानव बेचबिखन नियन्त्रण गर्नका लागि हस्ताक्षर गरेका सन्धिहरूको पालना, कार्यान्वयन र प्रतिवेदन प्रणालीलाई प्रभावकारी हुने गरी संयन्त्रहरूको निर्माण संस्थागत क्षमता अभिवृद्धि गरिनुपर्छ। साथै, भारत, बंगलादेश, मलेसिया, खाडी राष्ट्रहरूसँग पीडित उद्धार तथा हस्तान्तरणको लागि द्विपक्षीय/बहुपक्षीय सहमति र सम्बोधन प्रणालीको विकासमा ध्यान दिन जरूरी छ।

## ७.४ कार्यक्रमको कार्यान्वयन र नियन्त्रण

### ७.४.१ समन्वय संयन्त्रको विकास

**केन्द्रदेखि स्थानीय तहसम्मः**

मानव बेचबिखन नियन्त्रण कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि संघीय संसद र संसदीय समितिहरू, गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय लगायतका संघीय मन्त्रालयहरू, प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय, स्थानीय तह, गैरसरकारी संस्थाहरू, निजी क्षेत्र र राजनीतिक दलहरूबीच स्पष्ट कार्य विभाजन र समन्वय संयन्त्र विकास गरिनुपर्छ।

**बहुक्षेत्रीय संयोजन समिति गठनः**

राष्ट्रियस्तरमा गठन भएको राष्ट्रियस्तरको मानव बेचबिखन नियन्त्रण समितिले नीति निर्माणदेखि कार्यान्वयनसम्म प्रभावकारी तरिकाले प्रत्यक्ष अनुगमन गर्नुपर्छ। साथै, यस्तो मानव बेचबिखन नियन्त्रण समितिहरू प्रदेश, जिल्ला र स्थानीय तहसम्म गठन/पुनरगठन गरी सक्रीय भूमिका निर्वाह गर्नमा सक्षम तुल्याईनु पर्दछ।

### ७.४.२ निगरानी तथा मूल्याङ्कन

**त्रैमासिक अनुगमन र वार्षिक मूल्याङ्कनः**

मानव बेचबिखनसँग सम्बन्धित रहेर हरेक तहमा विशिष्ट सूचकाङ्कको आधारमा प्रगति अनुगमन गरिनुपर्छ। सँगै, जनप्रतिनिधि, प्रशासन, गैसरकारी संस्था र पीडित प्रतिनिधिहरूको संयुक्त सहभागितामा मूल्याङ्कन गर्न सकिन्छ।

**IMS प्रणालीको विकासः**

मानव बेचबिखनमा परेका व्यक्तिहरूको डाटाबेस निर्माणले मानव बेचबिखन रोकथाम गर्नका लागि आवश्यक नीति तयार गर्न र नीति कार्यान्वयन गर्न सहज हुन्छ। यस्तो डाटाबेस निर्माण गर्न डिजिटल सूचना व्यवस्थापन प्रणाली (IMS) प्रयोग गर्नु उपयुक्त देखिन्छ। IMS मार्फत पीडितहरूको विवरण, स्थानान्तरण, पुनःस्थापना, दोषी माथिको कारवाही अवस्था आदिको अद्यावधिक डाटाबेस निर्माण गर्नुपर्छ।

### ७.४.३ पारदर्शिता र जवाफदेहिता

**सार्वजनिक प्रतिवेदन तथा सामाजिक लेखापरीक्षणः**

मानव बेचबिखन सम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशित गरी के र कसरी मानव बेचबिखन हुने गरेको छ साथै यस्तो कार्य न्यूनीकरण हेतु सञ्चालित कार्यक्रमको प्रभावकारिता लगायत सबै कार्यक्रमहरू सार्वजनिक गरिनुपर्छ। साथै, सार्वजनिक सुनुवाइ कार्यक्रममार्फत यस्ता कार्यहरूको जवाफदेहिता सुनिश्चित गर्न सकिन्छ।

**स्थानीय सहभागिता:**

मानव बेचबिखन विरुद्धको कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय तहका वडास्तरमा टोल विकास संस्था, महिला समूह, बाल क्लब, युवा क्लब, किशोरी समूह लगायतलाई मानव बेचबिखनका जोखिमसँग सम्बन्धित कार्यहरूको गतिविधि र निगरानीमा सरिक गराउन सकियो भने वडास्तरसम्म आधारभूत तहमै यस सम्बन्धी सचेतना, पहिचान र सूचना प्रवाह सुदृढ हुनेछ। यसका अतिरिक्त समुदायस्तरसम्म विस्तार भएको समुदाय-प्रहरी-

साझेदारी कार्यक्रमलाई समेत यसमा जोड्न सकिएमा थप प्रभावकारी हुनेछ।

## ७.५. गुणात्मक विश्लेषण (प्रमुख सूचनादाता/समूह छलफल)

"समाजमा बेचबिखन प्रभावितहरूको पुनः एकीकरण गर्दा विभिन्न समस्या चुनौतीहरू आइपर्छन् तिनलाई सम्बोधन गर्दै समुदायमा सचेतना फैलाउने, विद्यालयहरूमा सचेतनामूलक कार्यक्रमहरू गर्ने गर्नुपर्छ ....... ।"

*(भीमदत्त नगरपालिका, कञ्चनपुरका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"दोधारा चाँदनी नगरपालिकामा वार्षिक रूपमा १ लाख बजेट मानव बेचबिखन तथा ओसारपोसार नियन्त्रण सम्बन्धी कार्यक्रमको लागि छुट्टाएको छ। .......... त्यसमा मानव बेचबिखन नियन्त्रण दिवस मनाउन र जनचेतना जगाउने कार्यमा खर्च गरिने गरिएको छ।

*(दोधारा चाँदनी नगरपालिका, कञ्चनपुरका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"रोकथामको निमित्त सेफ हाउस बनाई विभिन्न गैर-सरकारी संस्थाहरूसँग सहकार्य गर्ने योजना छ ......... "

*(मेचीनगर नगरपालिका, झापाका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"मानव बेचबिखन रोक्नका लागि सर्वप्रथम शिक्षा हुनुपर्छ। सार्वजनिक निकायबाट सचेतना कार्यक्रम चलाउने। राज्य र सरकारको तहबाट स्वरोजगार कार्यक्रम ल्याउने। मिडियाहरूले यस्ता समस्यालाई न्यूनीकरण गर्ने खालको कार्यक्रम प्रसारण गर्नुपर्छ ................।"

*(मकवानपुर जिल्ला प्रशासन कार्यालय, मकवानपुरका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"तीन तहको सरकारबीच समन्वय भएको छ, ...... तर कार्यन्वयन भएको देखिंदैन ...... ।"

*जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"मानव बेचबिखन रोक्न हालका कानूनी, सामाजिक र शैक्षिक प्रयासहरू प्रभावकारी छन् तर ............ बुझ्नेलाई प्रभावकारी छ नबुझ्नेलाई छैन। समाजमा सिकाएका कुराहरूलाई व्यवहारमा उतार्न सक्ने हुँदा राम्रो हो। कानूनले पनि भेदभाव नगरी न्याय दिन सके राम्रो ............. तर बिक्ने र ठूलाको हातमा कानून भएकोले न्याय पाउन गाह्रो हुन्छ ................ प्रत्येक टोलमा चेतनामूलक कार्यक्रमहरू गरेर वैदेशिक रोजगारमा जाँदा श्रम स्वीकृति लिएर भरपर्दो कम्पनी मार्फत जाने व्यवस्था गर्ने र जाने गर्नुपर्छ।"

*(मायादेवी गाउँपालिका, रूपन्देही; सामुहिक छलफलमा सहभागी)*

"................... सरकारले मानव बेचबिखन नियन्त्रण सम्बन्धमा विद्यालय, आमा समूह, सहकारी संस्था, बाल क्लब, युवा क्लब, किशोरी समूहजस्ता समूहमा सचेतना कार्यक्रम गर्नुपर्छ।"

*(माइती नेपाल, रसुवाका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"स्थानीय तह, सरकारी, गैरसरकारी संस्था ,नागरिक समाज तथा समुदायकाबीच सहकार्‍य र समन्‍वय गरी सचेतना कार्‍यक्‍रम सञ्‍चालन गर्न्‍े ..................।"

*(काठमाण्डौ, कानून व्यवसायीसँग अन्तर्वार्ता)*

"मानव बेचबिखन सम्बन्धी समस्या कम गर्नको लागि तीनै तहका सरकारको बीचमा समन्वय राम्रो देखिन्छ।

सरकारी निकाय गैर सरकारी संस्थाहरू र अन्तर्राष्ट्रिय संगठनबीच समन्वय पनि राम्रै छ …………।"

*(माइती नेपाल, रूपन्देहीका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

मानव अधिकार मञ्च र माइती नेपालसँग सहकार्य गरिरहेको ……………… महिला समूहसँग मिलेर सचेतना कार्यक्रमका साथै टोल-टोलमा गैर मानव बेचबिखन विरुद्ध सचेतना जगाउन नाटक देखिएको ………"

*(सन्दकपुर गाउँपालिका, इलामका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"इलाम जिल्लाको १० वटा स्थानीयतहहरू मिलेर इलाम नगरपालिकाभित्र सेफ हाउस उदघाटन गरेको छ. तर सञ्चालनमा आएको छैन ………….. छिट्टै सञ्चालनमा ल्याऊने तयारीमा छौं ।"

*(इलाम नगरपालिका, इलामका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"मानव बेचबिखन नियन्त्रण सम्बन्धी जिल्लास्तरीय महिला शाखा हुँदा जसरी हामीलाई काम गर्न साथ र सपोर्ट गरिरहनु हुन्थ्यो त्यसरी नै अहिले सहयोग छैन। संरचनागत ग्याप छ ……………. मन्त्रालयले नै त्यसरी हामीलाई सहयोग गर्नुपर्छ अनि मात्र पालिकाबाट कामहरू गर्दा बढी प्रभावकारी हुन्छ ।"

*(सूर्योदय नगरपालिका, इलामका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"नगर पालिकाको आर्थिक सहयोगमा मानव बेचबिखन रोकथामको लागि जिल्ला प्रशासन कार्यालयमा नागरिकता र पासपोर्ट बनाउने ठाउँमा कर्मचारी राखेर परामर्श दिने कार्य भइरहेको छ ………"

*(वीरेन्द्रनगर नगरपालिका, सुर्खेतका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

*"प्रदेशमा एउटा सेफ हाउस छ, कर्णाली प्रदेशको सबै जिल्लाहरूका प्रभावितहरू राख्ने हिसाबले …… यसको लागि छुट्टै ग्राम पनि निर्माण हुँदैछ ……. यसको जिम्मेवारी गैर-सरकारी संस्थालाई दिएको छ ………. हामीले सहयोग गरेका छौं ।"*

*(सामाजिक विकास मन्त्रालय, सुर्खेतका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

"बोर्डर नजिक भएकोले बेचबिखन हुने सम्भावना छ तर हालसम्म कुनै घटना भएको छैन …………. पालिकाले हालसम्म रोकथामको निमित्त कुनैपनि सरकारी, गैर-सरकारी, अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य गरेको छैन ।"

*(धोबिनी गाउँपालिका, पर्साका प्रमुख सूचनादातासँग अन्तर्वार्ता)*

**संक्षेपमा,**

मानव बेचबिखन विश्वव्यापी रूपमा फैलिएको गम्भीर मानवअधिकार उल्लङ्घन हो, जसको समाधानका लागि नेपालजस्तो बहु-आयामिक सामाजिक संरचना भएको देशमा योजनाबद्ध, सहभागितामूलक र प्रमाणमा आधारित कार्यक्रमको आवश्यकता छ। यस समस्याको न्यूनीकरणका लागि रोकथाम, पीडित संरक्षण तथा पुनःस्थापना, र कानूनी कारवाहीलाई एकीकृत गरी नीति निर्माण गर्नुपर्छ। योजना निर्माणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी दस्तावेज, सरोकारवाला निकायहरूसँगको समन्वय र जोखिमयुक्त क्षेत्र तथा समूहहरूको स्पष्ट पहिचान अनिवार्य हुन्छ। रोकथामतर्फ शिक्षा, जनचेतना, आर्थिक सशक्तिकरण र सीमा निगरानीलाई प्राथमिकता दिनुपर्दछ भने संरक्षणतर्फ पुनःस्थापना केन्द्रहरूको विस्तार, दीर्घकालीन पुनःएकीकरण रणनीति र पीडित पहिचान संयन्त्रको सुदृढीकरण आवश्यक छ। कानूनी पक्षमा विद्यमान ऐनहरूको संशोधन, अनुसन्धान क्षमताको विकास तथा

अन्तर्राष्ट्रिय समन्वयको सुदृढीकरण गरिनुपर्छ। कार्यक्रम कार्यान्वयनका लागि केन्द्रदेखि स्थानीय तहसम्म समन्वय संयन्त्रको विकास, IMS प्रणालीद्वारा डिजिटल निगरानी, पारदर्शिता, सामाजिक लेखापरीक्षण, तथा समुदायस्तरमा सक्रीय सहभागिता आवश्यक देखिन्छ। विभिन्न पालिकाहरूले हाल गर्दै आएको मानव बेचबिखन रोकथामका लागि सचेतना, शिक्षा, परामर्श, तथा वैदेशिक रोजगारी सम्बन्धी कार्यक्रम अझ प्रभावकारी ढंगले सञ्चालन गर्नुपर्ने हुन्छ।

# परिच्छेद आठ
# निष्कर्ष, चुनौती र सुझाव

## ८.१ निष्कर्ष

नेपालमा मानव बेचबिखन एक दीर्घकालीन, बहुआयामिक र जटिल सामाजिक तथा आपराधिक समस्याका रूपमा देखिएको छ, जसले विशेषतः आर्थिक, सामाजिक र भौगोलिक हिसाबले कमजोर वर्गका समुदायहरूलाई गम्भीर रूपमा प्रभावित गरिरहेको छ। गरिबी, बेरोजगारी, शिक्षा तथा जानकारीको अभाव, लैङ्गिक विभेद, सीमावर्ती क्षेत्रहरूको कमजोरी, खुला सीमाना र दलालहरूको सक्रीयताले यस समस्यालाई अझ जटिल बनाएको छ।

विशेष गरि बागमती प्रदेशका मकवानपुर र सिन्धुपाल्चोक जिल्लाहरूमा बेचबिखन पीडितहरूको संख्या उल्लेखनीय छ। नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरूले मानव बेचबिखन नियन्त्रणका लागि नीति तथा कार्यक्रमहरू सञ्चालन गरिरहेका भएता पनि ती प्रयासहरू अपेक्षित मात्रामा पर्याप्त र प्रभावकारी बन्न सकेका छैनन्।

मानव बेचबिखनका प्रमुख कारणहरूमा पारिवारिक असमझदारी, घरेलु हिंसा, मादक पदार्थको दुरुपयोग र एकल परिवारको संरचना देखिन्छन्। यस्ता कारणहरूले व्यक्तिलाई मानसिक रूपमा कमजोर बनाई मानव बेचबिखनमा संलग्न दलालहरूले आफ्नो जालमा फसाउने गर्दछन्। विशेषतः महिला, किशोरी, बालबालिका र सीमान्तकृत समुदायका सदस्यहरू बढीमा मात्रामा यसको जोखिममा छन्। आर्थिक रूपले कमजोर परिवार जसलाई वर्षभरि पर्याप्त खाद्यान्नसमेत पुग्दैन त्यस्ता परिवारका व्यक्तिहरू बेचबिखनको सञ्जालमा सहजै फस्दछन्। प्राकृतिक विपत्तिको प्रभावले मात्र तुलनात्मक रूपमा मानव बेचबिखनमा पर्ने सम्भावना न्यून देखिएको छ।

समयसँगै मानव बेचबिखनको स्वरूप पनि परिवर्तन हुँदै गएको छ। विगतमा भारतका कोठीहरूमा नेपाली महिलाहरूको यौन शोषणका लागि बेचबिखन गरिन्थ्यो भने हाल यो समस्या खाडी मुलुक, मलेसिया, चीन, अफ्रिका, युरोप र अमेरिकासम्म फैलिएको छ। पुरुषहरू पनि जबर्जस्ती श्रम, अंग बेचबिखनजस्ता गतिविधिमा परेका छन्। पछिल्ला वर्षहरूमा प्रविधिको दुरुपयोगबाट अनलाइन ट्राफिकिङ, बाल यौन शोषण र स्क्यामिङजस्ता नयाँ रूपहरू देखा परेका छन्। बेरोजगारी, जनचेतनाको अभाव, राज्य संयन्त्रको निगरानीमा अपर्याप्तता र प्रविधिको अनुचित प्रयोगले यी समस्या उत्पन्न भएका छन्।

मानव बेचबिखनका मुख्य मार्गहरू सडक र हवाईमार्ग हुन्, जसमा सुनौली, गड्डाचौकी र विरगञ्ज जस्ता सीमाना प्रमुख प्रवेश विन्दुका रूपमा प्रयोग गरिन्छन्। दलालहरूको नेटवर्क स्थानीय तहदेखि अन्तर्राष्ट्रिय तहसम्म फैलिएको छ। यस्तो अवस्थामा सीमामा कमजोर निगरानी, प्रविधिको कमजोर प्रयोग र अन्तरसंस्थागत समन्वयको कमीले थप चुनौती सिर्जना गरेको छ।

मानव बेचबिखन नियन्त्रण तथा पीडितको उद्धार र पुनर्स्थापनाको प्रक्रियामा प्रहरी, गैरसरकारी संस्था, कूटनीतिक नियोग र स्वयं पीडितहरूको भूमिका महत्त्वपूर्ण रहेको छ। तर उद्धारपछिको कानूनी प्रक्रिया प्रभावकारी नभएको, उजुरीको संख्या न्यून रहेको र उजुरी दिनेहरू पुनःसम्पर्कमा नआउने प्रवृत्तिले न्यायिक प्रक्रियामा कमजोरी देखिएको छ। पुनःस्थापनाका प्रयासहरूमा सीप, तालिम र गोपनीयताको प्रयास सन्तोषजनक भएतापनि बीऊपूँजी, औपचारिक शिक्षा र कानूनी सेवामा असन्तुष्टि देखिएको छ।

नेपालमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४; संविधानमा सुनिश्चित मौलिक हकहरू र नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धीहरूले कानूनी आधार प्रदान गरे तापनि व्यवहारमा पीडितहरू अझै न्यायको पहुँचबाट टाढा छन्। मुद्दा दर्ता, अनुसन्धान, कारवाही र फैसला प्रक्रियामा ढिलाइ, राजनीतिक दवाव/प्रभाव, प्रभावशाली व्यक्तिहरूको संलग्नता र पीडितको कानूनी अज्ञानता तथा सामाजिक डरका कारण न्याय प्राप्तिको प्रक्रिया कमजोर देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ देखि २०८१/०८२ सम्म दर्ता भएका ९९४ मुद्दाहरूमध्ये फैसला भएका मुद्दाको दर न्यून हुनु पीडितहरूले न्यायमा विश्वास गुमाउने प्रमुख कारण बनेको छ।

दीर्घकालीन रूपमा मानव बेचबिखनको रोकथामका लागि आर्थिक अवसरको सिर्जना, सीप विकास, शिक्षा तथा स्वास्थ्य सेवामा पहुँचको विस्तार, जनचेतना अभिवृद्धि र अन्तरसंस्थागत समन्वय अत्यावश्यक छ। सीमामा निगरानी प्रणालीमा प्रविधिको प्रभावकारी प्रयोग, सूचना प्रवाहको सुदृढीकरण र महिला तथा बालबालिकाको सुरक्षाका लागि सशक्त संयन्त्र विकास गर्नु जरूरी छ। व्यवहारिक सीप तालिम तथा रोजगारीको अवसर प्रदान गरी पीडितहरूलाई आत्मनिर्भर बनाउने कार्य दीर्घकालीन पुनःस्थापनाको मूल आधार बन्न सक्छ ।

सरकारी प्रयासहरूलाई प्रभावकारी बनाउन कानूनी संरचनाको पुनरावलोकन, नीतिगत स्पष्टता र पीडितमैत्री संयन्त्रको विकास आवश्यक छ। साथै, पुनःस्थापना सेवाका लागि स्रोतको सुनिश्चितता, दक्ष जनशक्तिको परिचालन र स्थानीय तहमा सुरक्षित आवास (सेफ हाउस) स्थापना गर्नुपर्ने देखिन्छ। सामाजिक स्वीकार्यताको अभाव र पुनः सामाजिक एकीकरणको चुनौती समाधान गर्न समुदायको सक्रीय सहभागिता र जनचेतना अभियान अपरिहार्य छ।

अन्ततः मानव बेचबिखनको नियन्त्रण केवल सरकारी प्रयासबाट मात्र सम्भव छैन। यसका लागि सरकारी, गैरसरकारी, निजी क्षेत्र र अन्तर्राष्ट्रिय समुदायबीच बहुस्तरीय साझेदारी र समन्वय अनिवार्य छ। प्रभावकारी नीति निर्माण, कानूनी सुधार, जनचेतनाको वृद्धिसँगै सशक्त कार्यान्वयन संयन्त्र निर्माण गर्न सकियो भने मात्र मानव बेचबिखनको दीर्घकालीन समाधान सम्भव हुनेछ। मानव अधिकारको सम्मान, व्यक्तिको स्वतन्त्रता र गरिमाको संरक्षण गर्नु राज्यको प्रमुख दायित्व हो। त्यसैले मानव बेचबिखन नियन्त्रण अभियानलाई नीतिगत, कानूनी, प्रशासनिक, सामाजिक र मानवीय दृष्टिकोणबाट समन्वयात्मक बनाउँदै लैजानु आजको आवश्यकता हो।

## ८.२ चुनौती

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्नका लागि राज्य तथा विभिन्न सरोकारवाला निकायहरूले निरन्तर प्रयास गरिरहे पनि यस क्षेत्रमा अझै पनि थुप्रै चुनौतीहरू विद्यमान छन्। पहिलो चुनौती भनेको संस्था वा संगठनभित्रैको अन्तरविभागीय समन्वयको अभाव हो। विभिन्न विभागहरूबीच जानकारी आदानप्रदान, सहकार्य र साझा रणनीतिमा सहयोग र सहकार्यको कमीले गर्दा मानव बेचबिखन विरुद्धको प्रयास प्रभावकारी हुन सकिरहेको छैन।

त्यस्तै, प्रविधिको युगमा अपराध नियन्त्रण गर्न अत्यावश्यक मानिने डिजिटल फरेन्सिक ल्याब (Digital Forensic Lab) को उपयोग तथा क्षमताको सीमितता पनि एउटा महत्त्वपूर्ण चुनौती हो। साथै, विधि विज्ञान प्रयोगशालाबाट समयमै प्राप्त हुनुपर्ने रिपोर्ट ढिला हुने वा अधुरो हुने समस्याले पनि अनुसन्धानमा ढिलाइ हुन्छ, जसले अपराधीलाई कानूनी दायरामा ल्याउन कठिनाइ उत्पन्न गराउँछ।

अन्य निकायहरूसँगको समन्वय पनि प्रभावकारी नहुनु अर्को चुनौती हो। पीडितको तत्काल उद्धार गर्नुपर्ने अवस्थाहरूमा आवश्यक निकायहरूबीच समन्वय अभावका कारण उद्धार ढिलो हुन्छ, जसले पीडितलाई थप जोखिममा पार्न सक्छ। यस्तै, दूरसञ्चार सेवा प्रदायक निकायहरूबाट माग गरिएको विवरण समयमा नआउने, आए पनि मागअनुसारको विवरण नपठाउने समस्याले डिजिटल प्रमाण संकलन र विश्लेषणमा कठिनाइ ल्याउँछ।

स्थानीय निकायहरूसँग प्रभावकारी समन्वयको अभावले पनि मानव बेचबिखन नियन्त्रणमा कमजोरी देखिएको छ, विशेष गरि पीडित पहिचान, सचेतना, पुनर्स्थापना र पुनःएकीकरणको साथै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (TIA) स्थित विभिन्न नियमन र निगरानी निकायहरूसँग समन्वय गर्नुपर्ने अवस्थामा पनि समन्वयको कमी देखिन्छ, जसले गर्दा अन्तर्राष्ट्रिय ओसारपसार नियन्त्रणमा चुनौती थपिन्छ। यी सबै चुनौतीहरूको समाधानका लागि अन्तरसंस्थागत सहकार्य, प्रविधिको सशक्त प्रयोग, तालिम प्राप्त जनशक्ति, र समयमै जानकारी आदानप्रदान सुनिश्चित गर्न आवश्यक छ। अन्यथा, मानव बेचबिखन नियन्त्रण गर्ने प्रयासहरू लक्ष्यमा पुग्न गाह्रो हुने देखिन्छ।

### कार्यगत चुनौतीहरू

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका क्रममा विभिन्न कार्यगत चुनौतीहरू देखा परेका छन्, जसले अनुसन्धान, प्रमाण संकलन, अभियोजन र उद्धार कार्यलाई निकै कठीन बनाइरहेका छन्। आजको डिजिटल युगमा अपराधहरू उच्च प्रविधिमा आधारित भएका छन्। मानव बेचबिखनमा संलग्न दलालहरूले Whatsapp, Viber, Facebook, WeChat लगायतका सामाजिक सञ्जालहरू प्रयोग गरी युवायुवतीहरूलाई लोभ देखाई झुक्याउने र फसाउने गरेका छन्। यस्ता प्रविधि प्रयोगका कारण अपराधहरू पत्ता लगाउन र प्रमाण संकलन गर्न थप जटिलता पैदा भएको छ। अर्कोतर्फ, धेरैजसो पीडितहरूले अनुसन्धानमा सहयोगी व्यवहार नदेखाउने अर्थात् न्यायिक प्रकृयामा सहयोग नगर्ने परिपाटी देखिन्छ। यसका पछाडि अपराधिक गिरोहमा आफन्त वा चिनजानका व्यक्तिहरूको संलग्नता, जसका कारण उजुरी गरेपछि ती आफन्तलाई पनि कानूनी असर पर्ने डर हुन्छ। यसैले सम्बन्धित निकायमा उजुरी दिन पीडित आफैं हिच्किचाउँछन्। यस्तै, पीडितसँग पीडकको विस्तृत परिचय वा प्रमाणहरू नभएको, पासपोर्ट, टिकटजस्ता कागजातहरू जफत वा नष्ट गरिएका जस्ता कारणले गर्दा पनि प्रमाण संकलन कठीन हुन्छ।

अझ गाह्रो पक्ष भनेको अधिकांश आर्थिक कारोवार बैंकबाहेक अन्य प्रणालीमार्फत हुने भएकाले लेनदेनको प्रमाण देखिंदैन। साथै, नेपाल टेलिकम, अन्य नेटवर्क तथा सामाजिक सञ्जालहरूबाट आवश्यक विवरण लिन कानूनी र व्यवहारिक कठिनाइहरू हुन्छन्। प्रहरीलाई अनुसन्धान गर्नको लागि प्रयोग हुने आन्तरिक भौतिक पूर्वाधारको अभाव जस्तै व्यूरोको आफ्नै भवन, थुनुवा कक्ष वा अन्तर्वार्ता कक्ष नहुनु पनि चुनौती हो।

विदेशमा रहेका गिरोह र एजेन्टहरू पहिचान गर्न कठीन हुन्छ र सुपुर्दगी सन्धि नहुँदा ती अपराधीलाई कानूनी दायरामा ल्याउन असम्भव जस्तै भएको छ। यस्तै एजेन्टहरूले प्रयोग गरेका सिमकार्डहरू अर्काको नाममा निकालेका कारण सही व्यक्ति पहिचान गर्न समय लाग्छ। हालको कानूनले बेचबिखन, श्रम शोषण, आर्थिक शोषणलाई स्पष्ट रूपमा अपराध मानेको छैन, जसका कारण मुद्दा दर्ता प्रक्रिया झन्झटिलो हुन्छ।

सबुत र साक्षीको अभाव, सबै मुख्य अभियुक्तहरूलाई समात्न नसकिने तथा सङ्गठित अपराध भएकाले भित्री तहमा पुग्न कठीन भएको अवस्था पनि छ। थप रूपमा, भारतको विमानस्थल प्रयोग गरी पर्यटक भिषामा तेस्रो मुलुक पठाइने जस्ता नयाँ प्रवृत्तिहरूले पनि अनुसन्धानलाई जटिल बनाएको छ। धेरैजसो पीडितहरूलाई गन्तव्य देश र भाषाबारे जानकारी नहुनु, र नेपाली दूतावास र सहचारी नभएका देशहरुमा पीडित उद्धारमा समय लाग्ने र

कठीन हुने गरेको छ। दूतावास वा सहचारी भएका मुलुकमा समेत त्यहाँ पुगेका नागरिकहरू सम्पर्कबाट टाढा रहन्छन्।

यी सबै कार्यगत चुनौतीहरूको समाधानका लागि अन्तर्राष्ट्रिय सहकार्य, कानूनी सुधार, प्रविधिमा आधारित अनुसन्धान प्रणाली, र पीडितमैत्री न्यायिक प्रक्रिया अनिवार्य रूपमा लागु गरिनुपर्ने आवश्यक देखिन्छ ।

मानव बेचबिखन सम्बन्धी व्यवस्था अपुरो र अधुरो हुँदा मानव बेचबिखनका उजुरी वा मुद्दाको निष्कर्षमा पुग्न गाह्रो हुन्छ। साथै, पीडितलाई भरपर्दो क्षतिपूर्तिको व्यवस्था पनि छैन। बिगो बमोजिम क्षतिपूर्ति दिलाउने व्यवस्था कानूनमा नहुनु पनि अर्को चुनौती हो। यस्तै, राष्ट्रिय र जिल्लास्तरका उद्धार संयन्त्रहरू अपेक्षित मात्रामा सक्रीय नहुनुले पनि मानव बेचबिखनका घटना समाधान गर्न कठीन बनाएको छ। अर्कोतर्फ, विदेशमा लुकीछिपी रहेका अभियुक्तलाई नेपाल ल्याउन कठीन छ र विदेशी अभियुक्तको पहिचान नखुल्दा तिनीहरूलाई कानूनी दायरामा ल्याउन झन् गाह्रो हुने गरेको छ।

## ८.३ सुझाव

### मानव बेचबिखनको रोकथामका लागि सुझावहरू

### १. नीति निर्माण र कार्यान्वयन पक्षको सशक्त भूमिका

- नीति निर्माता र कार्यान्वयन निकायका पदाधिकारीहरूलार्इ मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी सूचना तथा जानकारी समयमै उपलब्ध गराउँदा समस्या समाधान गर्न सहज हुन्छ।
- मानव बेचबिखन नियन्त्रणको लागि गठित विभिन्न समितिहरुले गर्ने बैठकहरु औपचारिकतामा मात्र सीमित नराखी गहन छलफलका आधारमा कार्यक्रम तय गरी कार्यान्वयन गरेको खण्डमा समिति गठनको उद्देश्य पूरा हुने र समस्या समाधानमा समेत सार्थकता पाउँछ।
- सन् २००५ सम्म नेपालबाट हुने मानव बेचबिखनका घटनाहरूमा ८० प्रतिशतसम्म भारतमा मात्र हुने गरेकोमा हाल आएर भारतमा बेचिनेको संख्याभन्दा खाडी राष्ट्रहरूतर्फ बेचिनेको संख्या बढ्दै गएको हुँदा भारततर्फको नाकामा सरकारी र गैर सरकारी संस्थाबाट निगरानी राखेर गतिविधि सञ्चालन गर्ने। अन्तर्राष्ट्रिय उडान हुने एयरपोर्टहरूको र पीडितहरू बेचिन सक्ने गन्तव्य देशहरूमा विशेष कार्यक्रमहरू बनाई सञ्चालन गर्नुपर्ने देखिन्छ।

### २. कूटनीतिक नियोग र वैदेशिक समन्वयमा सुदृढीकरण

- खाडी मुलुकका कूटनीतिक नियोग तथा सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरूसँग प्रभावकारी समन्वय गरि उद्धार प्रक्रिया सुदृढ गर्नुपर्ने देखिन्छ।
- नेपालबाट विभिन्न देशहरूको नियोगहरूमा खटिने कर्मचारी, राजदूत तथा महावाणिज्यदूतहरूलाई मानव बेचबिखन रोक्नको लागि जिम्मेवार बनाउने व्यवस्था गर्नुपर्छ।
- राज्यले अन्य देशहरूसँग श्रम सम्झौता गर्दा नेपाली कामदारहरू यौन र श्रम शोषणबाट सुरक्षित हुने र उद्धार प्रक्रिया सहज हुने प्रावधान सुनिश्चित हुने किसिमले श्रम सम्झौता गरिनुपर्छ।
- दक्षिण एसियाली र खाडी मुलुकका सुरक्षा निकायहरूसँग औपचारिक/अनौपचारिक साझेदारी गर्दै

सूचना आदानप्रदान प्रभावकारी बनाउने संयन्त्र विकास गर्नुपर्छ।

## ३. कानूनी तथा संस्थागत सुधार

- प्रभावकारी उद्धार र अनुसन्धानका लागि स्रोत साधन सम्पन्न, स्पष्ट कार्यदिश सहितको संयन्त्र निर्माण हुनु जरुरी छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ लाई संशोधन गरी, मानव बेचबिखन, बाध्यकारी श्रम, श्रम शोषण, यौन शोषणजस्ता नयाँ आयामहरूलाई अपराधको रूपमा स्पष्ट परिभाषित गरिनुपर्छ। जसले पालेर्मो प्रोटोकलसँग पनि मेल खाने गरी ऐन परिमार्जनको बाटो खोल्नेछ।
- प्रहरीलाई अनुसन्धानको अवधि २५ दिनबाट बढाएर ९० दिन पुर्‍याउनु आवश्यक छ।
- हाल कानूनमा भएको मानव बेचबिखनसम्बन्धी मुद्दाहरू ९० दिनभित्र किनारा लगाउने कानूनी व्यवस्था कार्यान्वयनमा ल्याइनुपर्छ।
- पीडकहरूविरुद्ध सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दा दायर गर्ने कानूनी व्यवस्था गर्नुपर्छ।
- संघीय संरचनाअनुसार नयाँ कानून, नीति र कार्ययोजना बनाइनु आवश्यक छ।
- मानव बेचबिखन अनुसन्धान व्यूरोको संरचना प्रदेशस्तरसम्म बिस्तार गरी स्याटेलाइट युनिटहरू स्थापना गर्दा पीडितहरूको पहुँच बढ्ने र अनुसन्धान अझ प्रभावकारी हुने देखिन्छ। यसैगरी, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्पष्ट कार्यदिशसहितको स्थायी कार्यालय राख्नुपर्छ, जसले जोखिममा परेका व्यक्तिको पहिचान र उद्धारमा सहायता पुर्‍याउँछ।
- वैदेशिक रोजगार विभाग, अन्तर्राष्ट्रिय विमानस्थलहरूमा प्रहरी परिचालन गरी जोखिममा परेका व्यक्तिहरूको पहिचान र उद्धार गर्न सकिन्छ। साउदी अरेबिया, कतार, दुबई, कुवेत, ओमानजस्ता मुलुकहरूमा अत्यधिक संख्यामा नेपाली श्रमिक रहेकाले त्यहाँ प्रहरी सहचारी अनिवार्य रूपमा खटाइनु जरुरी देखिन्छ ।

## ४. पीडित केन्द्रित संरचना र सेवा

- पीडितहरू घरपरिवार र समाजमा भन्दा पुनःस्थापना केन्द्रमा बस्न चाहने हुँदा पीडितहरूलाई बजारको माग अनुसारको तालिम, रोजगारीको अवसर प्रदान गर्नु र उनीहरूको पुनःस्थापनाका लागि आधुनिक आवास गृह स्थापना गर्नु आवश्यक छ।
- क्षतिपूर्तिको प्रावधान झन्झटिलो भएको हुँदा यसलाई सुधार गरि पीडितहरूलाई दिइने क्षतिपूर्ति न्यायसंगत र पर्याप्त बनाउनुपर्छ।
- पीडित पहिचानका लागि स्पष्ट मापदण्ड तय गरिनुपर्छ।
- जिल्ला प्रशासन कार्यालय र श्रम स्वीकृति दिने कार्यालयहरूमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी जानकारी दिनुपर्छ। सुरक्षित आप्रवासनसम्बन्धी सूचना र शिक्षा सबै स्थानीय तहमा पुग्न जरूरी छ।
- पीडितको सहयोगको लागि पुनःस्थापना कोष खडा गर्ने भनिएता पनि प्रभावकारी तरिकाले कार्यान्वयन नभएको हुँदा प्रभावकारी तरिकाले कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## ५. प्रदेश तथा स्थानीय तहको भूमिकामा प्रभावकारिता अभिवृद्धि

- देशभित्र मनोरञ्जन स्थलहरू डान्सबार, होटल रेष्टुरेन्ट, स्पाजस्ता ठाउँहरूमा हुने अवाञ्छित गतिविधिहरू कम गर्नको लागि स्थानीय तहलाई त्यस्ता व्यवसायहरू सञ्चालनको अनुमति दिने (डान्सबार, होटल, रेस्टुरेन्ट, स्पा आदि) र नियमनको अधिकार प्रदान गरेको खण्डमा नियमन गर्न सजिलो हुने देखिन्छ।
- डान्सबार, होटल, रेस्टुरेन्ट, स्पा आदि स्थानमा कार्यरत श्रमिकहरूलाई श्रम ऐन र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण ऐनको दायरामा ल्याइनुपर्ने देखिन्छ।
- स्थानीय तहमा पालिका तथा वडास्तरमा निगरानी समूह गठन गरी स्थानीयस्तरमा रोकथाम कार्यमा सक्रीयता देखाउनुपर्छ ।
- प्रायःजसो स्थानीय तहहरूले मानव बेचबिखन नियन्त्रण गर्नको लागि विभिन्न संघसंस्थाहरूसँग सहकार्य गर्ने गरेको तर स्थानीय तहहरूले यसतर्फ कुनै दीर्घकालीन नीति कार्यक्रम नबनाएको र बजेटसमेत नछुट्याएको हुँदा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले प्रदेश र स्थानीय तहका महिला शाखासँग सहकार्य गर्दै बजेटमा समेत साझेदारी गर्दै कार्यक्रमहरू बनाई एकीकृत रूपमा सञ्चालन गर्दा बढी प्रभावकारी हुनसक्छ।

## ६. सचेतना, गोप्य सूचना र प्रविधिको प्रयोग

- सीमाना र अन्य जोखिमयुक्त स्थानहरूमा सामान बेचबिखन हुन नदिनको लागि राज्यबाट गुप्तचर निकायलाई सक्रीय बनाए जस्तै मानव बेचबिखन नियन्त्रणको लागि पनि सोही प्रकारको गुप्तचर निकाय बनाई सीमावर्ती तथा आवश्यक जोखिम स्थानमा खटाउन सकेको खण्डमा यो समस्या कम गर्न सकिन्छ।
- राज्यले मानव बेचबिखन सम्बन्धी सूचना दिने व्यक्तिलाई गोप्य रूपमा पुरस्कार दिने व्यवस्था गर्नुपर्छ।
- मानव बेचबिखन नियन्त्रणको लागि सरकारी र निजीस्तरले सहकार्य गर्दै मिडियामार्फत व्यापक जनचेतना अभिवृद्धि गरिनुपर्छ।

## ७. प्रशासनिक सुधार

- नेपालमा नक्कली कागजात बनाई ढाँटछल गर्ने प्रवृत्ति र कार्यमाथि कडाइका साथ निगरानी र कारवाही हुनुपर्छ।
- विदेश भ्रमणको लागि राहदानी बनाई भिजिट भिषामा जान खोज्नेहरूका लागि आर्थिक अवस्था मूल्यांकन गरेर मात्र विदेश जान पाउने प्रणाली विकास गर्नुपर्ने देखिन्छ।

## ८. विदेशी अभियुक्तको सुपुर्दगी र कानूनी दायरामा ल्याउने संयन्त्र

- विदेशमा रहेका अभियुक्तहरूलाई नेपालमा सुपुर्दगी हुने सजिलो, प्रभावकारी र कानूनी रूपमा सशक्त बनाइनुपर्ने देखिन्छ।
- विदेशमा लुकिछिपी बसेका अभियुक्तहरूको पहिचानको लागि सूचना साझेदारी र अनुसन्धान

संयन्त्र विकास गर्नुपर्छ। साथै, विदेशमा लुकिछिपी बसेका अभियुक्तहरूलाई नेपाल ल्याउने प्रक्रिया अगाडि बढाउनु पर्ने देखिन्छ।

## ९. डिजिटल माध्यममा हुने अपराध नियन्त्रण

- सामाजिक सञ्जाल (फेसबुक , ट्विटर, व्हाट्सएप, इन्स्टाग्राम, आईएमओ आदि) प्रयोग गरी भइरहेको अपराध नियन्त्रणका लागि सेवा प्रदायकदेशहरूसँग Mutual Legal Assistance Treaty (MLAT) गर्न आवश्यक छ। मानव बेचबविखनका दृष्टिले साइवर कानूनमा परिमार्जन गरि प्रहरी अनुसन्धानको दायरालाई बढाउन जरूरी छ।
- डिजिटल प्रमाण (Log Files) आदि सहज रूपमा प्राप्त गर्न अन्तरदेशीय कानूनी संयन्त्र विकास गरिनुपर्छ ।

## १०. अन्य सुझावहरू

- नेपालमा धेरैजसो अवाञ्छित गतिविधिहरू निजीस्तरबाट सञ्चालित र नाफासँग जोडिएको देखिन्छ जुन गतिविधिलाई सरकारले नियन्त्रण गर्न सकेको छैन। तसर्थ सरकारले निजीस्तरबाट सञ्चालित यस्ता गतिविधिलाई नियन्त्रण गर्न सकेको खण्डमा मानव बेचबिखन तथा ओसारपसारजस्ता कार्यलाई कम गर्न सकिन्छ। यसका लागि निजी क्षेत्रसँग सहयोग र सहकार्य गरी विकृति हटाउन सो क्षेत्रको विश्वास आर्जन गर्न आवश्यक छ।
- पहिले जिल्लामा सञ्चालनमा रहेको महिला तथा बालबालिका कार्यालयहरू खारेज हुँदा जिल्लामा रहेका कानून कार्यान्वयनका निकायसँग महिला सम्बन्धी समस्यालाई समन्वय गरि समाधान गर्न समस्या देखिएको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यो अभावलाई पूर्ति हुने गरी प्रदेश सरकारसँग समन्वय गर्न वा वैकल्पिक व्यवस्था मिलाउन जरूरी देखिन्छ।

# सन्दर्भ सामग्री


- काठमाण्डौ स्कूल अफ ल र अमेरिकन बार एसोसियसन रुल अफ ल एनिसियटिभ,नेपाल (२०६९), ***मानव बेचबिखन र ओसारपसारको अपराध मानव बेचबिखन तथा ओसारपसारः कानूनशास्त्रीय दृष्टिकोण तथा अनुसन्धान।***
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (२०८०), ***वार्षिक प्रगति प्रतिवेदन***, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौँ, २०८०।
- राष्ट्रिय योजना आयोग (२०७६), ***पन्ध्रौं योजना आर्थिक वर्ष २०७६/७७-२०८०/८१***, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौँ।
- राष्ट्रिय योजना आयोग (२०८१), ***सोह्रौं योजना आर्थिक वर्ष २०८१/८२-२०८५/८६***, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौँ।
- राष्ट्रिय मानव अधिकार आयोग (२०७९), ***मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन***, राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर, नेपाल।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन (२०६४), नेपाल सरकार।
- राष्ट्रिय न्यायिक प्रतिष्ठान (२०६८), मानव बेचबिखन तथा ओसारपसार मुद्दाको अभियोजन तथा अदालती कारवाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका, हरिहरभवन, ललितपुर, माघ, २०६८।
- नेपाल सरकार (२०७२), ***नेपालको संविधान, २०७२***।

## अनुसूची १: प्रश्नावली

### समूह (अ) पुन:स्थापना केन्द्र/संरक्षण गृहमा आश्रित पीडित/प्रभावित लक्षित प्रश्नावली

तपाईंले जानकारी गराउनु हुने सूचना तपाईंको सहमति बेगर तपाईंलाई व्यक्तिगत रूपमा असर गर्ने गरी कुनै पनि प्रयोजनार्थ प्रयोग गरिने छैन ।

के तपाईं यो स्थलगत सर्वेक्षणमा सहभागी भएर मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी प्रभावकारिता अध्ययनको बारेमा केही जानकारी उपलब्ध गराउन सहयोग गर्नुहुन्छ ?

(क) गर्दछु [ ]　　　　(ख) गर्दिन [ ]

अन्तर्वार्ताको समयमा यहाँको आफ्नो मनमा लागेका केही कुराहरू छन् भने मलाई सोध्न सक्नुहुनेछ ।

जानकारी लिने व्यक्तिको नामः　　　　परिचयपत्र नंः.

**प्रश्नावली क्रम सङ्ख्याः**

| |
|---|
| मितिः २०८१/ / |
| अन्तर्वार्ता सुरु हुँदाको समयः　　　　अन्तर्वार्ता समाप्त हुँदाको समयः |
| प्रदेशः.........................जिल्लाः ............................... स्थानीय तहः .................................<br>वडाः ................. गाउँ/टोल........................................ |

### १. व्यक्तिगत विवरण

१.१ नाम (ऐच्छिक):............................................................ संकेत न.:..............................
.

१.२ उमेर ........... वर्ष

१.३ लिङ्गः (क) पुरुष [ ]　(ख) महिला [ ]　(ग) लैङ्गिक तथा यौनिक अल्पसंख्यक [ ]

१.४ जात/जातिः

(क) दलित [ ]　(ख) आदिवासी/जनजाति [ ]　(ग) मधेशी [ ]

(घ) खस/आर्य [ ]　(ङ) अन्य [ ]

१.५ शैक्षिकस्तर

(क) सामान्य लेखपढ [ ]　(ख) आधारभूत [ ]　(ग) माध्यमिक [ ]

(घ) स्नातक [ ]　(ङ) स्नातकोत्तर वा माथि [ ]　(च) निरक्षर [ ]

१.६ वैवाहिक स्थितिः

(क) विवाहित [ ] (ख) अविवाहित [ ] (ग) भिन्न बसेको [ ]

(घ) पारपाचुके [ ] (ङ) एकल [ ]

१.७ विवाह भएकोमा विवाह हुँदाको उमेरः ........ वर्ष

## २. पारिवारिक विवरण

२.१ घरको ठेगानाः

प्रदेश..................... जिल्ला ......................... स्थानीय तह ................. वडा नं .............
गाउँ/टोल .................................... थाहा छैन [ ]

२.२ परिवारको किसिम (क) एकल [ ] (ख) संयुक्त [ ]

२.३ परिवारमा को को हुनुहुन्छ ?

| अविवाहित महिला भएमा | | | | विवाहित महिला भएमा | | | |
|---|---|---|---|---|---|---|---|
| **नाता** | **भएको** | **नभएको** | **जना** | **नाता** | **भएको** | **नभएको** | **जना** |
| आमा | | | | पति/पत्नी | | | |
| बाबु | | | | छोरी | | | |
| सौतेनी आमा | | | | छोरा | | | |
| सौतेनी बाबु | | | | सासु | | | |
| दिदी/बहिनी | | | | ससुरा | | | |
| दाजु/भाई | | | | सौतेली सासु | | | |
| हजुरआमा | | | | सौतेली ससुरा | | | |
| हजुरबुबा | | | | जेठाजु/देवर | | | |
| ठूलोबुबा/काका | | | | जेठानी/देउरानी | | | |
| ठूलीआमा/काकी | | | | आमाजु/नन्द | | | |
| **जम्मा** | | | | **जम्मा** | | | |

२.४ तपाईंको घरपरिवारमा बालबालिका (१८ वर्षभन्दा कम उमेरका) कति जना छन् ?

(क) १ जना [ ] (ख) २ जना [ ] (ग) ३ जना [ ] (घ) ४ जना [ ]

(ङ) ५ जना [ ] (च) ५ जना [ ] (छ) ५ जनाभन्दा बढी [ ] (ज) कुनै पनि छैन [ ]

२.५ तपाईंको परिवारको आर्थिक स्थिति कस्तो छ ?

(क) ३ महिनासम्म खान पुग्ने [ ] (ख) ६ महिनासम्म खान पुग्ने [ ]

(ग) ९ महिनासम्म खान पुग्ने [ ] (घ) वर्षैभरी खान पुग्ने [ ]

२.६ तपाईंको परिवारमा आपसी मेलमिलाप/सम्बन्ध कस्तो थियो ?

(क) निकै राम्रो [ ] (ख) राम्रो [ ] (ग) ठीकै [ ] (घ) नराम्रो [ ] (ङ) अत्यन्त नराम्रो [ ]

२.७ के तपाईंको परिवारमा मादक पदार्थका कारण झै-झगडा हुन्थ्यो ?

(क) हो [ ] (ख) होइन [ ]

२.८ कुनै सदस्य गम्भीर रोगबाट पीडित हुनुहुन्छ ?

(क) छ [ ] (ख) छैन [ ]

२.९ यदि हुनुहुन्छ भने उनीसँग तपाईंको नाता .....................................................

## ३. परिवारको सेवा सुविधामा पहुँच

३.१ तपाईंको घरमा निम्न अनुसारको सुविधा छ वा छैन ?

| सुविधा | छ | छैन |
|---|---|---|
| पिउने पानीको धारा | | |
| बिजुली बत्ती | | |
| खाना पकाउने ग्यास | | |
| रेडियो | | |
| टेलिभिजन | | |
| मोबाइल फोन | | |
| इन्टरनेट | | |

३.२ यदि तपाईं मोबाइल प्रयोग गर्नुहुन्छ भने दिनमा कति घण्टा चलाउनुहुन्छ ?

(क) १ घन्टासम्म [ ] (ख) १-२ घन्टा [ ]

(ग) ३-४ घन्टा [ ] घ) ५ घन्टा वा बढी [ ]

३.३ तपाईंको घरबाट निम्न अनुसारको स्थानमा पुग्न कति समय लाग्छ ?

| स्थान | लाग्ने समय | | | |
|---|---|---|---|---|
| | ३० मिनेटभन्दा कम | ३०-६० मिनेट | १-२ घण्टा | २ घण्टाभन्दा बढी |
| नजिकको विद्यालय | | | | |
| नजिकको स्वास्थ्य संस्था | | | | |
| नजिकको प्रहरी निकाय | | | | |
| जिल्ला सदरमुकाम | | | | |

## ४. घटना सम्बन्धी विवरण (ऐच्छिक)

४.१ के तपाईं आफ्नो विगतकाबारे हामीलाई केही बताउन तयार हुनुहुन्छ ?

(क) छु [ ] (ख) छैन [ ]

४.२ यदि तयार हुनुहुन्छ भने, तपाईं घरबाट टाढा हुँदा कति उमेरको हुनुहुन्थ्यो ? ................ वर्ष

४.३ तपाईंलाई घरबाट टाढा पुऱ्याउने सिलसिलामा पहिलो सम्पर्क आएर फकाउने वा झुक्याउने व्यक्ति को थियो ?

(क) नजिकको नातेदार [ ] (ख) छिमेकी [ ] (ग) चिनजानको मानिस [ ]

(घ) साथी/दौंतरी [ ] (ङ) नचिनेको मानिस [ ]

४.४ यसरी फकाउने वा झुक्याउने दलालले तपाईंलाई कुन माध्यम अपनाई सम्पर्क गरेको थियो ?

(क) प्रत्यक्ष भेटघाट [ ] (ख) मोबाइल सम्पर्क [ ]

(ग) फेसबुक/सोसल मिडिया [ ] (घ) चिठीपत्र [ ]

४.५ निज फकाउने वा झुक्याउने दलालको लिङ्ग ?

(क) पुरुष [ ] (ख) महिला [ ] (ग) लैङ्गिक तथा यौनिक अल्पसंख्यक [ ]

४.६ निज दलालले के के बहाना बनायो ?

| बहाना | हो | होइन |
|---|---|---|
| प्रेम गर्ने | | |
| विवाह गर्ने | | |
| राम्रो काम/रोजगारी दिने | | |

| | | |
|---|---|---|
| शिक्षा/अध्ययन गराउने | | |
| पर्यटन/भ्रमण गराउने | | |
| विदेशमा रहेको आफ्नै परिवारसँग भेटघाट गराउने | | |

४.७ निज दलालले तपाईंलाई घरपरिवारबाट फुत्काउन अरु के के हरकत गर्‍यो ?

| हरकत | हो | होइन |
|---|---|---|
| अभिभावकलाई रकम दिने लिने | | |
| करकापमा पार्ने | | |
| डरत्रास देखाउने | | |
| शक्तिको धाक देखाउने | | |
| बेहोस बनाउने औषधी खुवाउने | | |

४.८ तपाईंले घर छोडेपछि कुन कुन गन्तव्यमा पुर्‍यायो क्रमैसँग बताउनुहुन्छ कि ?

(क) नेपालभित्र [ ] स्थानको नाम ..........................................................................

(ख) भारत [ ] स्थानको नाम ..........................................................................

(ग) चीन [ ] स्थानको नाम ..........................................................................

(घ) तेश्रो मुलुक [ ] स्थानको नाम ..........................................................................

४.९ के कस्तो यातायातको साधनमा यात्रा गर्नुपरेको थियो ?

| यातायातको साधन | हो | होइन |
|---|---|---|
| पैदलयात्रा | | |
| बस | | |
| रिक्सा | | |
| टेम्पो | | |
| टाँगा | | |
| रेल | | |
| हवाईजहाज | | |
| पानी जहाज | | |

४.१० नेपाल-भारत वा नेपाल-चीन सीमा नाकाको बाटो गरि लगिएको थियो भने सो नाकाको नाम ? ............................. थाहा भएन [ ]

४.११ हवाईमार्ग वा बन्दरगाह भएर लगिएको थियो भने कुन सहर/ठाउँको ?

.......................................................

४.१२ गन्तव्यमा पुगेपछि के-के काम गर्नु परेको थियो ?

| गर्नु परेको काम | हो | होइन |
|---|---|---|
| घरेलु काम | | |
| केयर टेकर | | |
| रेष्टुराँ वा खाजा घरमा कूक/वेटर | | |
| डान्सबारमा नाच्ने गाउने | | |
| मसाज पार्लरको काम | | |
| व्यूटीपार्लरको काम | | |
| रिसेप्सन | | |
| हाउस किपिङ्ग | | |
| गार्डेनिङ्ग | | |
| क्यासियर | | |
| आई टि सम्बन्धी काम | | |

४.१२ माथि भनिएको कामको सिलसिलामा तपाईंले के कस्तो शोषण र दुर्व्यवहार/यातना भोग्नुपरेको थियो ?

| शोषणको प्रकार | हो | होइन |
|---|---|---|
| यौन शोषण | | |
| श्रम शोषण | | |
| मानव अङ्ग झिक्ने | | |
| कागजी विवाह | | |
| दुर्व्यवहार/यातनाको प्रकार | | |
| शारीरिक | | |

| | | |
|---|---|---|
| मानसिक | | |
| सामाजिक | | |
| आर्थिक | | |
| यौनजन्य | | |

४.१२ तपाईंले कति अवधिसम्म त्यस्तो शोषण, दुर्व्यवहार/यातना सहनु परेको थियो ?

(क) ३ महिनाभन्दा कम [ ]
(ख) ३ देखि ६ महिनासम्म [ ]
(ग) ६ महिनादेखि १ वर्षसम्म [ ]
(घ) १ देखि ३ वर्षसम्म [ ]
(ङ) ३ वर्षदेखि ५ बर्षसम्म [ ]
(च) ५ वर्षभन्दा बढी [ ]

४.१३ शोषणको स्थितिमा रहँदा तपाईंले कस्तो अनुभूति गर्नुभयो ?

| अनुभूति | हो | होइन |
|---|---|---|
| शारीरिक कष्ट | | |
| मानसिक तनाव | | |
| शारीरिक अस्वस्थता | | |
| यौन सङक्रमणको भय | | |
| खाना र निद्रा गडबडी | | |
| सामाजिक लाञ्छना | | |
| आत्महत्याको सोच | | |

४.१४ तपाईंले को-कोबाट शोषण र यातना भोग्नुपरेको थियो ?

| अनुभूति | हो | होइन |
|---|---|---|
| सँगै लिएर जाने दलालबाट | | |
| घरको मालिकबाट | | |
| कोठीको मालिकबाट | | |
| रोजगारदाताबाट | | |
| ग्राहकबाट | | |

| | | |
|---|---|---|
| सँगै काम गर्ने कामदारहरूबाट | | |
| सुरक्षाकर्मीबाट | | |

## ५. पहिचान र उद्धार

५.१ तपाईंको शोषणको स्थितिबारे सूचना दिने पहिलो को थियो ?

(क) आफू स्वयं [ ] (ख) परिवारको सदस्य [ ] (ग) आफन्त [ ]

(घ) साथीभाइ [ ] (ङ) गन्तव्य स्थानको सुरक्षाकर्मी [ ] (च) गैरसरकारी संस्था [ ]

५.२ तपाईंको उद्धार कार्यमा को को संलग्न थिए ?

| उद्धारमा संलग्नता | हो | होइन |
|---|---|---|
| सुरक्षाकर्मी | | |
| सामाजिक कार्यकर्ता | | |
| स्वास्थ्यकर्मी | | |
| अधिकारकर्मी | | |
| कुटनीतिक नियोगका प्रतिनिधि | | |
| गैरसरकारी संस्थाको प्रतिनिधि | | |
| परिवारको सदस्य | | |

५.३ शोषणको स्थितिबाट उद्धार गरिएपछि तपाईंलाई कहाँ पुऱ्यायो ?

(क) संरक्षण गृह [ ] (ख) स्वास्थ्य संस्था [ ]

(ग) प्रहरी निकाय [ ] (घ) आफ्नै घर [ ]

५.४ उद्धारपश्चात् घर/स्वदेश फिर्ती हुन तपाईंले कति अवधि पर्खनुपर्‍यो ?

(क) ३ महिनाभन्दा कम [ ] (ख) ३ महिनादेखि ६ महिनासम्म [ ]

(ग) ६ महिनादेखि १ वर्षसम्म [ ] (घ) १ वर्षभन्दा बढी [ ]

५.५ उद्धारपश्चात् संरक्षणमा रहने क्रममा तपाईंलाई कसैबाट शोषण र दुर्व्यवहार भयो ?

(क) हो [ ] (ख) होइन [ ]

५.६ यदि भएको हो भने कोबाट भएको थियो ?

............................................................................................ भन्न चाहन्न [ ]

५.७ उद्धार कार्यमा सबैभन्दा बढी कसको भूमिका महत्त्वपूर्ण रह्यो ?

(क) गैरसरकारी संस्था [ ] (ख) कुटनीतिक नियोग [ ] (ग) सुरक्षाकर्मी [ ]

(घ) अधिकारकर्मी [ ] (ङ) पत्रकार [ ]

५.८ उद्धार सम्बन्धी हालको प्रक्रियाबारे तपाईंलाई कस्तो लाग्छ ?

(क) राम्रो [ ] (ख) ठीकै [ ] (ग) धेरै ढिलासुस्ती [ ] (घ) अति झन्झटिलो [ ]

## ६. घर/स्वदेश फिर्ती

६.१ उद्धारपश्चात् घर/स्वदेश फर्किनका लागि तपाईंसँग पासपोर्टलगायत यात्रा अनुमतिपत्र साथमा थियो वा थिएन ?

(क) थियो [ ] (ख) थिएन [ ]

६.२ यदि थिएन भने बनाउन कसले सहयोग गर्‍यो ?

(क) परिवार [ ] (ख) गैरसरकारी संस्था [ ]

(ग) सरकारी अधिकारी [ ] (घ) कुटनीतिक नियोग [ ]

६.३ उद्धारपश्चात् घर/स्वदेश फर्किनका लागि तपाईंलाई चाहिने यात्रा खर्च कसले दियो ?

(क) नेपाल सरकार [ ] (ख) गन्तव्य मुलुकको सरकार [ ] (ग) रोजगारदाता [ ]

(घ) परिवार [ ] (ङ) गैरसरकारी संस्था (च) अन्य दाता

६.४ स्वदेश फिर्तीको क्रममा बाटोमा के तपाईंले कुनै शोषण र दुर्व्यवहारको सामना गर्नुपर्‍यो ?

(क) हो [ ] (ख) होइन [ ]

६.५ यदि हो भने कोबाट भएको थियो ?

........................................................................................ भन्न चाहन्न [ ]

६.६ तपाईं कुन मार्ग प्रयोग गरी घर/स्वदेश फिर्ती हुनुभयो ?

(क) स्थल मार्ग [ ] (ख) हवाई मार्ग [ ]

६.७ घर/स्वदेश फिर्तीको क्रममा तपाईंले केही दिनका लागि कहाँ संरक्षण/आश्रय लिनुभयो ?

(क) हाल बसिरहेकै संस्था [ ] (ख) प्रहरी निकाय [ ] (ग) अन्य संरक्षण गृह [ ]

## ७ पुन:स्थापना/पुन:एकीकरण सहयोग

७.१ हाल तपाईं रहनुभएको पुनःस्थापना केन्द्र/संरक्षण गृहमा कति अवधि बिताउनुभएको छ ?

(क) ३ महिनाभन्दा कम [ ] (ख) ३ महिनादेखि ६ महिनासम्म [ ]

(ग) ६ महिनादेखि १ वर्षसम्म [ ] (घ) १ वर्षदेखि ३ वर्षसम्म [ ]

(ङ) ३ वर्षदेखि ५ वर्षसम्म [ ] (च) ५ वर्षदेखि १० वर्षसम्म [ ]

(छ) १० वर्षभन्दा बढी [ ]

७.२ हाल तपाईं रहनुभएको पुनःस्थापना केन्द्र/संरक्षण गृहबाट देहाएका सेवा सुविधा पाउनुभएको छ वा छैन? यदि पाउनुभएको छ भने सो सेवा प्रति तपाईं कति सन्तुष्ट हुनुहुन्छ ?

| पुन:स्थापना सेवा/ सुविधा | प्राप्त भएको | प्राप्त नभएको | प्राप्त भएकोमा सन्तुष्टिको मात्रा | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ज्यादै राम्रो | राम्रो | ठीकै | न्यून | ज्यादै न्यून |
| आवासीय हेरचाह | | | | | | | |
| खाना, खाजा | | | | | | | |
| लुगा कपडा | | | | | | | |
| सरसफाई | | | | | | | |
| आकस्मिक सेवा | | | | | | | |
| औषधोपचार | | | | | | | |
| मनोविमर्श | | | | | | | |
| कानूनी सहायता | | | | | | | |
| व्यक्तिगत सुरक्षा | | | | | | | |
| गोपनीयता | | | | | | | |
| शिक्षा, साक्षरता सचेतना | | | | | | | |
| सीप व्यवसाय तालिम | | | | | | | |
| बीऊ पूँजी | | | | | | | |

७.३ के तपाईंको साथमा आश्रित बालबालिका पनि छन् ?

(क) छ [ ] (ख) छैन [ ]

७.४ यदि छ भने छोराको संख्या ................ छोरीको संख्या .........................................।

७.५ पुनःस्थापना केन्द्र/संरक्षण गृहका व्यवस्थापक लगायत कर्मचारीहरूको व्यवहार कस्तो पाउनुभएको छ ?

(क) अत्यन्त राम्रो [ ] (ख) राम्रो [ ] (ग) ठीकै (घ) असंवेदनशील [ ] (घ) थाहा छैन [ ]

७.६ पुनःस्थापना केन्द्र/संरक्षण गृहको आवास कोठा, भान्साघर, शौचालय, खुला स्थान लगायतका भौतिक संरचना र सुरक्षा प्रबन्धबारे तपाईंको धारणा ?

(क) अत्यन्त राम्रो [ ] (ख) राम्रो [ ] (ग) ठीकै [ ] (घ) अपर्याप्त [ ] (घ) ज्यादै न्यून [ ]

७.८ के तपाईं आफ्नो परिवारमा पुनर्मिलनको चाहनामा हुनुहुन्छ ?

(क) छु [ ] (ख) छैन [ ]

७.९ यदि हुनुहुन्छ भने पुनःस्थापना केन्द्र/संरक्षण गृहले के कस्तो प्रयास गरिरहेको छ ?

(क) पारिवारिक भेटघाट र परामर्श [ ]

(ख) पारिवारिक पुनर्मिलन सम्बन्धी योजना निर्माण [ ]

(ग) वित्तीय सहायता कार्यक्रम [ ]

७.१० यदि तपाईं पारिवारिक पुनर्मिलनभन्दा सामाजिक पुन:एकीकरणको चाहनामा हुनुहुन्छ भने पुनःस्थापना केन्द्र/संरक्षण गृहले के कस्तो प्रयास गरिरहेको छ ?

(क) पुनः एकीकरण योजना निर्माण [ ] (ख) समुदाय सचेतना [ ]

(ग) आयआर्जन टेवा [ ] (घ) निजी क्षेत्रसँग सम्पर्क र भेटघाट [ ]

